# मध्यमकालीन खर्च संरचना

**(आ.व. २०८२/८३ - २०८४/८५)**

## Medium-Term Expenditure Framework

(Fiscal Year 2025/26 – 2027/28)

**गौमुल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**

२०८२

**मनतव्य**

नेपालको संविधानले प्रत्याभूत गरेको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहलाई विकास, समृद्धि र सेवा प्रवाहको जिम्मेवारी सुम्पिएको सन्दर्भमा गौमुल गाउँपालिका पनि आफ्नो कर्तव्यप्रति प्रतिबद्ध रहदै जनमुखी विकास निर्माणका कार्यहरुमा तल्लीन छ। गाउँपालिकाको दिगो विकास, समावेशी समृद्धि, सेवा प्रवाहको गुणस्तरीकरण र वित्तीय पारदर्शितालाई सुनिश्चित गर्न प्रस्तुत गरेका योजनाहरू सुदृढ आधारमा अघि बढाइएका छन्।

गाउँपालिकाको दोस्रो आवधिक योजना र दिगो विकास लक्ष्य (Sustainable Development Goals) लाई मार्गदर्शक मानेर आगामी तीन वर्षका लागि तयार गरिएको यो मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework) गाउँपालिकाको नीति, योजना र बजेटबीचको समन्वय गर्ने एक महत्वपूर्ण दस्तावेज हो। यसले प्राथमिकताका आधारमा स्रोतको वैज्ञानिक अनुमान, प्रभावकारी बजेट विनियोजन, र लक्षित नतिजामुखी खर्च व्यवस्थापनको सुनिश्चितता गर्दछ।

विकट भौगोलिक अवस्था, पहुँचको अभाव, विपद् जोखिम, जलवायु परिवर्तन र सीमित स्रोत जस्ता चुनौतीबीच पनि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, रोजगारी, पर्यटन, सूचना प्रविधि, तथा सुशासन लगायतका क्षेत्रमा स्पष्ट लक्ष्य, उद्देश्य र रणनीति तय गरेको छ। स्थानीय आवश्यकता, स्रोत परिचालन क्षमता, सहभागिता, र समावेशी विकासलाई प्राथमिक मापदण्ड मानेर यो मध्यमकालीन खर्च संरचना तयार गरिएको हुँदा यसको कडाइका साथ पालन गर्दै खर्च प्रणालीलाई व्यवस्थित गर्न सकिएको खण्डमा गाउँपालिका समृद्धिको मार्गमा अगाडि बढ्न सकिने छ। यसका लागि हामी सबैको प्रतिवद्धता सहितको प्रयास जारी रहने छ।

यस दस्तावेजको तर्जुमा प्रक्रियामा जनप्रतिनिधि, कर्मचारी, वडास्तरका सरोकारवाला, विषयगत समिति, नागरिक समाज, तथा योजना तर्जुमा समितिको महत्त्वपूर्ण भूमिका रहेको छ। सबैको सुझाव, सहभागिता र सहकार्यले गर्दा यो संरचना व्यवहारिक, पारदर्शी र कार्यान्वयन योग्य बनेको छ। यो योजना नतिजामुखी विकासको सुनिश्चितता गर्न एउटा सामूहिक प्रतिबद्धताको अभिव्यक्ति हो।

गाउँपालिकाको समग्र सेवा प्रवाहमा सुधार ल्याउँदै, हामी दीर्घकालीन सोच, रणनीतिक कार्यदिशा, र स्रोतको उत्तरदायी उपयोगमार्फत समृद्धि र सुशासनका लक्ष्य हासिल गर्ने दिगो यात्रामा दृढ छौं।

यो मध्यमकालीन खर्च संरचना २०८२/०८३–२०८४/०८५ तयारीमा आ–आफ्नो तर्फबाट योगदान पुऱ्याउनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु। गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु सहित कार्यपालिका सदस्यज्यूहरु, कर्मचारी वर्ग तथा प्राविधिकरुपमा सहयोग गर्ने परामर्शदाता रायमाझी रिसर्च एण्ड कन्सल्टिङ्ग प्रा.लि. काठमाडौं लगायत सबैमा हार्दिक धन्यवाद् ज्ञापन गर्न चाहन्छु।

हरि बहादुर रोकाया

अध्यक्ष

**मनतव्य**

नेपालको संविधान र विद्यमान कानुनी व्यवस्थाअनुसार स्थानीय तहहरूले सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउन र बजेट खर्च अनुशासन कायम राख्नका लागि मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework – MTEF) तयार गर्नु आवश्यक हुन्छ। यसै सन्दर्भमा गौमुल गाउँपालिकाले दोस्रो आवधिक योजनाको मार्गदर्शन, नेपालको सोह्रौँ योजना, दिगो विकास लक्ष्य (Sustainable Development Goals) तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को भावना अनुरूप आगामी तीन आर्थिक वर्षका लागि (आ.व. २०८२/८३ – २०८४/८५) को मध्यमकालीन खर्च संरचना तयार पारेको छ।
गौमुल गाउँपालिका भौगोलिक दृष्टिले दुर्गम, विकास सूचकांकमा पछाडि परेको तथा सीमित स्रोतसाधन भएको क्षेत्र हो। यस सन्दर्भमा वित्तीय स्रोतको वैज्ञानिक अनुमान, बजेट सीमा निर्धारण, प्राथमिकता निर्धारण र स्रोत विनियोजनका आधारमा विकासको स्पष्ट मार्गचित्र कोर्नु आजको आवश्यकता हो। यस संरचनाले योजना, बजेट र कार्यान्वयनबीचको सशक्त समन्वय कायम गर्न मद्धत पुऱ्याउनेछ।
प्रस्तुत खर्च संरचनामा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, रोजगारी, पर्यटन, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सूचना प्रविधि र सुशासनजस्ता विषयहरूलाई प्रमुख प्राथमिकता दिइएको छ। यी क्षेत्रहरूमा लक्ष्य, सूचक, त्रिवर्षीय बजेट प्रक्षेपण र अपेक्षित उपलब्धिहरू स्पष्ट गरिएको छ। यसले गाउँपालिकालाई रणनीतिक योजना, परिणाममुखी कार्यान्वयन र पारदर्शी खर्च प्रणाली विकास गर्न सघाउनेछ।
नेपाल सरकारले २०३० सम्म निर्धारण गरेको दिगो विकास लक्ष्य प्राप्त गर्न प्रत्येक स्थानीय तहको सक्रियता, प्रतिबद्धता र दीर्घकालीन सोच आवश्यक छ। गाउँपालिकाको यो खर्च संरचनाले त्यस दिशामा सकारात्मक टेवा पुऱ्याउने विश्वास लिएको छु। मध्यमकालीन खर्च संरचना तयारीमा निरन्तर संलग्न रही योगदान पुऱ्याउनु हुने प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, विषयगत समितिका सदस्यहरू, कर्मचारी, सरोकारवाला तथा नागरिक समाजप्रति धन्यवाद ज्ञापन गर्दछु।

सीता रोकाया (थापा)
उपाध्यक्ष

**मन्तव्य**

संविधानले स्थानीय तहलाई आर्थिक अधिकारसहित नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनको स्पष्ट जिम्मेवारी दिएको छ। यस सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश तथा स्थानीय सरकारले सार्वजनिक खर्चको पारदर्शीता, उत्तरदायित्व तथा दीर्घकालीन प्रभावकारिता सुनिश्चित गर्न "मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework–MTEF)" अनिवार्य तयार गर्नु पर्ने व्यवस्था गरिएको छ। गाउँपालिकाको आवधिक योजना, विगत र आगामी ३ वर्षको आम्दानी तथा खर्च विश्लेषणको आधारमा मध्यमकालीन खर्च तयार गर्ने गरिन्छ। यसका लागि गौमुल गाउँपालिकाको दोस्रो आवधिक योजना २०८२/०८३–२०८६/०८७, दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं योजनाको आधार लिएर गौमुल गाउँपालिकाको मध्यमकालीन खर्च योजना २०८२/०८३–२०८४/०८५ तयार गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको सेवा प्रवाह, पूर्वाधार विस्तार, सामाजिक समावेशीकरण, वातावरणीय अनुकूलन, आर्थिक सशक्तीकरण र संस्थागत सुधारमा सन्तुलन कायम गर्न स्पष्ट मार्ग देखाउने विश्वास लिइएको छ। यस दस्तावेजमा सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, पूर्वाधार विकास, पर्यावरण तथा सुशासनका लागि प्राथमिकताहरू, रणनीतिहरू, बजेट सीमा निर्धारण, स्रोत प्रक्षेपण र अपेक्षित परिणामहरू स्पष्ट तथा धरातलीय यथार्थमा विश्लेषण गरिएको छ। यसले वार्षिक योजनाको तयारीमा मार्गनिर्देशन प्रदान गर्ने मात्र होइन, अनुगमन र मूल्याङ्कन प्रक्रियालाई पनि परिणाममुखी बनाउनेछ।

सिमित स्रोतको अधिकतम उपयोग, लागत–प्रभावकारिता तथा समावेशी विकासको सुनिश्चितता गर्नु हामी सबैको साझा उद्देश्य हो। त्यसैले, यस मध्यमकालीन खर्च संरचनाले नीति, योजना र बजेटबीचको सशक्त समन्वय गर्दै दीर्घकालीन सोचअनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउनेछ भन्ने आशा लिएको छु।

मध्यमकालीन खर्च संरचनाको पूर्णरुपमा कार्यान्वयन गर्नु पर्ने गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारी वर्गले भएको हुँदा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम, बजेट तयार गर्दा यहि दस्तावेजको आधारमा तयार गरिएको हुँदा बजेट सीमा भित्र रहेर कार्यक्रम कार्यान्वयन गरिने छ। यसका लागि सबै शाखा प्रमुखज्यूहरु, जनप्रतिनिधिज्यूहरुको समन्वय र सहकार्यमा तोकिएको कार्यक्रम र बजेटको परिधि भित्र रहेर वार्षिक योजनाहरु कार्यान्वयन हुनेछन्।

मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यमा अभिभावकीय भूमिका निभाउनु हुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरु सहित कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण शाखा प्रमुखज्यूहरु सहित कर्मचारी वर्गमा हार्दिक धन्यवाद् ज्ञापन गर्न चाहन्छु। प्राविधिकरुपमा हामीलाई सहयोग गर्ने परामर्शदाता रायमाझी रिसर्च एण्ड कन्सल्टिङ्ग प्रा.लि. काठमाडौं प्रति पनि आभारी छौं।

धन्यवाद्।

जगदिश प्रसाद भट्ट

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


परिच्छेद-१ परिचय ........ १

१.१ पृष्ठभूमिः ........ १

१.२ मध्यमकालीन खर्च संरचना तयारीको औचित्य ........ १

१.३ उद्देश्यहरु ........ २

१.४ मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था ........ २

परिच्छेद-२ मध्यमकालीन खर्च संरचना ........ ८

२.१ पृष्ठभूमि ........ ८

२.२ प्रमुख समस्या तथा चुनौतीहरु ........ ८

२.३ सोच, उद्देश्य तथा रणनीति ........ ९

२.४ मध्यमकालीन आर्थिक खाका ........ १०

२.५ मध्यमकालीन नतिजा खाका ........ ११

२.६ मध्यमकालीन बजेट खाका ........ १२

२.७ बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट ........ १४

२.७.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ........ १४

२.७.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १४

२.७.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १५

२.७.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १६

२.७.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १६

२.७.६ गौरवका आयोजना तथा कार्यक्रमको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १६

२.८ विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १७

परिच्छेद-३ आर्थिक क्षेत्र ........ १९

३.१ कृषि ........ १९

३.२ सिँचाई ........................................................................................................................... २१

३.३ पशुपन्छी........................................................................................................................ २३

३.४ उद्योग, व्यापार तथा व्यवसाय.......................................................................................... २५

३.५ पर्यटन तथा संस्कृति ........................................................................................................ २८

३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा ........................................................................ ३०

३.७ श्रम, रोजगारी तथा गरिबी निवारण.................................................................................. ३२

परिच्छेद–४ सामाजिक क्षेत्र............................................................................................................ ३४

४.१ जनस्वास्थ्य तथा पोषण .................................................................................................... ३४

४.२ शिक्षा, कला, भाषा तथा साहित्य....................................................................................... ३६

४.३ खानेपानी तथा सरसफाइ .................................................................................................. ३९

४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण.............................................................. ४१

४.५ युवा, खेलकुद तथा नवप्रवर्तन........................................................................................... ४३

४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण..................................................................................... ४५

परिच्छेद–५ पूर्वाधार क्षेत्र .............................................................................................................. ४७

५.१ भवन, आवास तथा बस्ती विकास ...................................................................................... ४७

५.२ सडक, पूल तथा यातायात.................................................................................................. ४९

५.३ जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा..................................................................................... ५१

५.४ सूचना तथा सञ्चार प्रविधि ............................................................................................... ५३

परिच्छेद—६ वन, वातावरण तथा विपद् व्यवस्थापन ......................................................................... ५५

६.१ वन, भूसंरक्षण तथा जैविक विविधता.................................................................................. ५५

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन............................................................................... ५७

६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ................................................. ५८

परिच्छेद–७ संस्थागत विकास तथा सुशासन....................................................................................... ६१

७.१ नीति, कानून न्याय तथा सुशासन........................................................................ ६१

७.२ संगठनात्मक तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह........................................ ६२

७.३ राजश्व तथा स्रोत परिचालन .............................................................................. ६४

७.४ तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन ............................................................ ६६

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमिः

संघीय शासन प्रणालीमा विकास र सेवा प्रवाह सुनिश्चित गर्न स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । नेपाल सरकारको सोह्रौं आवधिक योजना, दिगो विकास लक्ष्य (Sustainable Development Goals) का लागि तयार गरिएको राष्ट्रिय मार्गचित्र, तथा गौमुल गाउँपालिकाको दोस्रो आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न सार्वजनिक वित्त व्यवस्थापनले केन्द्रीय भूमिका निर्वाह गर्छ । योजनाका ती लक्ष्य तथा उद्देश्यहरूलाई व्यवहारमा उतार्न वार्षिक बजेट र विकास कार्यक्रमहरू व्यवस्थित ढंगले तयारी गर्नु आवश्यक हुन्छ । आवधिक योजना र वार्षिक कार्यक्रमहरूबीच समन्वय कायम गर्ने, प्रगतिको प्रतिफल मापन गर्ने र आर्थिक अनुशासन सुनिश्चित गर्ने कार्यमा सार्वजनिक खर्च व्यवस्थापन प्रमुख साधनका रूपमा स्थापित छ । यिनै प्रयोजनका लागि मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF) एक प्रभावकारी औजारका रूपमा प्रयोग गरिन्छ, जसले नीतिगत प्राथमिकताहरूलाई बजेटीय व्यवस्थासँग जोड्न सहयोग पुऱ्याउँछ ।

नेपालमा आ.व. २०५९/६० देखि अबलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपूर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपने व्यवस्था अनिवार्य गरेको छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा, खर्च संरचनामा समावेश गरिने योजना, कार्यक्रम तथा परियोजनाहरूको उद्देश्य, आगामी वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल र उपलब्धिहरू समेत समेटिन्छन् । यसरी तयार गरिएको खर्च संरचनाले स्थानीय सरकारले परिचालन गर्न सक्ने स्रोत-साधनहरूको वैज्ञानिक मूल्याङ्कन गर्दै, ती साधनहरूलाई आवधिक योजनामा प्राथमिकतामा परेका क्षेत्रहरूमा मध्यम अवधिका लागि सीमाङ्कन तयार गरी प्रयोग गर्न सहयोग पुऱ्याउँछ । यसले स्रोत-साधनको प्रभावकारी र परिणाममुखी उपयोगमा महत्त्वपूर्ण योगदान दिन्छ ।

## १.२ मध्यमकालीन खर्च संरचना तयारीको औचित्य

गौमुल गाउँपालिकाको दिगो विकास सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF) एक महत्वपूर्ण उपकरणका रूपमा काम गर्ने भएकोले यसमा गाउँपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य (SDGs) र राष्ट्रिय प्राथमिकताहरूलाई आधार मानी आगामी तीन वर्षका लागि स्रोतसाधनको वैज्ञानिक पूर्वानुमानसहित खर्च संरचना तयार गरिनु यसको मुख्य औचित्य हो । यसले गाउँपालिकालाई अल्पकालीन वार्षिक बजेटभन्दा बाहिर गएर दीर्घकालीन दृष्टिकोणबाट रणनीतिक कार्यक्रमहरू पहिचान गर्न सहयोग पुऱ्याउँछ ।

मध्यमकालीन खर्च संरचनाले सीमित स्थानीय स्रोतहरूको प्रभावकारी उपयोग गर्न, प्राथमिकता प्राप्त कार्यक्रमहरूलाई निरन्तरता दिन तथा विकास लक्ष्य प्राप्तिका लागि स्पष्ट दिशा निर्धारण गर्छ । शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि र वातावरण संरक्षणका क्षेत्रहरूमा रणनीतिक लगानी आवश्यक पर्ने सन्दर्भमा यसले प्राथमिकताको स्पष्टता ल्याउँछ । साथै, पूँजीगत र सञ्चालन खर्चबीचको

सन्तुलन कायम राख्दै आवश्यक पूर्वाधार तथा सेवामा लगानी गर्ने आधार तयार हुन्छ । गाउँपालिकाको वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसले खर्च योजनालाई लक्षित उपलब्धिहरूसँग बाँध्ने भएकाले प्रत्येक परियोजनाको अपेक्षित परिणाम, प्रगति सूचक र बजेट अनुदान स्पष्ट हुन्छ । यसै आधारमा वडास्तरका योजना तथा जनसहभागितामूलक प्रस्तावहरूको वित्तीय मूल्याङ्कन र छनोट समेत व्यवस्थित रूपमा गर्न सकिन्छ, जसले योजना कार्यान्वयनलाई उत्तरदायी बनाउँछ ।

मध्यमकालीन खर्च संरचना गाउँपालिकाको सेवा प्रवाहमा दीगो सुधार ल्याउने, योजना अनुगमनलाई व्यवस्थित गर्ने र समन्वयलाई बलियो बनाउने आधारशिला हो । संघ र प्रदेश सरकारसँगका वित्तीय अन्तरसम्बन्ध, विकास साझेदारसँगको सहकार्य, तथा नवप्रविधिको प्रयोग गर्दै स्थानीय शासनलाई प्रभावकारी बनाउने दिशामा यस संरचनाले ठोस भूमिका खेल्दछ । गाउँपालिकाले आफ्ना स्रोतसाधनलाई दीर्घकालीन लक्ष्यमुखी ढंगले परिचालन गर्न यसलाई एउटा विवेचित र आवश्यक वित्तीय योजना उपकरणका रूपमा स्वीकार गर्नुपर्छ ।

## १.३ उद्देश्यहरु

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा मध्यमकालीन खर्च संरचनाले उपलब्ध साधन-स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत समष्टिगत आर्थिक खाका, बजेट खाका र नतिजा खाका तयार गरिन्छ । यो हरेक वर्ष संशोधन तथा पुनरावलोकन हुने र तीन वर्षको हुने चक्रिय योजना हो ।

**मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन्ः**

(क) सार्वजनिक वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्वका लागि स्थानीय सरकारको मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको यथार्थपरक अनुमानका आधारमा समष्टिगत आर्थिक खाका तथा बजेट खाका तर्जुमा गर्नु

(ख) विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत-साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेटको बाँडफाँट गर्नु

(ग) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित नतिजा सुनिश्चित गर्नु

(घ) सम्बन्धित शाखा तथा वडाहरूको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउनु

## १.४ मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटवीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ ।

### १.४.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको गठित समितिले गर्नेछ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको संरचना यस प्रकार रहेको छ ।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | -संयोजक |
| (ख) | उपाध्यक्ष | -सदस्य |
| (ग) | कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको चार जना | -सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

यस मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुन्छ :

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निधारण गर्ने

### १.४.२ मध्यमकालीन खर्च संरचना प्राविधिक समिति/कार्यदल

मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल गरिएको थियो । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, परिमार्जनका साथै शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्नुका साथै शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गरेको छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू -सदस्य

(ग) योजना शाखा प्रमुख -सदस्य सचिव

विषयगत रूपमा एकीकृत वजेट तयारीका लागि कार्यदलले देहायवमोजिमका कार्यहरु सम्पन्न गरेको छ।

(क) विषयगत समितिहरूसँग आवश्यक समन्वय

(ख) मध्यकालीन खर्च संरचना सम्वन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग) मध्यमकालीन खच संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने

(घ) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आँकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन लचं संरचनासम्बन्धी अन्य कार्यहरू

### १.४.३ बजेट तथा कार्यक्रम तर्जुमा समिति

कार्यदलले विभिन्न शाखाहरुबाट सङ्कलन गरेका कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपणसहित तयार विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा गरेको छ। बजेट तथा कार्यक्रम तर्जुमा समिति यस प्रकार रहेको छ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्यहरू | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) योजना शाखा प्रमुख | -सदस्य सचिव |

मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तय गरिएका थिए :

(क) खर्चको माग र स्रोतको विश्लेषण गरी विषय क्षेत्रगत खर्चको माग र स्रोतको विवरण तयार गर्ने,

(ख) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने;

(ग) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोत आधार लिई खर्च तथा स्रोत अनुमान सहितको मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(घ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा तोकिएको ढाँचामा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(ङ) विषय क्षेत्रगत सन्तुलन तथा प्राथमिकता कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण गर्ने; र

(च) मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने।

**१.५ मध्यमकालीन खर्च संरचनाका आधारहरु**

नेपालको संविधानको धारा ५६ र ५७ अनुसार स्थानीय तहलाई योजना बनाउने, बजेट निर्माण गर्ने, तथा कार्यान्वयन गर्ने अधिकार सुनिश्चित गरिएको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ ले गाउँपालिकालाई आ-आफ्नो अधिकार क्षेत्रभित्र वार्षिक, मध्यमकालीन र दीर्घकालीन योजना बनाउने व्यवस्था गरेको छ। मध्यमकालीन खर्च संरचना बनाउँदा अघिल्ला वर्षको खर्चको विश्लेषण, चालू कार्यक्रमको अवस्था र आगामी ३ वर्षको स्रोत आवश्यकता मूल्याङ्कन गर्नुपर्दछ। यसले स्रोत र लक्ष्यबीचको सन्तुलन कायम राख्दै विकासको प्राथमिकता निर्धारण गर्न सघाउँछ।

त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहलाई अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्न कानुनी व्यवस्था गरेको छ। उक्त ऐनको दफा ७ अनुसार तीन वर्षसम्मको संभावित राजस्व, खर्च, योजना, उपलब्धि र वित्तीय सूचकहरूको समावेशसहित खर्च संरचना तयार गरिनुपर्दछ। यसका साथै स्थानीय तहको योजना तर्जुमा निर्देशिका, २०७८

ले स्रोत अनुमान, बजेट सीमांकन, योजना छनोट र विनियोजन प्रक्रियालाई संस्थागत र पारदर्शी बनाउन मार्गनिर्देशन दिएको छ । यी सबै आधारहरूले गाउँपालिकाको वित्तीय अनुशासन, दीगो योजना कार्यान्वयन र समावेशी विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउँछन्।

### १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

यो मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework–MTEF) को तर्जुमा प्रक्रिया योजनाबद्ध, समन्वयात्मक र विश्लेषणात्मक ढंगले सम्पन्न गरिएको छ । यस प्रक्रियामा चालु आवधिक योजनाले तय गरेका विकास लक्ष्यहरू, रणनीतिहरू, तथा प्राथमिक क्षेत्रहरूलाई आधार मानेर आगामी तीन वर्षका लागि व्यवहारिक र लक्षित खर्च योजना तयार गरिएको छ। स्रोत अनुमान, बजेट सीमांकन, कार्यान्वयन क्षमता, र विभागीय समन्वयका आधारमा सबै योजना तथा परियोजनाहरूको प्राथमिकता निर्धारण गरिएको थियो । यसले बजेटको प्रभावकारी प्रयोग, पारदर्शिता र दीगो विकासलाई सघाउँनेछ ।

मध्यमकालीन खर्च संरचना प्रक्रिया तयारीको चरणवद्ध खाका यस प्रकार रहेको छ :




### १.६.१ चालु आवधिक योजनाले तय गरेका कार्यक्रमहरुको समीक्षा

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा चालु आवधिक योजनाले निर्धारण गरेका कार्यक्रमहरूको प्रगतिको समीक्षा गर्नु अत्यन्त आवश्यक हुने भएकोले यो दस्तावेज तयार गर्दा आवधिक योजनाको समीक्षा अन्तर्गत प्रत्येक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति, प्राप्त उपलब्धि, कार्यान्वयनको अवस्था, समस्याहरू र सिकाइ बुँदाहरूको विश्लेषण गरिएको थियो । अघिल्लो वर्षको खर्च स्तर, कार्यक्रम कार्यान्वयनको गति र जनअपेक्षासँगको सम्बन्ध मूल्याङ्कन गरिएको थियो । यसका अतिरिक्त यस पहिलो आर्थिक वर्षका लागि स्थानीय तहले सात चरणको योजना सङ्कलन प्रक्रियाबाट ल्याएका योजनाहरुको पनि विश्लेषण गरिएको थियो ।

### १.६.२ त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन

गाउँपालिकाको आन्तरिक राजस्व, संघीय र प्रादेशिक अनुदान, वैदेशिक सहायता, साझेदार सहयोग लगायतका स्रोतहरूको यथार्थ अनुमान गरिएको थियो। यसका अतिरिक्त त्रिवर्षिय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन गरिएको थियो। विगत वर्षहरूको राजस्व संकलन प्रवृत्ति, चालु स्रोत परिचालनको अवस्था, सम्भावित वृद्धिदर, तथा कानुनी परिधिमा रहने अनुमानसहित स्रोतको वर्गीकरण गरियो। यसले आगामी तीन आर्थिक वर्षमा योजनाबद्धरूपमा खर्च व्यवस्थापन गर्न टेवा पुऱ्याउनेछ।

### १.६.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट

वडास्तर, शाखा तथा क्षेत्रगत प्राथमिकताका आधारमा बजेट सीमा निर्धारण गरिएको थियो। स्रोत अनुमानको सापेक्षमा हरेक क्षेत्रको आवश्यकतालाई प्राथमिकताको आधारमा बजेट सीमा तोकियो। यसक्रममा चालु र पूँजीगत खर्चबीचको सन्तुलन, दिगो विकास लक्ष्यसँगको समन्वय, र संस्थागत कार्यक्षमताको मूल्याङ्कनसमेत गरिएको थियो।

### १.६.४ क्षेत्रगत प्राथमिकता निर्धारण

शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, वातावरण र विपद् व्यवस्थापनजस्ता क्षेत्रहरूलाई प्राथमिकता दिएर क्षेत्रगत प्राथमिकता निर्धारण गरिएको थियो। जनसंख्या, पहुँच, जोखिम अवस्था, भौगोलिक चुनौती र विकास आवश्यकता मूल्याङ्कन गरी प्राथमिक क्षेत्रहरूमा छलफल गरिएको थियो। नीति तथा योजना अनुरूप क्षेत्रगत प्राथमिकता सूचीकृत गरिएको थियो। योजनाहरुको प्राथमिकता निर्धारण गर्दा जुन योजनाहरुले धेरै जनसंख्यामा फाइदा पुऱ्याउने देखिन्छ त्यसलाई पहिलो प्राथमिकतामा राखिएको छ।

### १.६.५ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी तीन आर्थिक वर्षको लागि कुल स्रोत र खर्चको अनुमान तथा विषयगत र उपविषयगत बजेट सीमा तय गरेको थियो। उक्त बजेट सीमा तथा तर्जुमा मार्गदर्शन कार्यपालिकाबाट औपचारिक रूपमा स्वीकृत गरियो। मार्गदर्शनमा चालु आवधिक योजनाका लक्ष्यहरू, मध्यमकालीन खर्च संरचनाको प्राथमिकता, र वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य–उपलब्धिको सन्दर्भलाई सुस्पष्ट रूपमा समेटिएको थियो। बजेट तर्जुमा प्रक्रियामा पालना गर्नुपर्ने नीति, प्राथमिकता र कार्यान्वयन रणनीतिहरू समेत सोही मार्गदर्शनमा उल्लेख गरियो।

### १.६.६ प्रारम्भिक मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा प्रारम्भिक मस्यौदा तयारी चरण विशेष रूपमा महत्वपूर्ण छ, किनभने यही चरणले आगामी तीन वर्षका योजना र कार्यक्रमको प्रारम्भिक स्वरूप निर्धारण गर्दछ। यस चरणमा, पहिले स्वीकृत मार्गदर्शन, बजेट सीमा, आवधिक योजना तथा नीति दस्तावेजहरूको आधारमा प्राथमिकता प्राप्त क्षेत्रको छनोट गरिन्छ। त्यसपछि विभिन्न वडाहरू, विषयगत शाखा, समिति र सरोकारवालाबाट प्राप्त योजना प्रस्तावहरूको समायोजन गरिन्छ। प्रारम्भिक मस्यौदा तयारीको उद्देश्य संभावित योजना तथा कार्यक्रमहरूलाई स्रोत, जिम्मेवारी, समयसीमा र अपेक्षित उपलब्धिसहित प्रारम्भिक बजेट ढाँचामा प्रस्तुत गर्नु हो। यस चरणमा योजना र बजेटबीच सन्तुलन मिलाउने, नीति तथा दिगो विकास लक्ष्यसँग समन्वय गर्ने, र स्थानीय आवश्यकताअनुसार व्यवहारिक प्रस्ताव तयार पार्ने कार्य हुन्छ। त्यसैले यो मस्यौदा विषयगत छलफल तथा सुझावका लागि आधार बनाउने दस्तावेजको रूपमा कार्य गर्छ, जसले मध्यमकालीन खर्च संरचनालाई रणनीतिक, उद्देश्यपरक र कार्यान्वयन योग्य बनाउँछ।

### १.६.७ विषयगत समितिहरुसँग छलफल

प्रारम्भिक मस्यौदा तयार भएपछि सम्बन्धित विषयगत समितिहरूसँग परामर्श र छलफल गरिन्छ, जसको आधारमा कार्यक्रमहरूको यथार्थता, प्राथमिकता, स्रोतको सुनिश्चितता, र कार्यान्वयन क्षमताको मूल्यांकन गरिन्छ । ती छलफलहरूबाट प्राप्त सुझाव र समिक्षालाई समावेश गरी अन्तिम मस्यौदा तयार गरिन्छ । यसले सुनिश्चित गर्छ कि मध्यमकालीन खर्च संरचना वस्तुनिष्ठ, समावेशी, नीति अनुकूल र व्यवहारिक रूपमा तयार होस् । तसर्थ, विषयगत समितिसँग छलफल अन्तिम मस्यौदा तयारीको एक अनिवार्य र औपचारिक चरण हो ।

### १.६.८ अन्तिम मस्यौदा तयारी

प्रारम्भिक मस्यौदा तयार गरेपछि सम्बन्धित विषयगत समितिहरूसँग गहन छलफल तथा परामर्श गरिएको थियो । यसमा विषयगत समितिले दिएका सल्लाह सुझावहरुको आधारमा आवश्यक संशोधन, परिमार्जन र समायोजन गरी अन्तिम मस्यौदा तयार गरिएको थियो । यस प्रक्रियामा नीति निर्देशन, बजेट सीमा, र आवधिक योजनाका प्राथमिकता क्षेत्रलाई ध्यानमा राखी कार्यक्रम तथा परियोजनाहरूको स्पष्ट विवरण, लागत अनुमान, कार्यान्वयन समयसीमा, जिम्मेवार निकाय, स्रोतको सुनिश्चितता, अपेक्षित परिणाम र निगरानी व्यवस्था समेटिएको थियो । विषयगत समितिबाट प्राप्त सुझावहरूले मस्यौदालाई अझ यथार्थपरक, उत्तरदायी, समावेशी र व्यवहारिक बनाउँछ । यसरी तयार गरिएको अन्तिम मस्यौदा नै मध्यमकालीन खर्च संरचनाको विधिवत दस्तावेजको रूपमा कार्यपालिका वा सम्बन्धित निकायमा पेश गरिएको थियो, जसले नीति, योजना र बजेट कार्यान्वयनबीचको समन्वय सुनिश्चित गर्दछ।

### १.६.९ मध्यमकालीन खर्च संरचना स्वीकृत

विषयगत समितिहरूसँगको छलफल, सुझावको समावेश, र आवश्यक संशोधन पश्चात् तयार भएको अन्तिम मस्यौदालाई कार्यपालिकाले नीति, रणनीति, प्राथमिकता, स्रोत उपलब्धता तथा स्थानीय आवश्यकता अनुसार मूल्यांकन गरी मध्यमकालीन खर्च संरचना (२०८२/०८३–२०८४/०८५) लाई औपचारिक रूपमा स्वीकृति प्रदान गरियो । स्वीकृत खर्च संरचनाले आगामी तीन वर्षका कार्यक्रम र बजेटको स्पष्ट दिशा निर्धारण गरेको छ, जसले आवधिक योजना र वार्षिक बजेटबीच समन्वय कायम गर्न मद्दत गर्नेछ । यस प्रक्रियाले सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र नीतिनिर्देशनअनुसार सञ्चालन गर्ने सुनिश्चितता प्रदान गर्छ ।

## परिच्छेद-२ मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेको संघीय शासन प्रणाली अन्तर्गत जनताको जीवनस्तरसँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहमा नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र सेवा प्रवाहको जिम्मेवारी सुम्पिएको छ । संविधानको भावना अनुरूप स्थानीय सरकारद्वारा सन्तुलित, समावेशी र दिगो विकास सुनिश्चित गर्न आवधिक योजनासँग आवद्ध हुने मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework–MTEF) को अत्यन्त महत्व छ । यसै परिप्रेक्ष्यमा गौमुल गाउँपालिकाले दोस्रो आवधिक योजना (२०८२/८३ – २०८६/८७) तयार गरेको छ ।

उक्त आवधिक योजनाका रणनीति र प्राथमिकतालाई कार्यान्वयनमा रूपान्तरण गर्न तथा तीन वर्षे कार्ययोजनालाई वित्तीय संरचना दिन मध्यमकालीन खर्च संरचना (२०८२/८३ – २०८४/८५) तयार गरिएको हो । यस संरचनाले संघीय र प्रादेशिक सरकारको नीति, सोह्रौं योजना, दिगो विकास लक्ष्यहरू (SDGs), तथा स्थानीय आवश्यकता र सन्दर्भलाई एकीकृत गर्दै चार रणनीतिक स्तम्भहरु (१) पूर्वाधार तथा सेवा पहुँच, (२) कृषि, पर्यटन तथा रोजगारी, (३) शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, र (४) सुशासन र संस्थागत सुदृढीकरण लाई खर्च प्राथमिकताको आधार मानेको छ ।

यस मध्यमकालीन खर्च संरचना अन्तर्गत स्रोत अनुमान, बजेट सीमा निर्धारण, विषयगत प्राथमिकता, कार्यक्षमता मूल्यांकन, र अनुगमन/मूल्याङ्कन प्रणाली समावेश गरिएको छ । आन्तरिक स्रोतहरू, संघ/प्रदेश अनुदान, साझेदार सहयोग, र सार्वजनिक–निजी साझेदारी (PPP) मार्फत जुटाइने सम्भावित स्रोतको प्रक्षेपण गरिएको छ । साथै, प्राथमिक योजना छनोटका लागि सामाजिक न्याय, क्षेत्रीय सन्तुलन, समावेशीता, कार्यान्वयन सम्भाव्यता र लागत–प्रभाव विश्लेषणलाई मुख्य मापदण्ड बनाइएको छ ।

यो खर्च संरचना वास्तविक स्रोत उपयोग, उत्तरदायित्व, पारदर्शिता र नतिजामुखी बजेट प्रणालीलाई संस्थागत गर्दै आवधिक योजनालाई जीवन्त कार्यान्वयन रूप दिन बनाइएको महत्वपूर्ण नीति–दस्तावेज हो । यसले गौमुल गाउँपालिकाको विकास यात्रालाई नाप्न मिल्ने सूचकसहित दीगो समृद्धिको मार्गचित्र कोरेको छ ।

### २.२ प्रमुख समस्या तथा चुनौतीहरु

गौमुल गाउँपालिका भौगोलिक रूपमा विकट, उच्च हिमाली तथा पहाडी क्षेत्रभित्र पर्दछ। यहाँको मुख्य समस्या यातायात, स्वास्थ्य सेवा, शिक्षा, खानेपानी तथा कृषिमा सीमित पहुँच हुनु हो । सडक सञ्जालको मौसमी उपलब्धता, पक्की पुल तथा झोलुङ्गे पुलहरूको अभावमा दुर्गम बस्तीहरू यातायातको सहज पहुँच भन्दा टाढा छन् । स्वास्थ्य संस्थाहरूको पूर्वाधार कमजोर छन् भने चिकित्सक तथा औषधिको अभावले सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । शिक्षामा विद्यार्थी दर घट्ने, विद्यालय भौतिक संरचनाको अपर्याप्त र गुणस्तरीय सिकाइ वातावरणको सहज व्यवस्थापन केहि विद्यालयहरुमा मात्र छ। सुरक्षित पिउनेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी पहुँच सीमित छ । कृषिमा परम्परागत प्रविधि र जोखिमपूर्ण वातावरणले उत्पादन वृद्धि हुन सकेको छैन । प्राकृतिक विपद्, पहिरो र बाढीको जोखिम बढ्दो छ । वातावरणीय समस्या, वनजंगल अतिक्रमण र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न जरुरीछ । रोजगारीको अवसरहरुको अभावमा स्थानीय युवाहरुलाई स्वरोजगारमा जोड्न सकिएको छैन ।

गौमुल गाउँपालिकाको दिगो विकासका लागि केही गम्भीर चुनौतीहरू छन् । विकट भौगोलिक अवस्थाका कारण आधारभूत पूर्वाधार विस्तार र सेवा प्रवाहमा कठिनाइ छ । यातायात, स्वास्थ्य र शिक्षाको पहुँच वृद्धि गर्दै गुणस्तरीय सेवा सुनिश्चित गर्नु मुख्य

चुनौतीपूर्ण छ। जलवायु परिवर्तन र प्राकृतिक विपद्का जोखिम व्यवस्थापन गर्दै वातावरणीय संरक्षण गर्नु अर्को चुनौती हो। कृषिमा व्यवसायिकता, उत्पादन वृद्धि र सहज बजारीकरणको प्रणाली विकास मार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्नु आवश्यक छ। युवा रोजगारी सिर्जना तथा वैदेशिक पलायन रोक्न आर्थिक अवसर विस्तार गर्नु पर्ने देखिन्छ। संस्थागत संरचना सुदृढ गर्दै पारदर्शी, जवाफदेही र प्रभावकारी सुशासन प्रवर्द्धन गर्नु महत्वपूर्ण चुनौती हो। आन्तरिक स्रोत वृद्धि र वित्तीय व्यवस्थापन सुधार गरी आत्मनिर्भरता हासिल गर्नु, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय क्षमता अभिवृद्धि गर्नु समेत दीर्घकालीन चुनौतीहरू हुन्।

## २.३ सोच, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोच**

**गौमुल गाउँपालिकाको सुशासन, दिगो विकास र समृद्धि**

**उद्देश्यहरू**

| **उद्देश्य नं.** | **उद्देश्यहरू** |
|---|---|
| उद्देश्य १ | समावेशी र आत्मनिर्भर आर्थिक विकासको प्रवर्द्धन गर्नु |
| उद्देश्य २ | समावेशी सामाजिक विकास र मानव पूँजी सुदृढीकरण गर्नु |
| उद्देश्य ३ | वातावरणमैत्री, दिगो र समावेशी पूर्वाधार विकास सुनिश्चित गर्नु |
| उद्देश्य ४ | वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा आधारित विकास प्रवर्द्धन गर्नु |
| उद्देश्य ५ | सक्षम संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्नु |

**रणनीति १: समावेशी र आत्मनिर्भर आर्थिक विकास प्रवर्द्धन गरिनेछ।**

**कार्यनीति १.१:** कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादनशीलता वृद्धि गरिनेछ।
**कार्यनीति १.२:** सिँचाइ पूर्वाधारको विस्तार र सुधार गरिनेछ।
**कार्यनीति १.३:** पर्यटन, संस्कृति तथा सम्पदाको प्रवर्द्धन तथा बजारीकरण गरिनेछ।
**कार्यनीति १.४:** साना तथा मझौला उद्योग र व्यापार व्यवसायको स्थापना तथा विस्तार गरिनेछ।
**कार्यनीति १.५:** श्रम, रोजगारी र सामाजिक सुरक्षालाई प्रवर्द्धन गरिनेछ।
**कार्यनीति १.६:** सहकारी संस्थाहरू सुदृढ गरि आर्थिक विकासमा सक्रिय बनाइनेछ।

**रणनीति २: मानव पूँजी विकास र सामाजिक समावेशीकरणमा आधारित सामाजिक विकास प्रवर्द्धन गरिनेछ।**

**कार्यनीति २.१:** स्वास्थ्य तथा पोषण सेवा पहुँच र गुणस्तर सुधार गरिनेछ।
**कार्यनीति २.२:** शिक्षा, विज्ञान तथा नवप्रवर्तन प्रणालीमा पहुँच र गुणस्तर वृद्धि गरिनेछ।
**कार्यनीति २.३:** खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गरिनेछ।
**कार्यनीति २.४:** महिला, बालबालिका तथा लक्षित वर्गका लागि समावेशी कार्यक्रमहरू सञ्चालित गरिनेछ।
**कार्यनीति २.५:** युवा क्षमता विकास तथा खेलकुद प्रवर्द्धन गरिनेछ।

**रणनीति ३: दिगो र पहुँचयुक्त भौतिक पूर्वाधार विकास गरिनेछ।**

**कार्यनीति ३.१:** एकीकृत बस्ती विकास, आवास तथा सार्वजनिक भवन निर्माण गरिनेछ।

**कार्यनीति ३.२:** सडक, पुल तथा यातायात पूर्वाधार सुदृढ तथा विस्तार गरिनेछ।

**कार्यनीति ३.३:** जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गरिनेछ।

**कार्यनीति ३.४:** सूचना, सञ्चार तथा प्रविधि पूर्वाधारको सुदृढीकरण गरिनेछ।

**रणनीति ४: वातावरणीय संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा आधारित विकास प्रवर्द्धन गरिनेछ।**

**कार्यनीति ४.१:** वन संरक्षण र जैविक विविधताको प्रवर्द्धन गरिनेछ।

**कार्यनीति ४.२:** भू–संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यनीति ४.३:** वातावरणीय सुधार तथा फोहरमैला व्यवस्थापन प्रणाली विकास गरिनेछ।

**कार्यनीति ४.४:** जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू बनाइनेछन्।

**रणनीति ५: प्रभावकारी सुशासन र संस्थागत विकास प्रवर्द्धन गरिनेछ।**

**कार्यनीति ५.१:** स्थानीय नीति, ऐन र कार्यविधिहरू अद्यावधिक तथा कार्यान्वयन गरिनेछ।

**कार्यनीति ५.२:** संगठनात्मक संरचना सुदृढीकरण र मानव संसाधन विकास गरिनेछ।

**कार्यनीति ५.३:** स्रोत परिचालन तथा वित्तीय पारदर्शिता प्रवर्द्धन गरिनेछ।

**कार्यनीति ५.४:** योजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरिनेछ।

## २.४ मध्यमकालीन आर्थिक खाका

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०८०/८१ सम्मको वास्तविक उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८८५ |
| **१** | **कुल वार्षिक उत्पादन** | **रु. लाखमा** | **६०८६** | **८०४८** | **७३४२** | **८२३३** | **९४३३** |
| १.१ | *कृषि क्षेत्र* | रु. लाखमा | ६०७७ | ८०३४ | ७३१९ | ८१९९ | ९३८२ |
| १.२ | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | रु. लाखमा | ९ | १४ | २४ | ३४ | ५१ |
| २ | औषत पारिवारिक वार्षिक आय | रु. लाखमा | ३५४१०८ | ४६८१८२ | ४२६४८६ | ४७७७६८ | ५४६७३७ |
| ३ | उद्योग, व्यापार र व्यवसाय | सङ्ख्या | २ | ३ | ५ | ७ | १० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | सङ्ख्या | ० | ० | ३ | ३ | ३ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४० | ४० | ४५ | ५२ | ६० |

## २.५ मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.२०८१/०८२ को उपलब्धी | चालु आ.व. २०८१/०८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| १ | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ४० | ४० | ४५ | ५२ | ६० |
| २ | १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ५३० | ८०० | ५९० | ६२० | ८०० |
| ३ | पशुपालनमा संलग्न कृषक | संख्या | ४० | ४२ | ६० | ७५ | ९० |
| ४ | पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ० | ० | २ | ५ | ७ |
| ५ | सहकारीमा आवद्ध रोजगारमा संलग्न व्यक्ति | संख्या | ५ | ७ | १५ | २० | २५ |
| ६ | रोजगारी सिर्जना (१०० दिनको रोजगारी) | जना | ५० | ७५ | १५० | २५० | ३०० |
| ७ | बच्चालाई ६ महिना सम्म स्तनपान गराउने महिला | प्रतिशत | ७ | ६३ | ७५ | ८५ | ९९ |
| ८ | वृद्धि अनुगमन ०-२३ महिनाका बालबालिको औषत भेट | प्रतिशत | १७ | १७ | २५ | ३० | ३५ |
| ९ | कक्षा १ मा बाल विकासको अनुभव सहित भर्ना हुने विद्यार्थी | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |
| १० | गणितको सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | ० | ० | ० | ० | ० |
| ११ | सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १२ | सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका महिला | सङ्ख्या | ० | ० | ५ | १० | १५ |
| १३ | वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ५ | ७ | १० | १५ | २० |
| १४ | अनलाइन मार्फत सामाजिक सुरक्षाको पहुँच भएका | प्रतिशत | ० | ० | ० | ० | ० |
| १५ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ० | ० | १ | ५ | २० |
| १६ | नियमित यातायात सञ्चालन हुने रुट | संख्या | १ | २ | ६ | ६ | ६ |
| १७ | ३० मिनेटको अवधिमा सडक पहुँच भएका घरपरिवार | प्रतिशत | ० | २० | ३० | ४० | ४५ |
| १८ | स्वच्छ उर्जामा पहुँच भएका जनसंख्या | प्रतिशत | ० | ० | ५ | ७ | १० |

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.२०८१/०८२ को उपलब्धी | चालु आ.व. २०८१/०८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| १९ | सुधारिएको चूल्होको प्रयोग गर्ने जनसंख्या | संख्या | ० | ८०० | १००० | ११०० | १२०० |
| २० | सामुदायिक वन | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३३ |
| २१ | पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती/टोल | संख्या | ६ | ८ | १० | २० | ५० |
| २२ | विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | ० | ० | ० | ० | ० |

## २.६ मध्यमकालीन बजेट खाका

| क्र.सं. | विवरण | गत आ.व.२०८०/०८१ को यथार्थ | चालु आ.व. २०८१/०८२ को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी पहिलो आ.व. २०८२/०८३ को अनुमान | आगामी दोस्रो आ.व.२०८३/०८४ को प्रक्षेपण | आगामी तेस्रो आ.व.२०८४/०८५ को प्रक्षेपण | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | | | | | | |
| | चालु | २५५९३९ | २०२८४० | २८१५६४ | २९९९०९ | ३१३८३२ | ८९५३०५ |
| | पुँजीगत | १०९६८८ | ८६९३१ | १२०६७० | १२८५३२ | १३४४९९ | ३८३७०२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | **कुल** | **३६५६२७** | **२८९७७१** | **४०२२३४** | **४२८४४२** | **४४८३३१** | **१२७९००७** |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ३२३ | ५००० | १५५० | १६५९ | १७४१ | ४९५० |
| २.२ | राजश्व बाँडफाँडबाट प्राप्त आय | ५७८०६ | ४५१५२ | ९४४५७ | १०१०६९ | १०६१२२ | ३०१६४८ |
| | बाँडफाँड भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | ३९६९५ | ३११८९ | ९२२०० | ९८६५४ | १०३५८७ | २९४४४१ |
| | बाँडफाँड भइ प्राप्त हुने अन्त शुल्क | १८१११ | १३९६३ | २२५७ | २४१५ | २५३६ | ७२०८ |
| २.३ | रोयल्टी बाँडफाँडबाट प्राप्त | २४ | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **राजश्व** | | | | | | |
| | वन रोयल्टी | २४ | ० | ० | ० | ० | ० |
| | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | पर्वताहरोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० |
| २.४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **२३३४२१** | **२००८७३** | **२६५०००** | **२८३५५०** | **२९७७२८** | **८४६२७८** |
| | वित्तीय समानीकरण अनुदान | ६८९१३ | ६१०९४ | ८६३०० | ९२३४१ | ९६९५८ | २७५५९९ |
| | सशर्त अनुदान | १४६२५२ | १३९७७९ | १४७८०० | १५८१४६ | १६६०५३ | ४७१९९९ |
| | समपूरक अनुदान | १८२५६ | ० | २२८०० | २४३९६ | २५६१६ | ७२८१२ |
| | विशेष अनुदान | ० | ० | ८१०० | ८६६७ | ९१०० | २५८६७ |
| २.५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **१६००१** | **२१११०** | **२५०००** | **२६७५०** | **२८०८८** | **७९८३८** |
| | वित्तीय समानीकरण अनुदान | ५७६६ | ६१२० | ७१०५ | ७६०२ | ७९८२ | २२६९० |
| | सशर्त अनुदान | १५४३ | ८२१३ | ३००० | ३२१० | ३३७१ | ९५८१ |
| | समपूरक अनुदान | ५२०२ | २१८५ | १५००० | १६०५० | १६८५३ | ४७९०३ |
| | विशेष अनुदान | ७७१२ | २५०० | ४००० | ४२८० | ४४९४ | १२७७४ |
| २.६ | **अन्य अनुदान** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| २.७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | **०** | **०** | **०** | **०** | **०** | ० |
| २.८ | **जनसहभागीता** | **०** | **०** | **०** | **०** | **०** | ० |
| २.९ | **आन्तरिक ऋण** | **०** | **०** | **०** | **०** | **०** | ० |
| २.१० | **मौज्दात रकम** | **१६६५७** | **१६९९९** | **१५५५०** | **१४६९०** | **१३८९२** | ४४१३२ |
| | **कुल** | ३२४२३३ | २८९१३४ | ४०१५५७ | ४२७७१७ | ४४७५७१ | १२७६८४५ |

## २.७ बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट

### २.७.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | आयोजनाको संख्या | आ.व.२०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | रणनीतिक स्तम्भ १ | १८ | ३२०८८ | ८ | ३४३३५ | ८ | ३६०५१ | ८ |
| २ | रणनीतिक स्तम्भ २ | ७ | १२८७२० | ३२ | १३७७३० | ३२ | १४४६१८ | ३२ |
| ३ | रणनीतिक स्तम्भ ३ | ४ | ६४६८४ | १६ | ६९२१२ | १६ | ७२६७२ | १६ |
| ४ | रणनीतिक स्तम्भ ४ | ३ | ४००० | १ | ४२८० | १ | ४४९४ | १ |
| ५ | रणनीतिक स्तम्भ ५ | ४ | १७२७४२ | ४३ | १८२८८५ | ४३ | १९०४९७ | ४२ |
| **कुल जम्मा** | | **३६** | **४०२२३४** | **१००** | **४२८४४२** | **१००** | **४४८३३२** | **१००** |

### २.७.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| क्र.सं. | प्राथमिकताक्रम | आयोजनाको संख्या | आ.व.२०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पहिलो (P1) | २० | ३२७०६० | ८१ | ३४९०३५ | ८१ | ३६५७०७ | ८२ |
| २ | दोस्रो (P2) | १६ | ७५१७४ | १९ | ७९४०७ | १९ | ८२६२५ | १८ |
| | **जम्मा** | **३६** | **४०२२३४** | **१००** | **४२८४४२** | **१००** | **४४८३३२** | **१००** |

## २.७.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**रकम रु. हजारमा**

| लक्ष्य नं. | दिगो विकास लक्ष्य | आयोजनाको संख्या | आ.व.२०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ५ | ११६०० | ३ | ११६७० | ३ | ११६०० | ३ |
| २ | शून्य भोकमरी | ४ | ५६५० | १ | ६७२५ | २ | ७६६९ | २ |
| ३ | स्वस्थ जीवन | २ | ९८२० | २ | १०५०७ | २ | ११०३३ | २ |
| ४ | गुणस्तरीय शिक्षा | १ | १०६००० | २६ | ११३४२० | २६ | ११९०९१ | २७ |
| ५ | लैगिंक समानता | ६ | १३७३८ | ३ | १४७०० | ३ | १५४३५ | ३ |
| ६ | स्वच्छ पानी र सरसफाइ | १ | ३३०० | १ | ३५३१ | १ | ३७०८ | १ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ९०८६ | २ | ९७२२ | २ | १०२०८ | २ |
| ८ | समाबेशी आर्थिक वृद्धि र मर्यादित काम | ३ | ७२०० | २ | ७७६७ | २ | ८२०१ | २ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २ | ३४०६८ | ८ | ३६४५३ | ९ | ३८२७५ | ९ |
| १० | असमानता न्यूनीकरण | ३ | ३५०० | १ | ३७४५ | १ | ३९३२ | १ |
| ११ | दीगो शहर र बस्ती | १ | २१५३० | ५ | २३०३७ | ५ | २४१८९ | ५ |
| १२ | दीगो उपभोग र उत्पादन | १ | २००० | ० | २१४० | ० | २२४७ | १ |
| १३ | जलवायु परिवर्तन अनुकूल | २ | २००० | ० | २१४० | ० | २२४७ | १ |
| १४ | समुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | १६५००० | ४१ | १७६५५० | ४१ | १८५३७८ | ४१ |
| १६ | शान्ति, न्याय र सबल संस्था | १ | ३०७० | १ | ३२८५ | १ | ३४४९ | १ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ४६७२ | १ | ३०५० | १ | १६७१ | ० |
| **कुल जम्मा** | | **३६** | **४०२२३४** | **१००** | **४२८४४२** | **१००** | **४४८३३२** | **१००** |

### २.७.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| सङ्केत नम्बर | लैगिंक सङ्केत | आयोजनाको संख्या | आ.व.२०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | १० | २४२२० | ६ | २५८८७ | ६ | २७१६३ | ६ |
| २ | सहयोगी | १९ | ३६१९४२ | ९० | ३८७३०७ | ९० | ४०६६९० | ९१ |
| ३ | तटस्थ | ७ | १६०७२ | ४ | १५२४८ | ४ | १४४७९ | ३ |
| **कुल जम्मा** | | ३६ | **४०२२३४** | **१००** | **४२८४४२** | **१००** | **४४८३३२** | **१००** |

### २.७.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| सङ्केत नम्बर | जलवायु सङ्केत | आयोजनाको संख्या | आ.व.२०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक | ५ | १०४०० | ३ | १११५६ | ३ | ११७३४ | ३ |
| २ | सान्दर्भिक | १७ | ३५९८४२ | ८९ | ३८५००३ | ९० | ४०४२३४ | ९० |
| ३ | तटस्थ | १४ | ३१९९२ | ८ | ३२२८३ | ८ | ३२३६५ | ७ |
| **कुल जम्मा** | | **३६** | **४०२२३४** | **१००** | **४२८४४२** | **१००** | **४४८३३२** | **१००** |

### २.७.६ गौरवका आयोजना तथा कार्यक्रमको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु नियमित सञ्चालन हुनेछन् । यस अन्तर्गत पालिका गौरबका योजना भनेर कुनै तोकिएको छैन ।

## २.८ विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| क्रसं. | विषय क्षेत्र/उपक्षेत्रहरु | आ.व. २०८२/०८३ को अनुमान | | | | आ.व. २०८३/०८४ को प्रक्षेपण | | | | आ.व. २०८४/०८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यव स्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यव स्था |
| १ | कृषि तथा खाद्य सुरक्षा | १२००० | ८४०० | ३६०० | ० | १२८४० | ८९८८ | ३८५२ | ० | १३४८२ | ९४३७ | ४०४५ | ० |
| २ | सिंचाइ | ५९०० | ४१३० | १७७० | ० | ६३१३ | ४४१९ | १८९४ | ० | ६६२९ | ४६४० | १९८९ | ० |
| ३ | पशुपन्छी | ४३५० | ३०४५ | १३०५ | ० | ४६५५ | ३२५९ | १३९७ | ० | ४८८७ | ३४२१ | १४६६ | ० |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | २२०० | १५४० | ६६० | ० | २३५४ | १६४८ | ७०६ | ० | २४७२ | १७३० | ७४२ | ० |
| ५ | पर्यटन तथा संस्कृति | ३५०० | २४५० | १०५० | ० | ३७४५ | २६२२ | ११२४ | ० | ३९३२ | २७५२ | ११८० | ० |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १९०० | १३३० | ५७० | ० | २०३३ | १४२३ | ६१० | ० | २१३५ | १४९५ | ६४१ | ० |
| ७ | श्रम,रोजगारी र गरिबी निवारण | २२३८ | १५६७ | ६७१ | ० | २३९५ | १६७७ | ७१९ | ० | २५१४ | १७६० | ७५४ | ० |
| ८ | जनस्वास्थ्य तथा पोषण | ९८२० | ६८७४ | २९४६ | ० | १०५०७ | ७३५५ | ३१५२ | ० | ११०३३ | ७७२३ | ३३१० | ० |
| ९ | शिक्षा, कला, भाषा तथा साहित्य | १०६००० | ७४२०० | ३१८०० | ० | ११३४२० | ७९३९४ | ३४०२६ | ० | ११९०९१ | ८३३६४ | ३५७२७ | ० |
| १० | खानेपानी तथा सरसफाई | ३३०० | २३१० | ९९० | ० | ३५३१ | २४७२ | १०५९ | ० | ३७०८ | २५९६ | १११२ | ० |
| ११ | महिला बालबालिका सामाजिक समाबेशीकरण | ३६०० | २५२० | १०८० | ० | ३८५२ | २६९६ | ११५६ | ० | ४०४५ | २८३१ | १२१३ | ० |
| १२ | युवा खेलकूद तथा नवप्रवर्तन | ३००० | २१०० | ९०० | ० | ३२१० | २२४७ | ९६३ | ० | ३३७१ | २३५९ | १०११ | ० |
| १३ | सामाजिक सुरक्षा र पञ्जिकरण | ३००० | २१०० | ९०० | ० | ३२१० | २२४७ | ९६३ | ० | ३३७१ | २३५९ | १०११ | ० |
| १४ | भवन, आवास तथा बस्ती विकास | २२५६८ | १५७९८ | ६७७० | ० | २४१४८ | १६९०३ | ७२४४ | ० | २५३५५ | १७७४९ | ७६०७ | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सडक, पूल तथा यातायात | २१५३० | १५०७१ | ६४५९ | ० | २३०३७ | १६१२६ | ६९११ | ० | २४१८९ | १६९३२ | ७२५७ | ० |
| १६ | जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा | ९०८६ | ६३६० | २७२६ | ० | ९७२२ | ६८०५ | २९१७ | ० | १०२०८ | ७१४६ | ३०६२ | ० |
| १७ | सूचना  तथा सञ्चार प्रबिधि | ११५०० | ८०५० | ३४५० | ० | १२३०५ | ८६१४ | ३६९२ | ० | १२९२० | ९०४४ | ३८७६ | ० |
| १८ | वन, भूसंरक्षण तथा जैविक विविधता | २००० | १४०० | ६०० | ० | २१४० | १४९८ | ६४२ | ० | २२४७ | १५७३ | ६७४ | ० |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ५०० | ३५० | १५० | ० | ५३५ | ३७५ | १६१ | ० | ५६२ | ३९३ | १६९ | ० |
| २० | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १५०० | १०५० | ४५० | ० | १६०५ | ११२४ | ४८२ | ० | १६८५ | ११८० | ५०६ | ० |
| २१ | नीति कानुन, न्याय तथा सुशासन | ३०७० | २१४९ | ९२१ | ० | ३२८५ | २२९९ | ९८५ | ० | ३४४९ | २४१४ | १०३५ | ० |
| २२ | संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | १६५००० | ११५५०० | ४९५०० | ० | १७६५५० | १२३५८५ | ५२९६५ | ० | १८५३७८ | १२९७६४ | ५५६१३ | ० |
| २३ | राजस्व तथा स्रोत परिचालन | ५०० | ३५० | १५० | ० | ५३५ | ३७५ | १६१ | ० | ५६२ | ३९३ | १६९ | ० |
| २४ | तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन | ४१७२ | २९२० | १२५२ | ० | २५१५ | १७६१ | ७५५ | ० | ११०९ | ७७६ | ३३३ | ० |
| **कुल जम्मा** | | **४०२२३४** | **२८१५६४** | **१२०६७०** | **०** | **४२८४४२** | **२९९९०९** | **१२८५३३** | **०** | **४४८३३२** | **३१३८३३** | **१३४५००** | **०** |

# परिच्छेद-३ आर्थिक क्षेत्र

## ३.१ कृषि

### १. पृष्ठभूमि

गौमुल गाउँपालिका सुदुरपश्चिम प्रदेशको दुर्गम हिमाली जिल्ला बाजुरामा अवस्थित पालिका भएकोले प्रमुख जीविकोपार्जनको माध्यम कृषि तथा पशुपालन हो। परम्परागत कृषि प्रणालीमा आधारित भए तापनि आधुनिक प्रविधि, व्यवसायिक उत्पादन र सिँचाइ सुविधा अभावका कारण उत्पादनशीलता न्यून देखिन्छ। यस पालिकामा गहुँ, आलु, मकै, लगायत कोदो र फापरजस्ता रैथाने अन्नबाली तथा सिमी, आलु, तोरी आदिको खेती प्रमुख छन्। तर, जलवायु परिवर्तन, जंगली जनावरको क्षति, उर्वराशक्ति घट्दो अवस्था र सिँचाइको अपर्याप्तताले कृषि क्षेत्रबाट सोचे अनुरूप प्रतिफल आउन सकिरहेको छैन ।

### २. समस्या तथा चुनौती

गाउँपालिकामा कृषि तथा पशुपन्छी क्षेत्रले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने प्रशस्त सम्भावना हुँदाहुदै पनि यो क्षेत्र विभिन्न समस्याबाट ग्रसित छ। उन्नत बीउ, प्रविधि र सिँचाइ सुविधाको अभाव, उत्पादनशील जमिनको सदुपयोगमा कमी, जंगली जनावरद्वारा अन्न बालीमा क्षति, जलवायु परिवर्तनका असर, कृषि यान्त्रीकरणको अभाव, पशुपालनमा रोग नियन्त्रणको कमजोरी, आहार तथा गोठ व्यवस्थापनको कमजोरी, बजारीकरण तथा मूल्य अभाव र कृषकमा व्यवसायिक सोचको कमी प्रमुख समस्याका रूपमा देखा परेका छन् ।

यी समस्याहरूसँग जुझ्नका लागि विभिन्न चुनौतीहरू विद्यमान छन् । मौसमीय जोखिम व्यवस्थापन गर्दै उत्पादनमा विविधीकरण गर्नु, कृषि तथा पशुपालन व्यवसायीकरण र आधुनिकिकरण गर्नु, विपन्न कृषक र स-साना पशुपालकलाई लक्षित कार्यक्रम विस्तार गर्नु, आधारभूत पूर्वाधार जस्तै सिँचाइ, सडक, भण्डारण र बजारीकरण सञ्जाल विकास गर्नु, युवालाई कृषि व्यवसायमा आकर्षित गर्नु, जैविक विविधता संरक्षण गर्नु, जलवायु अनुकूल कृषि प्रणाली प्रवर्द्धन गर्नु, वित्तीय पहुँच र बीमा सेवा विस्तार गर्नु तथा कृषि अनुसन्धान र प्रविधि हस्तान्तरणलाई संस्थागत गर्नु प्रमुख चुनौतीहरू रहेका छन् ।

### ३. सोच

कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिक, आधुनिक र आत्मनिर्भर बनाउँदै खाद्य सुरक्षामा योगदान पुर्‍याउने ।

### ४. उद्देश्य

- प्रविधिमैत्री कृषि प्रणाली द्वारा स्थानीय रैथाने कृषि बालीको व्यवसायिक उत्पादनमा प्रबर्द्धन मार्फत आम्दानी वृद्धि गर्नु
- जैविक विविधता संरक्षण र जलवायु अनुकूल कृषि तथा पशुपन्छी पालन प्रणालीको विकास गर्नु ।
- निर्वाहमुखि कृषि प्रणालीलाई दिगो र व्यवसायिक बनाइ कृषि तथा पशुपन्छीमा स्वरोजगार कृषकको दरमा वृद्ध गर्नु

### ५. रणनीति

- सिँचाइ सुविधा विस्तार तथा सुधार गर्दै उत्पादनमा विविधीकरण ल्याउने,
- उन्नत बीउ, मल तथा कृषि यन्त्रहरूको पहुँच वृद्धि गर्ने,
- पशुपालन क्षेत्रलाई वैज्ञानिक तथा व्यवस्थित बनाउने,
- बजारीकरण, भण्डारण र प्रशोधन संरचना विकास गर्ने,
- कृषि सहकारी तथा निजी क्षेत्रको सहकार्य प्रवर्द्धन गर्ने,

- जलवायु परिवर्तन प्रतिरोधी प्रविधिको प्रयोग विस्तार गर्ने,

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ४० | ४० | ४५ | ५२ | ६० |
| साना किसानको औसत वार्षिक आय | रु. हजार | ४० | ८० | ८५ | ९० | १०० |
| कृषि व्यवसायमा संलग्न समूह र सहकारी | संख्या | ८० | ११५ | १२० | १३० | १४० |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| खाद्यान्न उत्पादन | मे.ट. | २०० | ४५० | ४६० | ४७० | ४८० |
| तरकारी उत्पादन | मे.ट. | २०० | ३०० | ३५० | ४५० | ६०० |
| फलफुल उत्पादन | मे.ट. | १५० | २०० | २५० | ३५० | ६०० |
| आलु उत्पादन | मे.ट. | १०० | २५० | ३६० | ४५० | ५८० |
| दलहन उत्पादन | मे.ट. | २०० | ४०० | ५९० | ६८० | ७५० |
| तेलहन उत्पादन | मे.ट. | ० | १० | १५ | २० | २५ |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३५ | ८० | ९० | १३० | ३०० |
| कुल तरकारी उत्पादन प्रति हेक्टर | मे.ट. | २ | १० | १५ | २० | २५ |
| दर्ता तथा कृषि फर्म | संख्या | १० | ३० | ४० | ९० | १५० |
| सूचीकृत कृषक | संख्या | १५६१ | २००० | १७०० | १८५० | २००० |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १२००० | ८४०० | ३६०० | ० | ३३६० | ७९२० | ७२० | ० |
| २०८३/०८४ | १२८४० | ८९८८ | ३८५२ | ० | ३५९५ | ८४७४ | ७७० | ० |
| २०८४/०८५ | १३४८२ | ९४३७ | ४०४५ | ० | ३७७५ | ८८९८ | ८०९ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण:**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | माटो परीक्षण गरि पकेट क्षेत्रमा बाली विशिष्टिकरण | माटोको गुणस्तर पत्तालगाइ उचित बालीको सम्भावना पत्ता लगाउनु | २०८२/०८३-२०८४/०८५ | ६०० | माटोको प्रकृतिको आधारमा बाली पहिचान |
| २ | कोदो जौं चिनो कागुन फापर तथा मकै उत्पादनमा व्यवसायिकरण | रैथाने बालीको विकास गर्नु | २०८२/०८३-२०८४/०८६ | ९००० | रैथानै बालीमा परम्परागत कृषकहरु व्यवसायी बन्ने |
| ३ | वडा नं १ २ र ३ मा आलु र सिमीको पकेट विकास | व्यवसायिक कृषि प्रवर्द्धन गर्नु | २०८२/०८३-२०८४/०८७ | १३५०० | कृषकको वार्षिक औषत आम्दानी वृद्धि |
| ४ | कृषि तथा खाद्य सुरक्षा विकास कार्यक्रम | स्थानीय कृषि प्रवर्द्धन गर्नु | सालबसाली | १५२२२ | बाह्रै महिना खाना पुग्ने घरपरिवारको संख्यामा वृद्धि |

**९. जोखिम तथा अनुमान**

कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तनका कारण असिनापानी, अनियमित वर्षा र खडेरीले उत्पादनमा प्रतिकूल प्रभाव पार्न सक्ने जोखिम छ। जंगली जनावरको क्षति, विपद् प्रकोप, कृषिमा युवा जनशक्ति पलायन, प्रविधि तथा वित्तीय पहुँचको अभाव, बजारको अनिश्चितता तथा सरकारी सेवा र अनुदानको प्रभावकारिता कमजोर हुनुले योजना कार्यान्वयनमा चुनौती उत्पन्न हुन सक्छ ।

## ३.२ सिँचाई

**१. पृष्ठभूमि**

यहाँको अधिकांश खेती योग्य जमिन उब्जाउ योग्य क्षेत्र भएता पनि सिंचाइ संरचनाको न्यूनताले कृषि उत्पादनमा अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन । वर्षामा आधारित खेतीप्रणाली, अपुरा सिँचाइ योजना र परम्परागत सिँचाइ माध्यमहरूले सिँचाइ क्षेत्रमा समस्या सिर्जना गरेका छन् । गाउँपालिकाका अधिकांश खेतहरू वर्षामा मात्र आंशिक सिँचाइ हुने र बाँकी समयमा बाँझो रहने स्थिति छ । मौसमी वर्षामा निर्भर हुनुपर्ने बाध्यताले बाली विविधीकरण र वाष्पीकरण नियन्त्रणमा कठिनाइ भएको छ। सिँचाइ पूर्वाधार सुधार गर्दै स्रोतहरूको वैज्ञानिक व्यवस्थापन र सिँचाइ प्रणालीको आधुनिकीकरण गर्दा कृषि उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा योगदान पुग्ने देखिन्छ ।

**२. समस्या तथा चुनौती**

खेतीयोग्य जमिनका लागि प्रयाप्त सिँचाइ संरचनाको विकास नहुनु मुख्य समस्या हो । अधिकांश खेतीपाती मौसमी वर्षामा निर्भर छन् र वर्षा बाहेकका समयमा बाली उत्पादनमा असहजता हुने गर्दछ । परम्परागत सिँचाइका विकल्पहरुले आवश्यकता अनुसारको सिँचाइ पुऱ्याउन सकिरहेको छैन । आवश्यकताको आधारमा प्रशस्त जलस्रोत व्यवस्थापन सहितको सिँचाइ आयोजनाहरु निर्माण गर्न जरुरी देखिन्छ । बजेट अभाव, प्राविधिक स्रोत र दक्ष जनशक्ति नहुँदा दीर्घकालीन योजना कार्यान्वयनमा पनि समस्या देखिएको छ ।

सिँचाइ क्षेत्रमा उपलब्ध जलस्रोतहरूको प्रभावकारी उपयोग चुनौतीपूर्ण देखिन्छ । वर्षैभरि सिँचाइ सुविधा प्रदान गर्ने दीर्घकालीन योजना निर्माण र कार्यान्वयन कठिन छ । प्रविधिमा आधारित सिँचाइ प्रणाली (लिफ्ट सिँचाइ, ड्रिप, स्प्रिंकलर जस्ता) विस्तार गर्न स्रोत र प्रविधिको अभाव छ । जलवायु परिवर्तनका असरहरू, भू–गर्भीय संरचनाको जटिलता, तथा समुदायको सीमित आर्थिक साधनले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेका छन् । किसानलाई नयाँ प्रविधिमा आकर्षित गर्नु अर्को मुख्य चुनौती हो ।

**३. सोच**

गाउँपालिकामा भरपर्दो, दिगो र प्रभावकारी सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादन वृद्धि र आर्थिक समृद्धि हासिल गर्ने ।

**४. उद्देश्य**

(क) मौजुदा सिँचाइ पूर्वाधारको संरक्षण, सुधार तथा नयाँ सिँचाइ आयोजनाको विकास गरी खेतीयोग्य जमिनमा सिँचाइ पहुँच वृद्धि गर्नु ।

(ख) वैकल्पिक ऊर्जामा आधारित प्रविधिको प्रवर्द्धन गर्दै जलस्रोतको दीगो उपयोग सुनिश्चित गर्नु

**५. रणनीति**

- बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
- निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
- नयाँ सिंचाई आयोजनाहरुको निर्माणका लागि जनसहभागिताको आधारमा योजना निर्माण गरि उनिहरुकै संरक्षकत्वमा मर्मत एवम् सुरक्षाको जिम्मा दिने ।
- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाहरुको निर्माण तथा मर्मत सम्भारका लागि समुदाय सहभागितामा आधारित सिँचाइ विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ५३० | ८०० | ५९० | ६२० | ८०० |
| पालिकामा जम्मा पक्की सिंचाइ संरचना | संख्या | २ | ८ | ४ | ६ | ८ |
| वर्षायाममा मात्र सिंचाइ हुने क्षेत्रफल | प्रतिशत | ३० | ४० | ५५ | ६० | ६५ |
| सिंचाइको गुणस्तरताका लागि कार्यरत जनशक्ति | जना | ३ | ३ | ५ | ५ | ५ |
| पूर्णरुपमा सिंचाइको सुविधा प्राप्त घरधुरी संख्या | प्रतिशत | १० | ३० | ४० | ५० | ५५ |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ५९०० | ४१३० | १७७० | ० | १६५२ | ३८९४ | ३५४ | ० |
| २०८३/०८४ | ६३१३ | ४४१९ | १८९४ | ० | १७६८ | ४१६७ | ३७९ | ० |
| २०८४/०८५ | ६६२९ | ४६४० | १९८९ | ० | १८५६ | ४३७५ | ३९८ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ५ | आकाशेपानी सङ्कलन पोखरी निर्माण | सिंचाइको अभाव हुने समुदायमा सिंचाइ व्यवस्था गर्नु | २०८२/०८३-२०८४/०८७ | ९०० | सिंचाइको सहज व्यवस्थापन हुनेछ |
| ६ | सिंचाइका नियमित कार्यक्रम | खेतीयोग्य जमिनमा सिंचाइ वृद्धि | सालबसाली | १८८४२ | सिंचाइका स्थायी संरचना निर्माण हुने |

**९. जोखिम तथा अनुमान**

विभिन्न प्रकारका विपद्, जलवायु परिवर्तनका असरका कारण असामान्य वर्षा, सुख्खा वा बाढीले सिँचाइ संरचनामा क्षति पुऱ्याउन सक्छ। बजेट अभाव वा ढिलाइले आयोजना अधुरो रहन सक्छन्। समुदायको न्यून सक्रियता तथा प्राविधिक जनशक्ति अभावले सिँचाइ प्रणाली दीगो सञ्चालनमा अवरोध उत्पन्न हुने जोखिम छ।

## ३.३ पशुपन्छी

**१. पृष्ठभूमि**

पशुपालनमा गाई, भैंसी, बाख्रा, भेडा, च्यांग्रा तथा ब्रोइलर र स्थानीय जातका कुखुरा पालन प्रमुख छन् जसले खाद्य सुरक्षासँगै अतिरिक्त आम्दानीमा योगदान पुऱ्याइरहेको अवस्था छ। तर रोग नियन्त्रण उन्नत जातको पशुपन्छीको अभाव र पशु आहारको समस्याले पशुपालन व्यवसायले अपेक्षित योगदान दिन सकेको छैन। गाउँपालिकामा औषधिय जडीबुटी र घाँस तथा चारो उत्पादनमा समेत ठूलो सम्भावना रहेको देखिन्छ भने यसको वैज्ञानिक व्यवस्थापन र व्यवसायिक उपयोग आवश्यक छ। गाउँपालिकाको समृद्धिका लागि कृषि र पशुपन्छी विकासलाई आधुनिकिकरण, व्यवसायीकरण तथा सिँचाइ, भण्डारण, बजारीकरण र प्राविधिक सेवा विस्तार मार्फत समृद्ध बनाउँदै कृषिमा आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन दृष्टिकोण आवश्यक देखिन्छ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा पशुपालन तथा कृषि क्षेत्र खाद्य सुरक्षासँगै आम्दानीको प्रमुख स्रोतका रूपमा विकास हुँदै आएको छ, तर यो क्षेत्रले अझै पनि अपेक्षित रूपमा योगदान दिन सकेको छैन। पशुपालनमा गाई, भैंसी, बाख्रा, भेडा, च्यांग्रा तथा कुखुरापालन प्रचलनमा

रहेको भए पनि रोग नियन्त्रण प्रणाली कमजोर, उन्नत जातको अभाव, र गुणस्तरीय पशु आहारको असहज पहुँचले पशुपालक कृषकहरू समस्यामा परेका छन् । यस्तै, औषधिय जडीबुटी तथा घाँस–चारो उत्पादनको उच्च सम्भावना हुँदाहुँदै पनि वैज्ञानिक व्यवस्थापन, संरक्षण र व्यवसायिक उपयोगमा ध्यान दिन सकेको छैन । कृषि तथा पशुपालनमा आधुनिक प्रविधि, सिँचाइ, भण्डारण र बजारीकरणको पूर्वाधार अभाव तथा प्राविधिक सेवाको सीमित पहुँचका कारण यो क्षेत्र व्यवसायिकरूपमा अघि बढ्न कठिन भएको छ । फलस्वरूप, कृषिमा आत्मनिर्भरता र स्थानीय समृद्धिको लक्ष्य हासिल गर्न यी चुनौतीहरूको दीर्घकालीन समाधान आवश्यक देखिन्छ ।

**३. सोच**

पशुपालन क्षेत्रलाई आधुनिक, व्यवसायिक र आत्मनिर्भर बनाउँदै स्थानीय आर्थिक समृद्धि हासिल गर्ने ।

**४. उद्देश्य**

- पशुपन्छीबाट आम्दानी र खाद्य सुरक्षामा योगदान पुऱ्याउने प्रणाली विकास गर्नु।
- उन्नत जातका पशुपन्छी प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
- पशुपन्छीमा देखिने रोगको नियन्त्रण तथा उपचार सेवा सुदृढ गर्नु।
- गुणस्तरीय पशु आहार र चारोको उत्पादन तथा आपूर्ति सुनिश्चित गर्नु।
- पशुपालनमा संलग्न किसानलाई तालिम, सीप तथा प्राविधिक सेवा प्रदान गर्नु।
- पशुपालनलाई व्यवसायिक र आधुनिक प्रविधिमा आधारित बनाउनु।
- पशुपालनसम्बन्धी पूर्वाधार (खोर, खोप, पानी, औषधि) सुदृढ गरी दिगो प्रणाली निर्माण गर्नु।

**५. रणनीति**

- स्थानीय स्तरमा उन्नत जातका पशुपन्छीहरूको परिचय, प्रवर्द्धन र विस्तारको व्यवस्था गर्नु।
- पशुपन्छीमा देखिने मुख्य रोगहरूको रोकथाम र उपचारका लागि नियमित खोप तथा स्वास्थ्य शिविर सञ्चालन गर्नु।
- गुणस्तरीय पशु आहार तथा घाँस–चारो उत्पादनलाई वैज्ञानिक विधिबाट प्रोत्साहन गर्नु।
- पशुपालकलाई व्यावसायिक तालिम, प्राविधिक सल्लाह र पछिल्लो प्रविधिको पहुँचमा जोड दिनु।
- पशुपन्छी पालनका लागि आवश्यक खोर, औषधि, उपकरण र पानीको पूर्वाधार विकास गर्नु।
- सार्वजनिक तथा निजी क्षेत्रबीच सहकार्यमा पशु बीमा कार्यक्रम विस्तार गर्नु।
- पशुपालनबाट उत्पादित वस्तुको बजारीकरणका लागि सहकारी तथा स्थानीय बजार सञ्जाल स्थापना गर्नु।
- जोखिम न्यूनीकरणका लागि जलवायु अनुकूल पशुपालन अभ्यासहरूको प्रवर्द्धन गर्नु।

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पशुपालनमा संलग्न कृषक | संख्या | ४० | ४२ | ६० | ७५ | ९० |
| व्यावसायिक फर्मको संख्या | संख्या | ८० | ८७ | १२० | १५० | ३०० |
| वार्षिक दुध उत्पादन | लिटर (हजारमा) | ६० | ८५ | १०५ | २०० | २५० |
| सुँगुर वा बंगुरको वार्षिक मासु उत्पादन | मे.ट. | २ | २.१ | ३ | ५ | ७ |
| कुखुरा तथा पंक्षीको वार्षिक मासु उत्पादन | मे.ट. | ५ | ७ | ९ | ११ | १५ |
| खसी, बोका, भेडा र च्यांग्राको वार्षिक मासु उत्पादन | मे.ट. | ६ | ७ | ९ | १८ | २५ |
| उन्नत घासँको उत्पादन क्षेत्र | रोपनी | ५० | ८० | ९० | ११० | १२० |
| नश्ल सुधारका लागी कृतिम गर्भाधान | संख्या | ५ | ५ | २५ | ३५ | ५५ |
| विभिन्न रोग विरुद्धका खोप | डोज | २०००० | २५००० | ३०००० | ३३००० | ३५००० |
| समूहमा आवद्ध पशुपंक्षीपालन कृषक | संख्या | १२०० | १४०० | १५०० | १७०० | २००० |
| कृषि तथा पशुपन्छी पालनमा अनुदान पाउने | घरपरिवार | ८५० | १००० | १५०० | १८०० | २००० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ४३५० | ३०४५ | १३०५ | ० | १२१८ | २८७१ | २६१ | ० |
| २०८३/०८४ | ४६५५ | ३२५८ | १३९६ | ० | १३०३ | ३०७२ | २७९ | ० |
| २०८४/०८५ | ४८८७ | ३४२१ | १४६६ | ० | १३६८ | ३२२६ | २९३ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ७ | भकारो सुधार कार्यक्रम सञ्चालन | व्यवस्थित पशुपन्छी पालनमा सहयोग गर्नु | २०८२/०८३-२०८४/०८७ | २७०० | व्यवस्थित पशुपालन बाट आम्दानी वृद्धि हुने |
| ८ | पौष्टिक तथा आहारा व्यवस्थापनका लागि डालेघाँस रोपन | स्थानीयस्तरमा घाँस व्यवस्थापन गर्नु | २०८२/०८३-२०८४/०८७ | ९००० | स्थानीयस्तरमा नै घाँस व्यवस्थापन हुने |
| ९ | स्थानीय एग्रोभेट व्यवसायी प्रवर्द्धन कार्यक्रम | कृषकहरुलाई गाउँमै आवश्यक वस्तु उपलब्ध गराउनु | २०८२/०८३-२०८४/०८७ | ९०० | कृषकहरुले सहज सेवा पाउने |
| १० | पशुपन्छी विकास कार्यक्रम | पशुपन्छी पालन व्यवसायमा सहयोग गर्नु | सालबसाली | १२९२ | पशुपन्छी पालमा कृषक व्यवसायी बन्ने |

**९. जोखिम तथा अनुमान**

पशुपन्छी विकास क्षेत्र विभिन्न जोखिमहरूसँग प्रत्यक्ष रूपमा जोडिएको छ, जसले उत्पादन, आम्दानी र दीगो विकासमा प्रतिकूल असर पार्न सक्छ। प्रमुख जोखिमहरूमा पशु रोगको महामारी फैलनु, उन्नत जात र गुणस्तरीय आहारको अभाव, तथा जलवायु परिवर्तनजन्य प्रभाव प्रमुख छन्। यस्तै, प्राविधिक सेवा र स्वास्थ्य उपचारको अभावले पशुपालकलाई समयमै सहयोग नपुग्ने अवस्था सिर्जना गर्छ। बजारको मूल्य अस्थिरता, पहुँचको कमी, र चारो तथा चरन क्षेत्रको अभावले पनि पशुपालन व्यवसायमा चुनौती थप्ने गरेको छ। साथै, नीतिगत स्पष्टता, सरकारी तथा निजी लगानीको न्यूनता, र बीमा तथा राहत व्यवस्थाको अपर्याप्तता जस्ता कारणले दीगो र सुरक्षित पशुपालन प्रणाली स्थापनामा जोखिम बढाइरहेको छ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

**१. पृष्ठभूमि**

आर्थिक संरचना मुख्यतः कृषि र पशुपालनमा आधारित भए पनि साना तथा मझौला उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति प्रणाली नियमित चलिहेरको छ। मुख्यगरि गाउँपालिकामा विस्तार गरिएका सडक सञ्जालहरुका कारण आपूर्ति व्यवस्था सहज हुदै गएको छ

। स्थानीय स्रोत, जडिबुटी, आलु, मकै, गहुँ जस्ता कृषि उपजको प्रशोधन र बजारिकरण गरी उद्योग व्यवसाय सुदृढ गर्न सकिने प्रशस्त सम्भावनाहरु देखिन्छन् । हाल गाउँमा साना उद्योगहरू सीमित मात्रामा सञ्चालनमा छन् र व्यवस्थित बजार संरचना अभावका कारण उत्पादित वस्तुको उचित मूल्य प्राप्त गर्न कठिनाइ भएकोले साना तथा मझौला उद्योगहरुको तीव्र विकासमा केहि अवरोध भइरहेको देखिन्छ ।

**२. समस्या तथा चुनौती**

उद्योग, व्यापार र व्यवसाय क्षेत्रले सोचे अनुरुप अपेक्षित गति लिन सकेको छैन । आधारभूत पूर्वाधारको न्यूनता, वित्तीय संस्थामा पहुँच अभाव, सस्तो वित्तीय ऋणको कठिनाइ, बजार अभाव र प्रविधिको कमी प्रमुख समस्याहरू हुन् । स्थानीय उत्पादनको प्रशोधन, भण्डारण तथा ढुवानी प्रणाली व्यवस्थित नभएका कारण कृषिजन्य तथा अन्य वस्तुहरूको उचित मूल्य निर्धारण हुन सक्दैन । व्यवसाय सञ्चालनका लागि आवश्यक सीप र तालिमको कमीले पनि उद्यमशीलता विकासमा अवरोध पुऱ्याएको देखिन्छ । विशेषगरि वर्षातको समयमा आपूर्ति प्रणाली कमजोर हुने भएकोले उपभोग्य वस्तुहरू महँगो र अनियमित रूपमा उपलब्ध हुन्छन् ।

गाउँपालिकाको उद्योग तथा व्यापार विकासमा दिगो पूर्वाधार निर्माण, वित्तीय पहुँच विस्तार र उद्यमशीलता प्रवर्द्धन गर्नु प्रमुख चुनौती हो । दुर्गम भौगोलिक अवस्थाले ढुवानी खर्च बढि आउने हुँदा उत्पादन प्रतिस्पर्धा क्षमतामा प्रत्यक्ष असर गर्दछ । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न आवश्यक गुणस्तर, प्याकेजिङ, प्रमाणीकरण र ब्रान्डिङ जस्ता कार्यहरु चुनौतीपूर्ण छन् । व्यवसायी तथा उद्यमीहरूमा व्यवसायिक सोच र दीर्घकालीन लगानी प्रवृत्तिको अभाव छ । आपूर्ति प्रणालीलाई स्थायी र सुलभ बनाउन सरकारी र निजी क्षेत्रबीच समन्वय तथा सहकार्य सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ ।

**३. सोच**

स्थानिय स्रोत र सीपको अधिकतम उपयोग गर्दै साना तथा घरेलु उद्योग, व्यापार र आपूर्ति प्रणालीको सुदृढ विकास गरी आर्थिक आत्मनिर्भरता हासिल गर्ने ।

**४. उद्देश्य**

(क) स्थानीय उत्पादनहरूको प्रशोधन, भण्डारण तथा बजार विस्तार गर्दै लघु तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने ।

(ख) व्यापार, व्यवसाय तथा आपूर्ति प्रणाली सुधार गर्न यातायात, सञ्चार तथा वित्तीय पहुँचका पूर्वाधार सुदृढ गर्ने ।

**५. रणनीति**

- स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गरी लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापना, सञ्चालन र प्रवर्द्धन प्रभावकारी बनाउने ।
- लगानीकर्ता तथा गैरआवासीय नेपालीलाई औद्योगिक लगानीमा आकर्षित गर्न प्रोत्साहनात्मक नीतिगत व्यवस्था तथा सहुलियत सुविधा विकास गर्ने ।
- कृषि, जडिबुटी, पर्यटन र हस्तकला जस्ता स्थानीय उत्पादनहरूमा आधारित उद्योगहरू स्थापना गर्न सहकारी तथा निजी क्षेत्रसँग साझेदारी विस्तार गर्ने ।
- व्यवसायिक सीप विकासका लागि प्राविधिक तालिम तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै स्थानीय युवा, महिला र विपन्न समुदायलाई उद्यममा संलग्न गराउने ।
- यातायात, ऊर्जा, सञ्चार र वित्तीय पहुँच सुदृढ गरी उद्योग तथा व्यापार अनुकूल पूर्वाधार विकास र बजार विस्तारमा प्राथमिकता दिने ।

## ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ५ | १० | २० | ५० | १५० |
| कुल उद्यम, व्यापार तथा व्यवसाय | संख्या | २ | ३ | ५ | ७ | १० |
| पालिकाकामा दर्ता व्यापार व्यवसाय | संख्या | १८० | १९० | २०० | २५० | ३५० |
| व्यावसायिक र प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | ५ | ७ | १५ | २० | २५ |
| व्यवसाय करबाट संकलित राजस्व | रू. हजारमा | ४४० | ४५० | ४६५ | ४८० | ४९० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ५ | ५ | ६ | ६ | ६ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | २८ | ५० | १२० | १५० | २५० |

## ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २२०० | १५४० | ६६० | ० | ६१६ | १४५२ | १३२ | ० |
| २०८३/०८४ | २३५४ | १६४८ | ७०६ | ० | ६५९ | १५५४ | १४१ | ० |
| २०८४/०८५ | २४७२ | १७३० | ७४२ | ० | ६९२ | १६३१ | १४८ | ० |

## ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ११ | अल्लो खेतीका लागि कृषक सहयोग कार्यक्रम | स्थानीय कृषकहरुको प्रवर्द्धन गर्नु | २०८२/०८३-२०८४/०८७ | २७०० | स्थानीय महिलाहरु स्वरोजगार बन्ने |
| १२ | उद्योग प्रवर्द्धन कार्यक्रम | स्थानीयस्तरमा उद्योग व्यवस्थापन गर्नु | सालबसाली | | महिला तथा युवाहरुले उद्योगबाट आय वृद्धि गर्ने |

## ९. जोखिम तथा अनुमान

स्थानिय स्रोत र मौलिक सीपको प्रभावकारी उपयोग हुने अनुमान गरिएको छ। लघु, घरेलु, साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालनमा सरकारी तथा निजी क्षेत्रबाट आवश्यक सहयोग प्राप्त हुनेछ। युवा तथा महिलाहरू उद्यमशीलता र व्यावसायिक तालिम कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भई स्वरोजगार र आत्मनिर्भरता हासिल गर्नेछन्। उद्योग तथा व्यापार विकासमा विभिन्न जोखिमहरू विद्यमान छन्। बजेट अभाव, कार्यक्रमको ढिला कार्यान्वयन र नीति सहजीकरणको कमीले लक्षित परिणाम प्राप्त गर्न कठिन हुन सक्छ। दुर्गम भौगोलिक अवस्थाले ढुवानी खर्च बढाई उत्पादन प्रतिस्पर्धा क्षमतामा बाधा पुग्ने जोखिम छ। सीप र प्रविधिको अभावले नयाँ उद्यमहरू दीगो सञ्चालनमा असफल हुन सक्छन्। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र बजार उतारचढावले व्यापार तथा आपूर्ति प्रणाली अस्थिर बनाउन सक्छ।

## ३.५ पर्यटन तथा संस्कृति

**१. पृष्ठभूमि**

यस गाउँपालिकाले वडा नं. ४ मा वृहत फनपार्क निर्माण गरिरहेकोछ । गाउँपालिकाको वडा नं. ३ को झोलुङ्गे पुल निर्माण गरिएको छ जस्का कारण गाउँपालिकामा आन्तरिक पर्यटकहरुको संख्यामा वृद्धि भइरहेको छ । पालिका आफैमा प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक सम्पदाले सम्पन्न छ । हिमाली भेगको मौलिकता बोकेको यस पालिकामा धार्मिकस्थल, हिमाल, रीतिरिवाज तथा संस्कृतिले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने ठूलो सम्भावना छ । हालसम्म पर्यटन पूर्वाधारहरू अपुरो छन् तर विकासको पर्याप्त अवसरहरू विद्यमान छन् । पहुँच मार्ग सुधार, होमस्टे सञ्चालन, चाडपर्व व्यवस्थापन तथा नयाँ गन्तव्यहरूको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रलाई व्यवस्थित र व्यवसायिक बनाउन सकियो भने पर्यटन विकासले स्थानीय रोजगारी, आयआर्जन र सांस्कृतिक जगेर्नामा योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

**२. समस्या तथा चुनौती**

पर्यटन पूर्वाधारको न्यूनता, प्रचारप्रसार अभाव, पहुँच मार्गको अविकसित अवस्था र सेवा सुविधाको अभाव आदि पर्यटन क्षेत्रका मुख्य समस्या हुन् । ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा अपेक्षित उपलब्धिमुलक कार्यहरु गर्न सकिएको छैन । स्थानीय स्तरमा पर्यटन सम्बन्धी दक्ष जनशक्ति र व्यवस्थापन क्षमताको समेत कमी देखिन्छ ।

दिगो र समुदायमैत्री पर्यटन विकास गर्नु मुख्य चुनौती हो । पर्यटकीय स्थलहरूको वैज्ञानिक संरक्षण, पर्यटक सुविधाको विस्तार र सेवा गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता छ । भौतिक पूर्वाधारको सुदृढीकरण, पर्यटक आकर्षण प्रवर्द्धन, तथा जलवायु परिवर्तनको असरबाट पर्यटन क्षेत्रलाई सुरक्षित राख्न दीर्घकालीन रणनीति आवश्यक छ ।

**३. सोच**

पालिकालाई दिगो, समावेशी र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरी स्थानीय आयआर्जन र सांस्कृतिक जगेर्नामा योगदान पुऱ्याउने ।

**४. उद्देश्य**

(क) मौलिक सांस्कृतिक सम्पदा, धार्मिक स्थल र प्राकृतिक पर्यटकीय क्षेत्रहरूको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने ।
(ख) पर्यटन पूर्वाधार विकास, सेवा सुविधा सुधार र आन्तरिक तथा बाह्य पर्यटक आकर्षणका लागि पहुँच मार्ग तथा होमस्टे व्यवस्थापन विस्तार गर्ने ।

**५. रणनीति**

- गाउँपालिकामा पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
- ग्रामीण पर्यटनमार्फत कृषि–पर्यटन प्रवर्द्धनमा परिणाममुखि आयोजनाहरु कार्यान्वयन गर्ने ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि युवा परिचालनको रणनीति अवलम्बन गर्ने ।

## ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पर्यटन गुरुयोजना निर्माण | पटक | ० | ० | १ | ० | ० |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ० | ० | २ | ५ | ७ |
| कृषि पर्यटन व्यवसायीहरु | जना | ० | ० | ३ | ३ | ३ |
| आन्तरिक तथा बाह्य पर्यटक संख्यामा वृद्धि | प्रतिशत | ० | ० | १ | १ | १ |
| पर्यटकीय सम्पदा र गन्तव्य स्थान | संख्या | ० | ० | १ | २ | ३ |
| घरबास (होम स्टे) सञ्चालन | संख्या | ० | ० | १ | २ | ३ |
| पर्यटन सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | ० | ० | ० | १ | १ |
| कला तथा संस्कृतीमा क्रियाशिल श्रष्टा पहिचान | जना | ० | ० | ५ | १० | १५ |
| पर्यटन तथा संस्कृतिको प्रचार प्रसारका लागि भिडियो | संख्या | १ | १ | १ | १ | १ |
| हाल सम्म पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार | पटक | ० | ० | १ | १ | १ |

## ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १९०० | १३३० | ५७० | ० | ५३२ | १२५४ | ११४ | ० |
| २०८३/०८४ | २०३३ | १४२३ | ६१० | ० | ५६९ | १३४२ | १२२ | ० |
| २०८४/०८५ | २१३५ | १४९४ | ६४० | ० | ५९८ | १४०९ | १२८ | ० |

## ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १३ | युवा पर्यटन व्यवसायी सहयोग कार्यक्रम | पर्यटन व्यवसायमा आवद्ध युवालाई सहयोग गर्नु | २०८२/०८३-२०८४/०८७ | ३०० | युवाहरु पर्यटन व्यवसायबाट लाभ लिने |
| १४ | कृषि पर्यटनमुखी व्यवसायहरुमा आवद्ध युवालाई सहयोग | कृषि-पर्यटन प्रवर्द्धनमा सघाउनु | २०८२/०८३-२०८४/०८७ | ९०० | स्थानीय कृषिउपजको बजारीकरण हुने |
| १५ | पर्यटन व्यवसाय विस्तार कार्यक्रम | गाउँपालिकामा पर्यटन विस्तार गर्नु | सालबसाली | ९९७७ | पर्यटन प्रवर्द्धन हुने |

**९. जोखिम तथा अनुमान**

प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, बजेट अभाव र प्राविधिक जनशक्ति कमीका कारण पर्यटन विकासमा अवरोध आउन सक्छ। पर्यटकले पाउनु पर्ने आधारभूत सुविधाको अभाव, प्रचारप्रसारको कमिकमजोरी र स्थानीय सहभागिताको न्यूनताले अपेक्षित पर्यटन वृद्धि नहुन सक्ने जोखिम छ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

**१. पृष्ठभूमि**

गौमुल गाउँपालिका कृषि आधारित ग्रामीण अर्थतन्त्रमा आधारित क्षेत्र हो, जहाँ जनसंख्याको प्रमुख जीविकाको आधार कृषि, पशुपालन र वन स्रोतहरू हुन्। तर भूमिको उपयोग, स्वामित्व तथा व्यवस्थापनमा एकरूपता नहुनु, धितोका लागि प्रमाणिक कागजात अभाव, र सीमानांकनको अस्पष्टताले स्थानीयवासीलाई आर्थिक क्रियाकलापमा संलग्न हुन कठिनाइ भएको छ। यस्तै, सहकारी संस्थाहरूको पहुँच विस्तार भए पनि धेरैजसो बचत तथा ऋणमुखी क्रियाकलापमा सीमित छन् र उत्पादनशील क्षेत्रमा लगानीको प्रोत्साहन न्यून छ। वित्तीय पहुँचको अभाव, वित्तीय साक्षरताको कमी र ग्रामीण क्षेत्रसम्म बैंकिङ सेवा नपुगेका कारण विपन्न तथा महिला वर्ग अझै औपचारिक वित्तीय प्रणालीबाट टाढा छन्। दीगो आर्थिक विकास र आत्मनिर्भरता प्राप्त गर्न सहकारी प्रणालीको सुदृढीकरण, वित्तीय पहुँचको विस्तार, भूमि व्यवस्थापनमा प्राविधिक सुधार, र उत्पादनमुखी लगानी प्रवर्द्धन आवश्यक देखिन्छ।

**२. समस्या तथा चुनौती**

गौमुल गाउँपालिकामा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवाका क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू देखिएका छन्। भूमिसम्बन्धी अभिलेख अद्यावधिक नभएको, सीमानांकन स्पष्ट नहुनु, र कित्ताकाट तथा धितो प्रमाणको अभावले कृषकहरू उत्पादनशील लगानी गर्नबाट वञ्चित छन्। सहकारी संस्थाहरूको संख्या बढ्दो भए पनि ती संस्थाहरू प्राविधिक दक्षता, पारदर्शिता र उत्पादनमुखी लगानीतर्फ उन्मुख हुन नसकेको समस्या छ। अधिकांश सहकारीहरू बचत–ऋण सीमिततामा सीमित छन्, जसले कृषकको दीगो व्यवसायिक विकासमा योगदान दिन सकेका छैनन्। वित्तीय साक्षरताको कमी, ग्रामीण भेगमा बैंक तथा वित्तीय संस्थाको पहुँच अभाव, डिजिटल कारोबारप्रति जनचेतनाको न्यूनता र गरिब तथा विपन्न वर्गको औपचारिक वित्तीय प्रणालीमा समावेश हुन नसक्ने अवस्था गम्भीर चुनौती हुन्। यी समस्या र चुनौतीहरूले स्थानीय आर्थिक समृद्धि र आत्मनिर्भरता प्राप्त गर्ने प्रयासलाई प्रभावित गरिरहेका छन्।

**३. सोच**

गौमुल गाउँपालिकामा भूमि, सहकारी र वित्तीय क्षेत्रलाई व्यवस्थित, समावेशी र उत्पादनमुखी बनाउँदै स्थानीय आर्थिक सशक्तिकरण

**४. उद्देश्य**

- भूमिको स्वामित्व, उपयोग र अभिलेख प्रणालीलाई स्पष्ट, अद्यावधिक र डिजिटल बनाउने।
- सहकारी संस्थालाई उत्पादनमुखी, पारदर्शी र दिगो आर्थिक विकासमा योगदान गर्न सक्षम बनाउने।
- ग्रामीण समुदायको वित्तीय पहुँच र वित्तीय साक्षरतामा वृद्धि गर्ने।
- विपन्न, महिला, दलित तथा सीमान्तकृत समुदायलाई औपचारिक वित्तीय प्रणालीमा समावेश गर्ने।
- कृषि, पशुपालन तथा साना उद्यममा सहकारी र वित्तीय संस्थामार्फत लगानी प्रवर्द्धन गर्ने।
- डिजिटल तथा मोबाइल बैंकिङ प्रविधिको विस्तार गरी पहुँचविहीन क्षेत्रलाई सेवा उपलब्ध गराउने।

**५. रणनीति**

- भूमिको अभिलेख अद्यावधिक, नापजाँच र डिजिटलकरण प्रक्रियालाई तीव्र पार्ने।
- सहकारी संस्थाहरूलाई उत्पादनमुखी, व्यावसायिक र पारदर्शी बनाउने उद्देश्यले अनुगमन, क्षमता विकास र प्राविधिक सहयोग प्रदान गर्ने।

- ग्रामीण तथा सीमान्तकृत समुदायलाई लक्षित गरी वित्तीय साक्षरतामूलक कार्यक्रम सञ्चालन गर्ने।
- विपन्न र जोखिममा रहेका वर्गहरूलाई प्राथमिकता दिँदै सहकारी तथा वित्तीय संस्थामार्फत समावेशी वित्तीय सेवा विस्तार गर्ने।
- कृषि, पशुपालन, उद्यमशीलता तथा लघु उद्योगमा सहकारी लगानी तथा सहकार्य प्रवर्द्धन गर्ने।
- बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी मोबाइल बैंकिङ, डिजिटल वालेट र शाखारहित बैंकिङ सेवा गाउँस्तरसम्म पुऱ्याउने।
- सहकारीहरूलाई आपसी सहकार्य, परिसंघ गठन र साझा लगानीका माध्यमबाट बलियो बनाउने।

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सेवा सुचारु बैंक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | १ | १ | १ | १ | २ |
| सेवा प्रवाह गरिरहेका सूचारू सहकारी संस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | प्रतिशत | २ | ४ | ७ | १० | १५ |
| बैंकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | २० | ३० | ५५ | ६० | ६५ |
| सर्भेक्षण, पहिचान, नक्शाङ्कन रूजु र लगत अद्यावधीकरण भएका अव्यवस्थित बसोबासी, भूमिहिन दलित तथा सुकुम्बासी | घरधुरी | १५ | २५ | ५५ | ७५ | ९० |
| सहकारी तालिम (कोपोमिस, सहकारी व्यवस्थापन), अनुगमन, निमयन, बैठक, समन्वय भएका सहकारी संस्था | संख्या | १ | १ | २ | २ | २ |
| अनुदान पाउने सहकारी संस्था | संख्या | ० | १ | २ | २ | २ |
| सहकारीमा आवद्ध रोजगारमा संलग्न व्यक्ति | संख्या | ५ | ७ | १५ | २० | २५ |
| बजारीकरणमा आवद्ध सहकारी संस्था | संख्या | ० | १ | १ | १ | १ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १९०० | १३३० | ५७० | ० | ५३२ | १२५४ | ११४ | ० |
| २०८३/०८४ | २०३३ | १४२३ | ६१० | ० | ५६९ | १३४२ | १२२ | ० |
| २०८४/०८५ | २१३५ | १४९४ | ६४० | ० | ५९८ | १४०९ | १२८ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १६ | भूमि व्यवस्था तथा सहकारी व्यवस्थापन कार्यक्रम | सहकारी व्यवस्थापन मार्फत समुदायलाई सहजीकरण गर्नु | सालबसाली | ६०६८ | समुदायमा सहकारीहरु व्यवस्थित तरिकाले सञ्चालन हुने |

**९. जोखिम तथा अनुमान**

गौमुल गाउँपालिकामा भूमि, सहकारी र वित्तीय सेवा क्षेत्रमा विविध जोखिमहरू विद्यमान छन्, जसले दीगो विकासमा चुनौती उत्पन्न गरिरहेको छ। भूमिको अभिलेख अद्यावधिक नभएको, सीमानांकन अस्पष्ट भएको र कित्ताकाट प्रक्रियामा विवाद बढ्न सक्ने जोखिम उच्च छ। सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता तथा व्यवस्थापन दक्षताको अभावले वित्तीय अपचलन र सदस्यहरूको विश्वासमा गिरावट ल्याउने सम्भावना रहन्छ। वित्तीय संस्थाको ग्रामीण क्षेत्रमा पहुँच कमजोर हुँदा सीमान्तकृत समूह अझै अनौपचारिक प्रणालीमा निर्भर रहनुपर्ने जोखिम छ।

## ३.७ श्रम, रोजगारी तथा गरिबी निवारण

**१. पृष्ठभूमि**

यस गाउँपालिकामा श्रम र रोजगारीको अवस्था चुनौतीपूर्ण छ किनकी कृषि, पशुपालन र जडिबुटी संकलन जस्ता परम्परागत पेशामा निर्भर जनसंख्या बढी भएको र कुनै नियमित स्वरोजगारका अवसरहरु नभएको हुँदा उत्पादनशील र व्यवसायिक श्रम उपयोग न्यून छ। वैदेशिक रोजगारी मुख्य आयस्रोत बनेकाले युवाशक्ति खाडी तथा भारतमा कामका लागि पलायन हुने प्रवृत्ति बढ्दो छ। स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्ने प्रयास सीमित छन् भने औपचारिक रोजगारीको अवसर झनै कम छ। सीप विकास, उद्यमशीलता प्रवर्द्धन र व्यवसायिक तालिम कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन हुन सकेका छैनन्। सामाजिक सुरक्षाको सन्दर्भमा वृद्धभत्ता, अपांगता भत्ता, विधवा भत्ता जस्ता कार्यक्रम सञ्चालनमा छन् तर पहुँच र प्रभावकारिता बढाउन अझै काम गर्नुपर्ने देखिन्छ। असंगठित क्षेत्रका श्रमिकहरूको संरक्षण, श्रम अधिकारको सुनिश्चितता र दिगो स्वरोजगार सिर्जनामा स्थानीय सरकारको भूमिका थप सशक्त बनाउन आवश्यक छ।

**२. समस्या तथा चुनौती**

श्रम र रोजगारी तथा सामाजिक सुरक्षाको क्षेत्रमा थुप्रै समस्या विद्यमान छन्। उत्पादनशील श्रम प्रयोग कम भएको छ र सीपयुक्त श्रमिकहरूको संख्या न्यून छ। वैदेशिक रोजगारीमा निर्भरता अत्यधिक भएकाले स्थानीय रोजगारी सिर्जना चुनौतीपूर्ण छ। स्वरोजगारमुखी उद्यमहरूको विकास सुस्त छ भने युवाहरू कृषिमा आकर्षित हुन चाहँदैनन्। श्रम बजार व्यवस्थित छैन र बेरोजगारी दर उच्च छ। सामाजिक सुरक्षा कार्यक्रमलाई अति पिछडिएको वर्गमाझ मात्र प्रभावकारी हुन सकेको छैन। अनौपचारिक क्षेत्रमा कार्यरत सबै श्रमिकहरू विभिन्न प्रकारका सेवा सुविधाहरुमा समेटिन सकेका छैनन्। असंगठित क्षेत्रका श्रमिकहरू सामाजिक सुरक्षा सञ्जाल बाहिर छन् र श्रम अधिकार सुनिश्चितता कमजोर देखिन्छ।

**३. सोच**

स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गर्दै दिगो रोजगारी सिर्जना र सामाजिक सुरक्षाको पहुँच विस्तार गरी आर्थिक स्वावलम्बन र सामाजिक संरक्षण सुनिश्चित गर्ने।

**४. उद्देश्य**

(क) स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक सीप विकास कार्यक्रममार्फत स्थानीय स्तरमा उत्पादनशील रोजगारी सिर्जना गर्ने,
(ख) सामाजिक सुरक्षा योजना सुदृढ गर्दै श्रमिक वर्गको संरक्षण तथा श्रम अधिकारको सुनिश्चितता गराउने,

**५. रणनीति**

- स्थानीय स्रोत र सीपको उपयोग गर्दै स्वरोजगार तथा साना उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने,

- व्यवसायिक तालिम, उद्यमशीलता विकास र सीपमूलक शिक्षामार्फत उत्पादनशील श्रम बजार तयार गर्ने,
- वैदेशिक रोजगारमा निर्भरता घटाई स्थानीय स्तरमा दिगो रोजगारी सिर्जनाका कार्यक्रमहरू विस्तार गर्ने,
- असंगठित क्षेत्रका श्रमिकहरूको दर्ता, सुरक्षा र अधिकार सुनिश्चित गर्ने नीतिगत सुधार तथा कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा योजना (वृद्धभत्ता, अपांगता भत्ता, श्रमिक बीमा आदि) को पहुँच, प्रभावकारिता र समावेशिता सुदृढ गर्ने,

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सूचीकृत वेरोजगार | संख्या | २०० | २५० | ३०० | ५०० | ७५० |
| रोजगार आयोजना (१०० दिनको रोजगारी) | संख्या | ३ | ५ | ७ | १० | १५ |
| रोजगारी सिर्जना (१०० दिनको रोजगारी) | जना | ५० | ७५ | १५० | २५० | ३०० |
| बैदेशिक रोजगारीमा खोज तथा उद्दार गरिएका व्यक्ति | जना | ० | ० | ५ | १० | १५ |
| पुनः श्रम स्वीकृती सहयोग प्राप्त गर्ने व्यक्ती | जना | ५ | ७ | १५ | ३० | ५० |
| श्रम तथा रोजगार सहकारी | संख्या | ० | ० | १ | १ | १ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २२३८ | १५६७ | ६७१ | ० | ६२७ | १४७७ | १३४ | ० |
| २०८३/०८४ | २३९५ | १६७६ | ७१८ | ० | ६७१ | १५८० | १४४ | ० |
| २०८४/०८५ | २५१४ | १७६० | ७५४ | ० | ७०४ | १६५९ | १५१ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १७ | वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यम विकास सहयोग | बाहिर सिकेको सीपको सदुपयोग गर्दै स्थानीय रोजगार वृद्धि गर्नु | २०८२/०८३-२०८४/०८७ | १०८० | श्रमको सदुपयोग गर्दै युवा रोजगारका अवसर वृद्धि हुने |
| १८ | रोजगारी र गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालन | स्थानीयस्तरमा नै रोजगारीको सृजना गर्दै गरिबी न्यूनीकरणमा सहयोग गर्नु | सालबसाली | ६०६७ | युवाहरुको वार्षिक आम्दानी वृद्धि हुने छ |

**९. जोखिम तथा अनुमान**

स्थानिय स्रोत, सीप तथा कार्यक्रमहरूको प्रभावकारी उपयोग भई स्वरोजगार र दिगो रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । व्यवसायिक तालिम, उद्यमशीलता प्रवर्द्धन र सामाजिक सुरक्षा विस्तारका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने विश्वास गरिएको छ । तर बजेटको अभाव, सीप र प्रविधिको कमी, वैदेशिक रोजगारी आकर्षणको निरन्तरता तथा असंगठित क्षेत्रको उच्च हिस्सा जस्ता कारणले योजनाबद्ध लक्ष्य प्राप्तिमा अवरोध आउन सक्छ । सामाजिक सुरक्षाको प्रभावकारिता कम भएमा श्रमिक सुरक्षामा चुनौती थपिन सक्छ । नीति कार्यान्वयनमा ढिलाइ वा समुदायको न्यून सक्रियताले रोजगारी तथा श्रमिक संरक्षण लक्ष्य हासिलमा जोखिम बढ्न सक्छ ।

# परिच्छेद–४ सामाजिक क्षेत्र

## ४.१ जनस्वास्थ्य तथा पोषण

**१. पृष्ठभूमि**

गाउँपालिकामा स्वास्थ्य तथा पोषण क्षेत्र सुधारका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । हाल गाउँपालिकामा १० शैयाको अस्पताल, स्वास्थ्य इकाइहरू, फार्मेसी र MBBS डाक्टरसहित सेवा सञ्चालनमा छन् । कोरोना महामारीको बेला सबै नागरिकलाई खोप लगाइएको थियो भने विपन्न परिवारका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ । बस्ती बस्तीमा स्वास्थ्य सेवा पु्र्‍याउने र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । सुत्केरी, गर्भवती महिला तथा नवजात शिशुका लागि विशेष चासो दिइएको छ । आयुर्वेदिक सेवा, हाड जोर्नी सम्बन्धी शिविर र पशुपंक्षीको रोग नियन्त्रणमा समेत सक्रियता देखिएको छ। साथै, पोषण सुधारका लागि सचेतानमुलक कार्यक्रमहरु सञ्चालन गर्दै बालविवाह, कम उमेरमा गर्भधारण जस्ता कार्यहरु रोक्न सामाजिक अभियान सञ्चालन गर्दै महिलाको स्वच्छता र पोषण सुरक्षामा ध्यान दिइएको छ । स्वास्थ्य पूर्वसावधानी, सशक्त जनचेतना तथा बृहत सेवा विस्तारका माध्यमबाट गाउँपालिकाले स्वास्थ्य र पोषण क्षेत्रमा उल्लेखनीय सुधार गर्दै आएको छ ।

**२. समस्या तथा चुनौती**

स्वास्थ्य तथा पोषण क्षेत्रमा धेरै समस्या विद्यमान छन् । दुर्गम भौगोलिक अवस्थाका कारण सबै बस्तीमा स्वास्थ्य सेवा पुर्‍याउन कठिनाइ छ । स्वास्थ्य संस्था तथा पूर्वाधारको संख्या र गुणस्तर अपर्याप्त छ । दक्ष जनशक्ति र विशेषज्ञ डाक्टरको अभाव रहेको छ । औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति सुनिश्चित हुन सकेको छैन । आर्थिक अभावले गर्दा विपन्न वर्गले गुणस्तरीय स्वास्थ्य सेवा लिन सकिरहेका छैनन् । बालबालिका र महिलामा कुपोषण समस्या कायमै छ । रोग रोकथामभन्दा उपचारमा बढी ध्यान दिइएको छ । जनस्वास्थ्य शिक्षाको पहुँच कम भएकोले संक्रमण र रोग फैलिन सहज बनेको छ ।

स्वास्थ्य तथा पोषण क्षेत्र सुदृढ बनाउन गाउँपालिकाले विभिन्न चुनौतीहरू सामना गर्नुपरेको छ । सबै वडामा आधारभूत र स्तरीय स्वास्थ्य सेवा पहुँच विस्तार गर्नु एक प्रमुख चुनौती हो । दक्ष जनशक्ति भित्र्याउने र दीगो रूपमा स्थायित्व कायम राख्न कठिन छ । आकस्मिक उद्धार र जटिल रोग उपचारका लागि समयमै सेवा पुर्‍याउन आवश्यक पूर्वाधार र साधनको अभाव छ । पोषण सुधारका लागि दीर्घकालीन व्यवहार परिवर्तन गराउनु चुनौतीपूर्ण छ । बालविवाह, कुपोषण र सरुवा रोग नियन्त्रणमा निरन्तर जनचेतना र सेवा आवश्यक छ । गाउँबस्तीमा नियमित स्वास्थ्य परीक्षण र स्वच्छता प्रवर्द्धन गर्न सामाजिक र संरचनात्मक चुनौतीहरू छन् ।

**३. सोच**

स्वस्थ, सवल र समृद्ध समुदाय निर्माण गर्न प्रत्येक नागरिकको स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गरी गुणस्तरीय, सुलभ र सर्वसुलभ स्वास्थ्य तथा पोषण सेवा प्रवाह गर्ने ।

**४. उद्देश्य**

(क) सबै वडामा गुणस्तरीय, सुलभ र सर्वसुलभ आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच सुनिश्चित गर्नु ।

(ख) मातृ, नवजात, बालबालिका र किशोरी स्वास्थ्यमा सुधार ल्याई कुपोषण दर न्यूनिकरण गर्नु ।

(ग) रोग रोकथाम, स्वास्थ्य शिक्षा तथा नियमित स्वास्थ्य परीक्षणको प्रवर्द्धन गरी समुदायमा स्वस्थ जीवनशैली विकास गर्नु ।

**५. रणनीति**

रणनीति १: स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने

रणनीति २: मातृ, नवजात, बालबालिका र किशोरी स्वास्थ्य सुधार गर्ने

रणनीति ३: पोषण सुधार तथा कुपोषण न्यूनीकरणका लागि एकीकृत कार्यक्रम विकास गर्ने

रणनीति ४: रोग रोकथाम र स्वास्थ्य शिक्षा प्रवर्द्धन गर्ने

रणनीति ५: स्वास्थ्य बीमा तथा आपतकालीन सेवा सुदृढ गर्ने

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. | चालु आ.व. | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ को | २०८१/०८२ को | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| बच्चालाई ६ महिना सम्म स्तनपान गराउने महिला | प्रतिशत | ७ | ६३ | ७५ | ८५ | ९९ |
| वृद्धि अनुगमन ०-२३ महिनाका बालबालिको औषत भेट | प्रतिशत | १७ | १७ | २५ | ३० | ३५ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ७ | ३ | १ | १ | ० |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | १३ | ९ | १५ | २० | ३० |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | ५ | ६ | २ | १ | ० |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ५० | ६१ | ७५ | ८० | ९० |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोश्रोबिचको ड्रपआउट दर | प्रतिशत | २ | ६ | ९ | १२ | १५ |
| २३ महिना भित्र पूर्णखोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ६९ | ६१ | ६५ | ६६ | ७० |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | ० | ० | ० | ० | ० |
| निमोनियाका विरामी दर (२ देखि ५९ महिनाका बालबालिका) | जना | ८८/१००० | ११९/१००० | | | |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | ४३०/१००० | ३८३/१००० | २००/१००० | १००/१००० | २०/१००० |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ५६ | ६० | ६२ | ६५ | ६८ |
| स्थानीयस्तरमै प्राथमिक उपचार प्राप्त गर्ने जनसंख्या | प्रतिशत | २० | २५ | ३० | ३५ | ४५ |
| प्रविधि र जनशक्ति सहित सेवा दिइरहेका संस्था | संख्या | ३८ | ४१ | ५० | ५५ | ६० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ९८२० | ६८७४ | २९४६ | ० | २७५० | ६४८१ | ५८९ | ० |
| २०८३/०८४ | १०५०७ | ७३५५ | ३१५२ | ० | २९४२ | ६९३५ | ६३० | ० |
| २०८४/०८५ | ११०३३ | ७७२३ | ३३१० | ० | ३०८९ | ७२८२ | ६६२ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १९ | महिला स्वयम सेविकाको क्षमता अभिवृद्धि कार्यक्रम | महिल स्वयमसेविकाको क्षमता अभिवृद्धि गर्नु | २०८२/०८३-२०८४/०८७ | ८१० | स्थानीय समुदायमा स्वास्थ्य सेवा गुणस्तरीय हुनेछ |
| २० | स्वास्थ्य सुधारका कार्यक्रम | गुणस्तरीय सेवा दिनु | सालबसाली | ३०५५० | स्वास्थ्य सेवा प्रभावकारी हुनेछ |

**९. जोखिम तथा अनुमान**

स्वास्थ्य तथा पोषण क्षेत्रमा बिस्तारै सेवा पहुँच र जनचेतनामा सुधार आउने अपेक्षा गरिएको छ। आधारभूत पूर्वाधार सुदृढ भई मातृ–शिशु मृत्यु दर घट्ने अनुमान छ। यद्यपि, विपन्नता, जनशक्ति अभाव तथा आकस्मिक रोग महामारी जस्ता जोखिमहरूले लक्ष्य प्राप्तिमा चुनौती निम्त्याउन सक्छन्। यसका लागि गाउँपालिकाले पूर्व तयारी, सेवा पहुँचको सुनिश्चितता र नियमित कार्यक्रम कार्यान्वयनको उपयुक्त प्रणालीको विकास गर्नु पर्ने छ।

## ४.२ शिक्षा, कला, भाषा तथा साहित्य

**१. पृष्ठभूमि**

गाउँपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रलाई दीर्घकालीन विकासको आधार मानेर विभिन्न पहलहरू अघि बढाएको छ। विद्यालय पूर्वाधारहरूलाई सुरक्षित, समावेशी र प्रविधिमैत्री बनाउने कार्यलाई प्राथमिकतामा राखिएको छ। कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम विकास गरिएको छ भने सम्पूर्ण विद्यालयहरूमा खानेपानी तथा सरसफाइ सुधार कार्यक्रम सञ्चालन गरिएको छ। बालमैत्री वातावरण बनाउन र विद्यार्थीहरूको समग्र विकासका लागि खेलकुद, सिर्जनात्मक गतिविधि र पोषणयुक्त खाजा कार्यक्रम लागु गरिएको छ। सूचना प्रविधिको पहुँच वृद्धि गर्न इन्टरनेट जडान तथा डिजिटल शिक्षण सामग्री प्रयोग थालिएको छ। शिक्षकहरूलाई ल्यापटप वितरण तथा दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ। नवप्रवर्तनको क्षेत्रमा विद्यालय र समुदायमा व्यवहारिक सीप र प्रविधि आधारित शिक्षण सिकाइ पद्धति अपनाउने प्रयास भइरहेको छ जसले दीर्घकालीन सामाजिक–आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

**२. समस्या तथा चुनौती**

शिक्षा क्षेत्रमा पूर्वाधार, प्रविधि तथा गुणस्तरीय सिकाइको कमी मुख्य समस्या हो। विद्यालयमा भौतिक संरचनाहरु पर्याप्त सुरक्षित छैनन् भने शिक्षण सिकाइ वातावरण अझै सुधार गर्नु पर्ने आवश्यकता देखिन्छ। दक्ष शिक्षक अभाव र आवश्यक शिक्षक तालिमको

कमी छ । डिजिटल पहुँच सीमित छ र प्रविधिमैत्री शिक्षण पद्धति स्थायी रूपमा लागू हुन सकेको छैन । आर्थिक अभावका कारण बालबालिकाको नियमित विद्यालय जाने दर अझै न्यून छ । बालमैत्री र समावेशी शिक्षामा अझ सशक्त तरिकाले लागू गर्नु पर्ने देखिन्छ।

सबै विद्यालयमा सुरक्षित पूर्वाधार, प्रविधि र शिक्षण गुणस्तर अभिवृद्धि गर्नु मुख्य चुनौती हो । सूचना प्रविधिमा दक्ष शिक्षक तयार गर्नु र आधुनिक शिक्षण पद्धति अपनाउनु अर्को चुनौतीपूर्ण क्षेत्र हो । ग्रामीण तथा दुर्गम वडामा नियमित शिक्षण सिकाइ निरन्तरता दिन समस्या छ । बालबालिका, विशेष गरी विपन्न तथा सिमान्तकृत वर्गमा, विद्यालय आकर्षण र निरन्तरता कायम राख्न सामाजिक तथा सांस्कृतिक चुनौतीहरू छन् । नवप्रवर्तनमुखी शिक्षाको व्यवहारिक कार्यान्वयन अर्को गम्भीर चुनौती हो ।

**३. सोच**

समान पहुँचसहितको गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र नवप्रवर्तनमुखी शिक्षा प्रणाली विकास गरी स्थानीय सामाजिक–आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने ।

**४. उद्देश्य**

(क) सबै वडामा वातावरणमैत्री सुरक्षित, पहुँचयुक्त र प्रविधिसँग समायोजित विद्यालय पूर्वाधार विकास गर्नु ।
(ख) गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न दक्ष शिक्षक तयार पार्ने र प्रविधिमैत्री शिक्षण पद्धति विकास गर्नु ।
(ग) बालमैत्री, समावेशी तथा व्यवहारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाको समग्र विकास गर्नु ।
(घ) विज्ञान, प्रविधि, कृषि र सीप विकाससँग जोडिएका नवप्रवर्तन परियोजनाहरू प्रवर्द्धन गर्दै व्यवहारिक शिक्षा प्रणाली बलियो बनाउदै जानु ।

**५. रणनीति**

रणनीति १: विद्यालय पूर्वाधार र शैक्षिक पहुँच सुदृढीकरण

रणनीति २: गुणस्तरीय सिकाइ र शिक्षक क्षमता अभिवृद्धि

रणनीति ३: प्रविधिमैत्री र नवप्रवर्तनयुक्त शिक्षण सिकाइ प्रवर्द्धन

रणनीति ४: समावेशी शिक्षा र विद्यार्थी समग्र विकास प्रवर्द्धन

रणनीति ५: विज्ञान, प्रविधि र सीप विकाससँग जोडिएको व्यवहारिक शिक्षा प्रवर्द्धन

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | संख्या | ० | ० | ० | ० | ० |
| आधारभूत तालिम प्राप्त शिक्षक | प्रतिशत | १५ | २५ | ३० | ५० | ७५ |
| ४-५ वर्ष उमेर समूहका बाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | संख्या | | | | | |
| कक्षा १ मा बाल विकासको अनुभव सहित | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| भर्ना हुने विद्यार्थी | | | | | | |
| कक्षा १-५ मा भर्ना हुने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ६-८ मा भर्ना हुने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १-५ तह पुरा गर्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ६-८ तह पुरा गर्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १० पुरा गर्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १२ पुरा गर्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १-५ दोहोर्याउने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ६-८ दोहोर्याउने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ९-१० दोहोर्याउने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १-५ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ६-८ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा ९-१० को विद्यालय छोड्ने विद्यार्थी | संख्या | | | | | |
| कक्षा १-५ मा भर्ना हुने छात्रा | संख्या | | | | | |
| कक्षा ६-८ मा भर्ना हुने छात्रा | संख्या | | | | | |
| गणितको सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | | | | | |
| विज्ञानको सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | | | | | |
| अंग्रेजीको सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | | | | | |
| पुस्तकालय भएका विद्यालय | संख्या | | | | | |
| विज्ञान प्रयोगशाला | संख्या | | | | | |
| सूचना तथा सञ्चार प्रविधि (ICT) सुबिधा भएको संख्या | संख्या | | | | | |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | संख्या | | | | | |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १०६००० | ७४२०० | ३१८०० | ० | २९६८० | ६९९६० | ६३६० | ० |
| २०८३/०८४ | ११३४२० | ७९३९४ | ३४०२६ | ० | ३१७५८ | ७४८५७ | ६८०५ | ० |
| २०८४/०८५ | ११९०९१ | ८३३६४ | ३५७२७ | ० | ३३३४५ | ७८६०० | ७१४५ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३० | शिक्षा सुधारका कार्यक्रम | गुणस्तरीय शिक्षा प्रदान गर्नु | सालबसाली | ३३८५११ | व्यवहारोपयोगी शिक्षा सुनिश्चित हुने |

**९. जोखिम तथा अनुमान**

यस गाउँपालिकामा शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रमा व्यापक सुधारको अपेक्षा गरिएको छ । विद्यालय पूर्वाधार सुदृढीकरण, डिजिटल पहुँच विस्तार, गुणस्तरीय शिक्षण सिकाइ प्रवर्द्धन, र नवप्रवर्तन परियोजनाबाट विद्यार्थी र समुदायमा सकारात्मक रूपान्तरण हुने अनुमान गरिएको छ । यद्यपि, दुर्गम भौगोलिक अवस्था, प्रविधि पूर्वाधार तथा दक्ष जनशक्ति अभाव, बजेट अपर्याप्तता, र समुदायमा प्रविधि तथा नवप्रवर्तनप्रति न्यून स्वीकृतिको जोखिम रहेको छ । सामाजिक तथा सांस्कृतिक चुनौतीले योजना कार्यान्वयनमा अवरोध सिर्जना गर्न सक्छ, जसले लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न गराउने सम्भावना रहन्छ।

## ४.३ खानेपानी तथा सरसफाइ

**१. पृष्ठभूमि**

सुरक्षित खानेपानी तथा सरसफाइलाई स्थानीय स्वास्थ्य र जीवनस्तर सुधारका लागि आधारभूत क्षेत्रका रूपमा प्राथमिकता दिएको छ। गाउँपालिकाले "एक घर, एक धारा" अभियानलाई अगाडि बढाउँदै सबै घरधुरीमा सुरक्षित खानेपानीको पहुँच पुर्‍याउने लक्ष्य लिएको छ । सामुदायिक ढल निकास व्यवस्थापन, सार्वजनिक स्थलमा आधुनिक सार्वजनिक शौचालय निर्माण तथा घर आँगन सफा राख्ने कार्यक्रमहरू सञ्चालन भएका छन् । विद्यालयहरूमा सुरक्षित पानी र सरसफाइ सुविधा स्थापना गरिएको छ । विशेष गरी महिलाहरूको स्वास्थ्य र स्वच्छता सुनिश्चित गर्न सेनेटरी प्याड बैंक स्थापनाको पहल गरिएको छ । टोल–टोलमा ढल व्यवस्थापन र सरसफाइ चेतना कार्यक्रममार्फत स्वच्छ गाउँ निर्माणको प्रयास भइरहेको छ । जलस्रोत संरक्षण तथा बृक्षारोपण कार्यक्रमहरू पनि खानेपानी स्रोत दीगो बनाउन समन्वय गरिएका छन् । यी प्रयासहरूले जनस्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

**२. समस्या तथा चुनौती**

यहाँ खानेपानी तथा सरसफाइ क्षेत्रमा केही महत्वपूर्ण समस्या विद्यमान छन् । सबै वडामा समान रुपमा सुरक्षित खानेपानी सेवा विस्तार हुन सकेको छैन । धेरै ठाउँमा खानेपानी धारा, स्रोत र वितरण प्रणालीको मर्मत सम्भार आवश्यक छ । जलस्रोतमा प्रदूषण र सुक्खा

मौसममा पानीको कमी हुनु अर्को समस्या बनेको छ । ढल व्यवस्थापनको उचित संयन्त्र अभाव छ जसले वातावरणीय तथा स्वास्थ्यजन्य जोखिम बढाएको छ । विद्यालय र सार्वजनिक स्थानहरूमा स्वच्छता पूर्वाधार अझै विस्तार गर्नु पर्ने देखिन्छ । स्रोत तथा बजेट अभावका कारण दीगो खानेपानी प्रणाली स्थापना चुनौतीपूर्ण बन्दै गएको छ । समुदायस्तरमा खानेपानी तथा सरसफाइसम्बन्धी सचेतनामा तिव्र विकास गर्नु पर्ने देखिन्छ ।

खानेपानी तथा सरसफाइको गुणस्तर र पहुँच विस्तार गर्नु प्रमुख चुनौती हो । सुरक्षित खानेपानी सेवाको दिगोपन कायम राख्न स्रोतको संरक्षण, प्रविधि सुधार र व्यवस्थापन क्षमतामा सुधार आवश्यक छ । सबै बस्तीहरूमा भरपर्दो धारा तथा ढल व्यवस्थापन प्रणाली स्थापना गर्नु कठिन छ । जलवायु परिवर्तन र प्राकृतिक स्रोत सुक्ने समस्याले दीगो आपूर्ति सुनिश्चित गर्न चुनौती थपिएको छ । वडागत भौगोलिक विकटता र प्राविधिक जनशक्ति अभावले कार्यान्वयनमा ढिलाइ हुन सक्छ । समुदायमा स्वच्छता संस्कार र नियमित मर्मतसम्भारको चेतना अभाव हुँदा दीर्घकालीन सुधार सुनिश्चित गर्नु थप जटिल हुने जोखिम छ ।

### ३. सोच

सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी सेवा तथा समग्र सरसफाइ सुधार गरी स्वच्छ, स्वस्थ र व्यवस्थित जीवनशैली प्रवर्द्धन गर्ने ।

### ४. उद्देश्य

(क) गाउँपालिकाका सबै वडामा सुरक्षित र भरपर्दो खानेपानी सेवा पहुँच सुनिश्चित गर्नु ।

(ख) व्यक्तिगत, घरेलु र सार्वजनिक सरसफाइ प्रवर्द्धन गरी स्वास्थ्य संवेदनशील तथा वातावरणमैत्री समुदाय निर्माण गर्नु ।

### ५. रणनीति

रणनीति १: सुरक्षित र भरपर्दो खानेपानी सेवा विस्तार गर्ने

रणनीति २: सरसफाइ तथा ढल व्यवस्थापन प्रणाली सुधार गर्ने

रणनीति ३: स्वास्थ्य र स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

रणनीति ४: खानेपानी तथा सरसफाइ सेवाको दीगो व्यवस्थापन सुनिश्चित गर्ने

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. | चालु आ.व. | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ को | २०८१/०८२ को | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ६५ | ६५ | ७५ | ८० | ९० |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ६ | ६ | २० | ३० | ५० |
| गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | ६५ | ६५ | ७५ | ८० | ९० |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ६५ | ६५ | ७५ | ८० | ९० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| सार्वजनिक शौचालय | संख्या | २ | २ | ४ | ६ | ६ |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३३०० | २३१० | ९९० | ० | ९२४ | २१७८ | १९८ | ० |
| २०८३/०८४ | ३५३१ | २४७२ | १०५९ | ० | ९८९ | २३३० | २१२ | ० |
| २०८४/०८५ | ३७०८ | २५९५ | १११२ | ० | १०३८ | २४४७ | २२२ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३१ | खानेपानी तथा सरसफाइ व्यवस्थापन कार्यक्रम | समुदायमा खानेपानी तथा सरसफाइको सहज व्यवस्थापन गर्नु | सालबसाली | १०५३९ | गाउँपालिकामा खानेपानी तथा सरसफाइ व्यवस्थित हुने |

**९. जोखिम तथा अनुमान**

सुरक्षित खानेपानी तथा सरसफाइ विस्तार भएसँगै जनस्वास्थ्यमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ । मर्मत सम्भार प्रणाली, जलस्रोत संरक्षण र सरसफाइ प्रवर्द्धन कार्यक्रमले समुदायमा स्वच्छ वातावरण सिर्जना गर्नेछ । यद्यपि, स्रोतको अभाव, जलवायु परिवर्तन, प्राविधिक जनशक्ति अभाव र सामुदायिक स्वामित्व कमजोर हुँदा दीगो सेवा सुनिश्चित गर्न कठिनाइ हुन सक्छ । दीर्घकालीन प्रभाव सुनिश्चित गर्न नियमित मर्मत, सचेतना र सहकार्य अपरिहार्य रहनेछ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण

**१. पृष्ठभूमि**

महिला, बालबालिका र लक्षित वर्गको हक, अवसर र सशक्तिकरणलाई विकासको मूल प्रवाहमा समेट्न गौमुल गाउँपालिकाले विशेष प्राथमिकता दिएको छ । महिलाहरूका लागि क्षमता विकास तालिम, सहकारीमार्फत आर्थिक सशक्तिकरण, सुरक्षित मातृत्व सेवा प्रवर्द्धन जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् । अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन, परिचयपत्र वितरण र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ । बालविवाह न्यूनीकरण, बाल अधिकार संरक्षण, र बालमैत्री वातावरण निर्माणका लागि विद्यालय र समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ । लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, स्वास्थ्य सेवा र पोषणसम्बन्धी सेवा पहुँचमा सुधार ल्याउने प्रयास भइरहेको छ । दलित तथा विपन्न समुदायलाई आवास, शिक्षा, स्वास्थ्य तथा सीप विकास कार्यक्रममार्फत जीवनस्तर उकास्ने अभियान अघि बढाइएको छ । त्यसरी नै गाउँपालिकाले जेष्ठ नागरिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ताको वितरण तथा जाडो मौसममा न्यानो कपडा वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**२. समस्या तथा चुनौती**

यस पालिकामा महिला, बालबालिका तथा लक्षित वर्गको विकासमा विभिन्न समस्या देखिन्छन्। लैङ्गिक विभेद, बालविवाह, महिला हिंसा र सामाजिक कुरीति अझै विद्यमान छन्। अपाङ्गता भएका व्यक्तिहरूको लागि सहज पहुँचयुक्त सेवा र पूर्वाधारको कमी

छ। लक्षित वर्गमा शिक्षा, स्वास्थ्य र आर्थिक सेवाको पहुँच सन्तोषजनक छैन। विपन्नता र अशिक्षाको कारण महिलाहरूको निर्णय प्रक्रियामा सहभागिता न्यून छ। बालबालिकाको सुरक्षामा कमजोर चेतना, तथा सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन अभाव समस्या बनेको छ। योजनाहरू भए पनि कार्यान्वयन र अनुगमनमा प्रभावकारीता कायम हुन सकेको छैन।

महिला, बालबालिका तथा लक्षित वर्गको अधिकार सुनिश्चित गर्दै दिगो सशक्तिकरण गर्न महत्वपूर्ण चुनौतीहरू छन्। सामाजिक संरचनागत भेदभाव अन्त्य गर्नु, बालविवाह र महिला हिंसा घटाउनु, र समान अवसर प्रदान गर्नु जटिल छ। लक्षित समूहका लागि दीर्घकालीन योजना सञ्चालनमा स्रोत र दक्ष जनशक्तिको अभाव चुनौती बनेको छ। पहुँचयुक्त पूर्वाधार, गुणस्तरीय सेवा, र व्यवहार परिवर्तनमा निरन्तरता कायम राख्न गाह्रो छ। अपाङ्गता भएका तथा विपन्न समुदायलाई समावेशी बनाउने वातावरण सृजना गर्नु, र सचेतना विस्तार गरेर व्यवहारमा परिवर्तन ल्याउनु अझै कठिन कार्य हो।

### ३. सोच

समानता, समावेशीकरण र सशक्तिकरणको माध्यमबाट महिला, बालबालिका र लक्षित वर्गको सामाजिक, शैक्षिक र आर्थिक विकास सुनिश्चित गर्ने।

### ४. उद्देश्य

(क) लैङ्गिक समानता प्रवर्द्धन गर्दै महिला र बालबालिकाको अधिकार संरक्षण तथा सुरक्षित वातावरण सुनिश्चित गर्नु

(ख) लक्षित वर्गका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य र सीप विकासमा पहुँच अभिवृद्धि गर्दै आर्थिक सशक्तिकरणमा जोड दिनु।

(ग) अपाङ्गता भएका र सिमान्तकृत समुदायका लागि पहुँचयुक्त सेवा, पूर्वाधार तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नु।

### ५. रणनीति

रणनीति १: लैङ्गिक समानता र बालअधिकार प्रवर्द्धन

रणनीति २: लक्षित वर्गको शिक्षा, स्वास्थ्य र आर्थिक सशक्तिकरण प्रवर्द्धन

रणनीति ३: पहुँचयुक्त पूर्वाधार र सामाजिक सुरक्षाको सुदृढीकरण

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | प्रतिशत | १० | १५ | १८ | १८ | २० |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका महिला | सङ्ख्या | ० | ० | ५ | १० | १५ |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति | संख्या | ० | ० | ५ | ७ | ९ |
| नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/ संरचना | प्रतिशत | २० | ३० | ५० | ५० | ६० |
| लैंगिक हिंसा एवम घरेलु हिंसा सम्बन्धि घटना (वार्षिक) | संख्या | २ | २ | १ | १ | ० |
| सिपमुलक तालिम प्राप्त महिला | संख्या | ० | ० | ५ | १० | १५ |
| अनुदान प्राप्त गरी व्यवसाय संचालन गर्ने महिला, दलित र अपांगता भएका तथा एकल व्यक्ति | संख्या | ० | ० | २ | ५ | ७ |
| विउ पुँजी प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने हिंसा पिडित महिला | सङ्ख्या | ० | ० | २ | १ | ० |
| सामाजिक सुरक्षा सञ्जालमा आवद्ध लाभग्राही | प्रतिशत | ५ | ७ | ५ | २० | २० |
| EFT मार्फत सामाजिक सुरक्षा वृत्ति पाउने लाभग्राही | प्रतिशत | २ | ५ | ७ | १५ | ५० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३६०० | २५२० | १०८० | ० | १००८ | २३७६ | २१६ | ० |
| २०८३/०८४ | ३८५२ | २६९६ | ११५६ | ० | १०७९ | २५४२ | २३१ | ० |
| २०८४/०८५ | ४०४५ | २८३१ | १२१३ | ० | ११३२ | २६६९ | २४३ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३२ | महिला बालबालिका तथा सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन | समुदायमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्नु | सालबसाली | ११४९७ | पछाडि पारिएको वर्गलाई विकासको मूलधारमा आउनेछ। |

**९. जोखिम तथा अनुमान**

महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तीकरणमा चलाइने कार्यक्रमबाट सामाजिक समावेशीकरण, सीप विकास र सेवा पहुँचमा उल्लेखनीय सुधार आउने अनुमान गरिएको छ । तर सामाजिक कुरीति, लैङ्गिक विभेद, स्रोत अभाव र सामुदायिक सहभागिताको कमीजस्ता जोखिमले कार्यक्रमको प्रभावकारिता घटाउने सम्भावना छ । योजना दीर्घकालीन बनाउन सचेतना अभिवृद्धि, संस्थागत समन्वय र अनुगमन प्रणाली सुदृढ गर्नु अपरिहार्य रहनेछ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

**१. पृष्ठभूमि**

गाउँपालिकाले युवाहरूलाई सीपयुक्त, स्वावलम्बी र राष्ट्र निर्माणमा योगदान दिन सक्षम बनाउने लक्ष्यसहित विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गाउँपालिकामा रोजगारी तथा व्यवसाय स्थापनाका सम्भावना हुँदाहुँदै युवाशक्ति विदेश पलायन हुने प्रवृत्ति देखिएको छ। त्यसलाई रोक्न गाउँपालिकाले युवाहरूका लागि व्यवसायिक सीप तालिम, लघु उद्यम प्रवर्द्धन, सहकारीमार्फत स्वरोजगार र स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ।  त्यसरी नै सामाजिक रुपान्तरण र आत्मविश्वास अभिवृद्धिका लागि खेलकुद गतिविधिहरू सञ्चालनमा ल्याइएको छ। प्रत्येक वर्ष "युवा सीप परीक्षण सम्मेलन" तथा "खेल महोत्सव" आयोजना गरिने लक्ष्य लिइएको छ । खेलमैदान निर्माण, खेलकुद सामग्री वितरण तथा पालिकास्तरीय प्रतिस्पर्धाले युवामा नेतृत्व विकास र सहकार्य भावना प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ। यसरी गाउँपालिकाले युवा तथा खेलकुदलाई समृद्ध भविष्य निर्माणको आधारका रूपमा अघि सारेको छ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रमा विभिन्न समस्या रहेकाछन् । युवाहरूको उच्च बेरोजगारी दर र सीपको अभावका कारण स्थानीय तहमा प्राप्त हुने साना–साना अवसरमा समेत उच्च प्रतिष्पर्धा हुने गरेको छ । वैदेशिक रोजगारप्रति बढी आकर्षण हुँदा गाउँमा श्रमशक्ति घटिरहेको छ । व्यवसायिक सीप तालिमको पहुँच सीमित र परिणाममुखी कार्यक्रमको अभाव छ । खेलकुद पूर्वाधार (खेलमैदान, उपकरण) को कमी र व्यवस्थापनको कमजोरीका कारण खेल गतिविधि सिमित बनेको छ । युवा कार्यक्रमहरूको दीगो अनुगमन तथा समन्वय न्यून देखिन्छ । सामाजिक गतिविधिमा युवाहरूको संलग्नता र नेतृत्व विकास कमजोर छ । सशक्त युवाशक्ति निर्माणका लागि पर्याप्त संरचना र अवसरको अभाव विद्यमान छ ।

युवाहरूलाई स्वदेशमै रोजगार, उद्यमशीलता र नेतृत्व विकासमा आकर्षित गर्नु प्रमुख चुनौती हो । बेरोजगारी र विदेश पलायन रोक्न दीर्घकालीन योजना र लगानी आवश्यक छ । सबै वडामा खेलकुद पूर्वाधार विकास र खेल प्रतिभा पहिचान तथा प्रोत्साहनमा निरन्तरता राख्न कठिनाइ छ । व्यवसायिक सीप अभिवृद्धि कार्यक्रमहरूलाई व्यवहारिक र उत्पादनशील बनाउन स्रोत र दक्ष जनशक्ति आवश्यक छ । युवा समूहहरूमा सशक्तिकरण र सकारात्मक सोच विकास गरी सामाजिक नेतृत्वमा सक्रिय गराउनु चुनौतीपूर्ण छ । प्रविधिमैत्री र नवप्रवर्तनशील सोच भएका युवाहरूको सिर्जनशील क्षमता सदुपयोग गर्न दिगो अवसर सिर्जना गर्नुपर्ने आवश्यक छ ।

### ३. सोच

स्वदेशमै सक्षम, सिर्जनशील र उद्यमशील युवा विकास गर्दै खेलकुद प्रवर्द्धनमार्फत स्वस्थ, समावेशी र दिगो समाज निर्माण गर्नु ।

### ४. उद्देश्य

(क) युवाहरूको सीप विकास, उद्यमशीलता प्रवर्द्धन र स्वदेशमै रोजगारी सिर्जना गर्न सहजीकरण गर्नु ।
(ख) खेलकुद पूर्वाधार विकास र खेल गतिविधिहरूलाई संस्थागत बनाउँदै युवाहरूको स्वास्थ्य, नेतृत्व क्षमता र सहकार्य भावना अभिवृद्धि गर्नु ।

### ५. रणनीति

रणनीति १: युवा सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने

रणनीति २: स्वदेशमै रोजगारी सिर्जना र रोकथाम

रणनीति ३: खेलकुद पूर्वाधार विकास र खेल प्रवर्द्धन गर्ने

रणनीति ४: युवा नेतृत्व र सामाजिक सहभागिता अभिवृद्धि गर्ने

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. | चालु आ.व. | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ को | २०८१/०८२ को | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | २ | ३ | ५ | ६ | ६ |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | ५० | १५० | २५० | ४०० | ६०० |
| खेल मैदान | संख्या | १ | २ | ५ | ६ | ६ |
| अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ० | ० | १ | १ | १ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ० | ० | ३ | ३ | ५ |
| अनुदानमा युवाद्धारा सञ्चालित उद्यम व्यवसाय | संख्या | ० | १ | ५ | ५ | ५ |
| वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ५ | ७ | १० | १५ | २० |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | प्रतिशत | १ | १ | २ | २ | २ |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | २१०० | ९०० | ० | ८४० | १९८० | १८० | ० |
| २०८३/०८४ | ३२१० | २२४७ | ९६३ | ० | ८९९ | २११९ | १९३ | ० |
| २०८४/०८५ | ३३७० | २३५९ | १०११ | ० | ९४४ | २२२५ | २०२ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३३ | युवा, खेलकुद तथा नवप्रवर्तनका कार्यक्रमहरु | युवाहरुलाई खेलकुद तथा नवप्रवर्तनका कार्यमा सहभागी गराउनु | सालबसाली | ९५८१ | युवाहरु स्वरोजगार तथा नवप्रवर्तनमा संलग्न भइ विकासमुलक गतिविधिमा सहभागी हुने |

**९. जोखिम तथा अनुमान**

युवा तथा खेलकुद क्षेत्रमा सञ्चालन हुने कार्यक्रमबाट युवाहरूमा सीप, नेतृत्व क्षमता र स्वदेशमै रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । खेलकुद गतिविधिबाट स्वास्थ्य र सहकार्य भावना अभिवृद्धि हुनेछ । तर स्रोत अभाव, दीर्घकालीन योजना र व्यवस्थापन कमजोरी तथा युवाहरूको विदेश पलायन रोक्न नसकिने जोखिम विद्यमान रहनेछ । यसका लागि गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकारसँग सहकार्य गरि युवावर्गको सर्वाङ्गिन विकासका लागि एकीकृत योजना तर्जुमा गरि लागू गर्न सक्नु पर्दछ ।

## ४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण

**१. पृष्ठभूमि**

गौमुल गाउँपालिकामा सामाजिक सुरक्षा तथा नागरिक पञ्जीकरण जनकल्याणमुखी सेवा प्रवाहको एक महत्वपूर्ण पक्ष हो। वृद्धवृद्धा, एकल महिला, अशक्त, अपाङ्गता भएका व्यक्ति, बालबालिका र अन्य लक्षित वर्गलाई सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउँदै उनीहरूको जीवनस्तर uplift गर्नुपर्ने राज्यको जिम्मेवारीलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। यद्यपि, भौगोलिक विकटता, सूचना प्रवाहको सीमितता र अभिलेख व्यवस्थापनको कमजोरीका कारण सबै लक्षित वर्ग सामाजिक सुरक्षा योजनामा समेटिन सकेका छैनन्। पञ्जीकरण सेवाको पहुँच विस्तार हुँदै गएको छ, तर धेरै नागरिक अझै समयमै जन्म, मृत्यु, विवाह, बसाइँसराइ आदि घटना दर्ता गर्नबाट बञ्चित छन्। यस्तो अवस्थामा स्थानीय तहमा सूचना प्रविधिमैत्री सेवा, जनचेतना अभिवृद्धि, र सेवा प्रदायकको क्षमता विकासमार्फत सामाजिक सुरक्षा र पञ्जीकरण प्रणालीलाई दिगो, समावेशी र प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

**२. समस्या तथा चुनौती**

गौमुल गाउँपालिकामा सामाजिक सुरक्षा र नागरिक पञ्जीकरण सेवामा विभिन्न समस्या र चुनौतीहरू देखिएका छन्। भौगोलिक विकटताका कारण लक्षित लाभग्राहीसम्म सेवा समयमा पुग्न नसक्नु एक प्रमुख समस्या हो । सूचना तथा जनचेतनाको कमीले गर्दा

धेरै नागरिकले आफ्नो अधिकारको उपयोग गर्न सकेका छैनन्, जसले गर्दा जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता घटनाहरू समयमै दर्ता हुन सकेका छैनन्। अभिलेख व्यवस्थापन प्रणाली अझै कागजी र अपूरो हुँदा तथ्यांक अद्यावधिक गर्न कठिनाइ हुने गरेको छ। सामाजिक सुरक्षाभत्ता वितरण प्रक्रियामा पारदर्शिता, पहुँच र बैंकिङ प्रणालीको सीमितताका कारण सेवाग्राहीले ढिला पाउने अवस्था रहेको छ । यस्तै, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत वर्गको पहिचान, पहुँच र समावेशीतामा कमजोरी देखिन्छ । प्राविधिक जनशक्ति र सेवा प्रदायकको क्षमता अभाव पनि सेवाको गुणस्तरमा असर गर्ने चुनौतीका रूपमा रहेको छ ।

**३. सोच**

सामाजिक सुरक्षा र पञ्जीकरण सेवालाई समावेशी, पहुँचयोग्य र प्रभावकारी बनाउँदै सबै नागरिकलाई राज्यको सेवा सुनिश्चित

**४. उद्देश्य**

- सबै लक्षित लाभग्राहीलाई सामाजिक सुरक्षा सेवामा समावेश गर्दै जीवनस्तर उकास्नु।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ लगायत नागरिक पञ्जीकरणका सबै घटना समयमै दर्ता सुनिश्चित गर्नु।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी, नियमित र पहुँचयोग्य बनाउनु।
- महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत वर्गको पहिचान र समावेशिता सुनिश्चित गर्नु।
- सूचना प्रविधिमार्फत सेवाको पहुँच र गुणस्तर वृद्धि गर्नु।
- पञ्जीकरण र सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्नु।

**५. रणनीति**

- लक्षित वर्गहरूको पहिचान गरी अद्यावधिक अभिलेख तयार गर्ने र अभिलेख व्यवस्थापन प्रणालीलाई डिजिटल बनाउने।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सूचना प्रविधि, मोबाइल बैंकिङ र डिजिटल प्रणालीको प्रयोग विस्तार गर्ने।
- प्रत्येक वडास्तरमा नियमित नागरिक पञ्जीकरण अभियान सञ्चालन गरी सबै घटना समयमै दर्ता सुनिश्चित गर्ने।
- महिला, अपाङ्गता भएका व्यक्ति, दलित र सीमान्तकृत समूहलाई केन्द्रमा राखी समावेशी सेवा पहुँच प्रवर्द्धन गर्ने।
- सेवा प्रदायक (स्थानीय कर्मचारी, वडा सचिव, जनप्रतिनिधि) लाई सामाजिक सुरक्षा र पञ्जीकरणसम्बन्धी तालिम प्रदान गर्ने।
- सूचना तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सेवाप्रति नागरिकको पहुँच र उपयोग बढाउने।
- सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी सेवा अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणाली सुदृढ गर्ने।

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति | जना | | | | | |
| अनलाइन मार्फत सामाजिक सुरक्षाको पहुँच भएका | प्रतिशत | | | | | |
| जन्मदर्ता गर्ने बालबालिका | प्रतिशत | | | | | |
| विवाह दर्ता गर्ने दम्पत्ती | प्रतिशत | | | | | |
| डिजिटल तरिकाले पञ्जिकरण हुने दर | प्रतिशत | | | | | |
| बसाइसराइ मृत्यूदर्ता लगायत समयमै दर्ता गर्ने | प्रतिशत | | | | | |
| सामाजिक समावेशीकरणमा सुधार | प्रतिशत | | | | | |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | २१०० | ९०० | ० | ८४० | १९८० | १८० | ० |
| २०८३/०८४ | ३२१० | २२४७ | ९६३ | ० | ८९९ | २११९ | १९३ | ० |
| २०८४/०८५ | ३३७० | २३५९ | १०११ | ० | ९४४ | २२२५ | २०२ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३४ | सामाजिक सुरक्षा तथा पञ्जिकरण व्यवस्थापन | सामाजिक सुरक्षा र पञ्जीकरणको व्यवस्थापन गर्नु | सालबसाली | ९५८१ | सामाजिक सुरक्षा अनलाइन व्यवस्थित हुनेछ |

**९. जोखिम तथा अनुमान**

गौमुल गाउँपालिकामा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवामा भौगोलिक विकटता, नागरिक अभिलेख अद्यावधिक नहुनु, सूचना प्रविधिको जोखिम, पारदर्शिता अभाव, र सीमान्तकृत वर्गको पहुँच नहुनुजस्ता मुख्य जोखिमहरू छन्, जसले सेवा वितरणमा प्रभावकारिता, समावेशिता र विश्वसनीयता घटाउने सम्भावना बढाउँछ।

# परिच्छेद–५ पूर्वाधार क्षेत्र

## ५.१ भवन, आवास तथा बस्ती विकास

**१. पृष्ठभूमि**

यस गाउँपालिकाले भौतिक पूर्वाधारका विकासमुलक गतिविधिहरुको मुख्य प्राथमिकताको क्षेत्रमा राखेकोछ। विगतका वर्षहरूमा सडक सञ्जाल विस्तार, स्वास्थ्य भवन निर्माण, आवास पुनर्निर्माण र सार्वजनिक संरचना विकासमा महत्वपूर्ण प्रगति देखिएको छ। सार्वजनिक भवन निर्माण तर्फ पनि योजनाबद्ध तरिकाले कार्यहरु भैरहेकाछन्। गाउँपालिकाको भवन निर्माण, वडा कार्यालयहरुको भवन तथा अन्य संरचनाहरुको निर्माण जस्ता कार्यक्रमहरु अगाडि सारिएका छन्।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा बस्ती, आवास, भवन तथा सार्वजनिक संरचना विकास गर्दा धेरै समस्याहरू प्रशस्त छन्। प्रमुख समस्याहरूमा विकट भौगोलिक अवस्थाका कारण यातायात सुविधा अभाव, निर्माण सामग्री ढुवानीमा कठिनाइ र पर्याप्त बजेट अभाव प्रमुख हुन। पुराना भवनहरू भूकम्प प्रतिरोधी नभएकाले जोखिम उच्च छ। गुणस्तरीय निर्माण कार्यमा प्राविधिक जनशक्ति र प्रविधिको कमीले प्रभाव पारेको छ। सार्वजनिक भवनहरूको नियमित मर्मत सम्भारको अभाव र अनुगमन प्रणाली कमजोर रहेको छ। साथै, बढ्दो जनसंख्याका कारण सुरक्षित र व्यवस्थित बस्ती व्यवस्थापन जटिल बन्दै गएको छ।

बस्ती र सार्वजनिक संरचना विकासमा दीर्घकालीन दिगोपन सुनिश्चित गर्नु मुख्य चुनौती हो । भूकम्पजस्ता प्राकृतिक विपत्तिबाट संरचनाहरूलाई सुरक्षित राख्न अत्याधुनिक प्रविधि र निर्माण मापदण्ड अपनाउनु आवश्यक छ तर स्रोत अभावले यो कठिन बनाएको छ । विकट वडाहरूमा सडक पहुँच विस्तार र सुरक्षित आवास निर्माणको कार्य द्रुत गतिमा अघि बढाउन गाह्रो छ । स्थानीयस्तरमा प्राविधिक दक्ष जनशक्ति अभाव छ भने निर्माण सामाग्रीको मूल्यवृद्धिले थप दबाब सिर्जना गरेको छ । वातावरणमैत्री र समावेशी पूर्वाधार विकासलाई सुनिश्चित गर्नु अर्को महत्वपूर्ण चुनौती हो।

### ३. सोच
वातावरणमैत्री, भूकम्प प्रतिरोधी, दिगो र पहुँचयुक्त बस्ती, आवास र सार्वजनिक संरचना विकास गर्नु ।

### ४. उद्देश्य
(क) सुरक्षित, समावेशी र दिगो आवास, भवन तथा सार्वजनिक निर्माण प्रवर्द्धन गर्ने ।

(ख) विपद तथा प्रकोपजन्य घटनाका कारण अति जोखिमयुक्त बस्ती व्यवस्थापनका लागि सामूहिक आवासको व्यवस्थापन मार्फत एकीकृत बस्ती विकास गर्ने ।

### ५. रणनीति
रणनीति १: सुरक्षित र भूकम्प प्रतिरोधी संरचनाको विकास गर्ने

रणनीति २: पूर्वाधार योजनामा दिगोपन र वातावरणीय संवेदनशीलता समावेश गर्ने

रणनीति ३: सबै वडामा यातायात र सञ्चार पहुँच विस्तार गर्ने

रणनीति ४: स्रोत परिचालन र साझेदारी विकास गर्ने

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ० | ० | १ | ५ | २० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ५० | ४० | ६० | ९० | १०० |
| चट्याङ प्रतिरोधी घर निर्माण | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवन | संख्या | १ | १ | २ | ५ | ७ |
| घरवार विहीनका लागि एकीकृत वस्ती निर्माणस्थल | संख्या | २ | १ | १ | १ | १ |
| एकीकृत वस्तीबाट लाभान्वित जनसंख्या | प्रतिशत | २ | २ | ५ | ५ | ५ |
| सामूहिक आवास निर्माण | घर | | २८ | ३० | ५० | ७५ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २२५६८ | १५७९८ | ६७७० | ० | ६३१९ | १४८९५ | १३५४ | ० |
| २०८३/०८४ | २४१४८ | १६९०३ | ७२४४ | ० | ६७६१ | १५९३८ | १४४९ | ० |
| २०८४/०८५ | २५३५५ | १७७४९ | ७६०७ | ० | ७०९९ | १६७३४ | १५२१ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३५ | बस्ती विकासका कार्यक्रम सञ्चालन | भवन, आवास तथा बस्ती विकास व्यवस्थापन गर्नु | सालबसाली | ७२०७१ | विविध कारणले समस्यामा परेका वर्गका लागि बस्ति व्यवस्थापन हुने |

**९. जोखिम तथा अनुमान**

आवास तथा सार्वजनिक निर्माणका लागि आवश्यक बजेट सुनिश्चित गर्ने, निर्माण सामग्रीको सहज आपूर्ति तथा प्राविधिक दक्ष जनशक्ति व्यवस्थापनको अनुमान गरिएको छ । संघीय र प्रदेश सरकार तथा साझेदार निकायहरूसँग प्रभावकारी समन्वयले लक्ष्य प्राप्तिमा टेवा दिनेछ । तर, प्राकृतिक विपद् (भूकम्प, पहिरो आदि), निर्माणको ढिलाइ, बजेट अभाव, प्राविधिक त्रुटि र वातावरणीय असर जस्ता जोखिमहरू याथावत रहन्छन् । यस्ता जोखिम व्यवस्थापनका लागि पूर्व-संयोजना, गुणस्तरीय निगरानी र लचकदार कार्यान्वयन रणनीति अपनाउनु अपरिहार्य हुनेछ ।

## ५.२ सडक, पूल तथा यातायात

**१. पृष्ठभूमि**

गौमुल गाउँपालिकाले विकट भूगोलका बाबजुद पनि सडक तथा यातायात सञ्जाल विस्तारलाई उच्च प्राथमिकतामा राख्दै ठूला आयोजनाहरु समेत कार्यान्वयन गर्दै आएको छ । विगत वर्षहरूमा वडाहरूबीचको सम्पर्क कायम गर्न विभिन्न मोटरबाटा निर्माण, स्तरोन्नति तथा झोलुंगे पुलहरूको निर्माण भएका छन् । वडा नं. ४ र ५, वडा नं ३ जोड्ने सडक र अन्य वडास्तरीय गोरेटोबाटा सुधार कार्य सम्पन्न भएका छन् भने वडा नं. २ र ६ मा पनि भर्खर मात्र सडक सञ्जालमा जोडिएका छन् । वडा नं. १ मा पनि सडक पुऱ्याउनका लागि निर्माण कार्य अगाडि बढाइएको छ । गाउँपालिकाले अन्तर वडा, अन्तर पालिका तथा अन्तर जिल्ला सडक पहुँच सुदृढीकरणलाई रणनीतिक लक्ष्यको रूपमा अगाडि सारेको छ । आगामी वर्षहरूमा सडक स्तरोन्नति, पक्की तथा झोलुङ्गे पुल निर्माण, नयाँ मार्ग थालनी तथा यातायात सञ्जाललाई छोटो, सरल र सबै मौसममा सञ्चालनयोग्य बनाउने कार्यलाई द्रुतगतिमा अघि बढाइने योजना रहेको छ । यातायात पूर्वाधार सुदृढीकरणले गाउँपालिकाको आर्थिक, सामाजिक तथा सेवाप्रवाह सुधारमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

**२. समस्या तथा चुनौती**

सडक तथा पुल निर्माणमा प्रमुख समस्या भूगोलको विकटता र विपद् जोखिम हो । बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूले यातायात पूर्वाधारलाई बारम्बार क्षति पुऱ्याउँदै आएकाछन् ।  सीमित बजेट, निर्माण सामग्रीको ढुवानी कठिनाइ, तथा प्राविधिक दक्ष जनशक्ति अभावले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेको छ । मौसमी सडकहरूको अवस्था कमजोर हुँदा वर्षायाममा आवागमन अवरुद्ध हुने समस्या कायम छ । दीगो तथा मौसम प्रतिरोधी संरचना निर्माण गर्न थप स्रोत परिचालन र प्रविधि प्रयोग आवश्यक रहेको छ । समयमै स्तरोन्नति, नियमित मर्मतसम्भार र वातावरणीय दृष्टिकोणबाट टिकाउ योजना कार्यान्वयन गर्नु मुख्य चुनौती हो ।

**३. सोच**

वातावरणमैत्री दिगो, सुरक्षित, सर्वसुलभ र सबै मौसममा सञ्चालनयोग्य सडक तथा पुल सञ्जाल विकास मार्फत यातायात व्यवस्थापन गर्ने ।

**४. उद्देश्य**

(क) सबै वडाहरूलाई सडक र पुलमार्फत आपसमा तथा गाउँपालिका केन्द्रसँग पूर्णरूपमा जोड्ने ।

(ख) वातावरणीय दृष्टिले अनुकूल र विपद् प्रतिरोधी यातायात पूर्वाधार विकास गर्दै स्थानीय आर्थिक गतिविधि प्रवर्द्धन गर्ने ।

**५. रणनीति**

रणनीति १: सबै वडालाई सडक र पुल सञ्जालमार्फत जोड्ने

रणनीति २: दिगो र सबै मौसममा सञ्चालनयोग्य सडक विकास गर्ने

रणनीति ३: यातायात पूर्वाधार निर्माणमा विपद् प्रतिरोधी उपाय अपनाउने

रणनीति ४: स्रोत परिचालन र साझेदारी मार्फत पूर्वाधार विकास गर्ने

रणनीति ५: निर्माण कार्यमा गुणस्तर र पारदर्शिता सुनिश्चित गर्ने

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| समुदायका वस्तीहरुबाट पालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ४२० | ३०० | २०० | १०० | १०० |
| नियमित यातायात सञ्चालन हुने रुट | संख्या | १ | २ | ६ | ६ | ६ |
| पक्की सडक | कि.मि. | ० | ० | १ | २ | ३ |
| ग्राभेल सडक | कि.मि. | ० | ० | १ | ३ | ६ |
| पक्की पुल | संख्या | ० | ० | १ | ६ | ६ |
| नियमित मर्मत संभार हुने सडकको लम्बाई | कि.मि. | २० | ३० | ५० | ६० | ६० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग पूर्वाधारको लम्बाई | कि.मि. | ० | ० | २ | ५ | ७ |
| कुल सडक लम्बाई | कि.मि. | ३३ | ३३ | | | |
| ३० मिनेटको अवधिमा सडक पहुँच भएका घरपरिवार | प्रतिशत | | २० | ३० | ४० | ४५ |
| सडकको पहुँच नभएका घरपरिवार | प्रतिशत | ४० | ३० | २० | १० | १० |
| सडकको पहुँच भएका सरकारी भवन तथा संरचना | प्रतिशत | ५० | ६० | ७५ | ८० | ९० |
| झोलुङ्गे पुल | संख्या | ३० | ३५ | ४० | ४५ | ५० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २१५३० | १५०७१ | ६४५९ | ० | ६०२८ | १४२१० | १२९२ | ० |
| २०८३/०८४ | २३०३७ | १६१२६ | ६९११ | ० | ६४५० | १५२०४ | १३८२ | ० |
| २०८४/०८५ | २४१८९ | १६९३२ | ७२५७ | ० | ६७७३ | १५९६५ | १४५१ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३६ | सडक पूर्वाधार निर्माण तथा यातायात व्यवस्थापन | सडक सञ्जालको विस्तार गर्नु | सालबसाली | ६८७५६ | गाउँपालिकामा गुणस्तरीय सडकको पहुँच वृद्धि हुनेछ |

**९. जोखिम तथा अनुमान**

सडक, पुल तथा यातायात पूर्वाधार विकासका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयमा आवश्यक बजेट, प्राविधिक जनशक्ति र निर्माण सामग्री उपलब्ध हुने अनुमान गरिएको छ। योजनाबद्ध रूपमा कार्य अघि बढाउन सकिएमा अधिकांश वडाहरू बाह्रै महिना यातायात सञ्जालमा समेटिनेछन्। तर, विकट भौगोलिक अवस्था, विपद् जोखिम (जस्तै: पहिरो, बाढी), निर्माणको ढिलाइ, बजेट समयमै नआउने तथा अनुगमनमा ढिलाई जस्ता जोखिमहरू रहेका छन्। गुणस्तर कायम राख्दै पारदर्शी प्रक्रियामार्फत योजनाको प्रभावकारी कार्यान्वयन आवश्यक हुनेछ।

## ५.३ जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा

**१. पृष्ठभूमि**

गाउँपालिका जलस्रोत, लघुजलविद्युत् तथा वैकल्पिक ऊर्जाका दृष्टिले सम्भावनायुक्त क्षेत्र हो। थार खोला, तसारीगाड, धसल्का, धसराढुङ्गा लगायत क्षेत्रहरूमा लघु जलविद्युत् आयोजना सम्पन्न वा कार्यान्वयनमा रहेका छन्। अधिकांश बस्ती उज्यालो अभियानअन्तर्गत विद्युत पहुँचमा पुगेका छन् भने बाँकी क्षेत्रमा वैकल्पिक ऊर्जा स्रोत (सोलार आदि) प्रवर्द्धन गर्ने नीति लिइएको छ। यस्तै, सिँचाइ, खानेपानी र ऊर्जाका लागि उपयोग गर्न सकिने लघु जलस्रोतहरू प्रशस्त छन्। सोलार होम सिस्टम, Improved Cooking Stove जस्ता कार्यक्रम सञ्चालनमा छन्। संघीय तथा प्रदेश सरकार, वैदेशिक सहयोग र निजी क्षेत्रको साझेदारीबाट वैकल्पिक ऊर्जा विकासका प्रयासहरू भइरहेको छ। आगामी वर्षहरूमा ऊर्जा पहुँच, सुलभता, दिगोपन र स्वदेशी स्रोतको उपयोगमा केन्द्रित भएर ऊर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य लिइएको छ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा विद्युत् सेवा विस्तार भए पनि विद्युत् आपूर्ति स्थायित्व र गुणस्तरको समस्या विद्यमान छ। साना जलविद्युत् आयोजनाहरू नियमित मर्मत अभाव र प्रविधिगत कमजोरीका कारण अवरुद्ध भइरहन्छन्। केही वडाहरूमा अझै पनि विद्युतीकरण हुन सकेको छैन भने सोलार जस्ता वैकल्पिक ऊर्जाको पहुँच पनि सीमित छ। पूर्वाधार निर्माणमा स्रोत अभाव, स्थानीय जनशक्ति अभाव र लामो प्रक्रिया जस्ता समस्याहरू देखिएका छन्। खानेपानी तथा सिँचाइको प्रयोजनका लागि जलस्रोतको उपयोगमा समन्वय अभाव देखिनु पनि एक चुनौती हो।

ऊर्जा क्षेत्रमा दिगोपन, पहुँच र लागत नियन्त्रण एकसाथ सुनिश्चित गर्नु चुनौतीपूर्ण छ। हिमाली तथा पहाडी भौगोलिक संरचना, जलविद्युत्को लागि आवश्यक प्रवाह घटबढ र पर्याप्त पूर्वअध्ययनको अभावले आयोजना दीर्घकालीन टिकाउ हुन सक्दैनन्। लघुजलविद्युत् आयोजनाहरूमा प्रविधिगत परिमार्जन गर्न आवश्यक छ तर दक्ष प्राविधिक जनशक्तिको कमी र स्रोत अभावले यो सम्भव नहुन सक्छ। वैकल्पिक ऊर्जामा समुदायको विश्वास अभाव, उपकरणको गुणस्तर र मर्मत कठिनाइजस्ता विषयले थप चुनौती सिर्जना गरेको छ। बहुउपयोगी जलस्रोतमा साझेदारी र समन्वय नहुनुले विवादसमेत सिर्जना गर्न सक्छ।

**३. सोच**

जलस्रोत संरक्षण, स्वदेशी ऊर्जाको दिगो उपयोग र सर्वसुलभ ऊर्जामा पहुँच विस्तार गर्दै ऊर्जा आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने

**४. उद्देश्य**

(क) गाउँपालिकाका सबै वडाहरूमा सुरक्षित, भरपर्दो र वातावरणमैत्री ऊर्जा सेवा प्रवाह सुनिश्चित गर्नु।

(ख) वैकल्पिक तथा नवीकरणीय ऊर्जामा स्थानीय स्रोतको उपयोग, जनशक्ति विकास र साझेदारी प्रवर्द्धन गर्दै ऊर्जा क्षेत्र सुदृढ पार्नु

**५. रणनीति**

रणनीति १: जलस्रोतको संरक्षण र बहुउपयोग प्रणाली विकास गर्ने

रणनीति २: वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने

रणनीति ३: स्थानीय स्रोत र जनशक्तिको उपयोग गरी ऊर्जा आत्मनिर्भरता हासिल गर्ने

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९२ | ८० | ७५ | ७० | ६५ |
| खाना पकाउन लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ५ | ७ | १० | १५ | २० |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | ० | ० | २ | ५ | ७ |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | ० | ० | ५ | ५ | ५ |
| पालिकामा उत्पादित लघु जलविद्युत | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| जलविद्युतमा संलग्न जनशक्ति | जना | १५ | २० | २० | २० | २० |
| स्वच्छ उर्जामा पहुँच भएका जनसंख्या | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| सुधारिएको चूल्होको प्रयोग गर्ने जनसंख्या | संख्या | | ८०० | १००० | ११०० | १२०० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ९०८६ | ६३६० | २७२६ | ० | २५४४ | ५९९७ | ५४५ | ० |
| २०८३/०८४ | ९७२२ | ६८०५ | २९१७ | ० | २७२२ | ६४१७ | ५८३ | ० |
| २०८४/०८५ | १०२०८ | ७१४६ | ३०६२ | ० | २८५८ | ६७३७ | ६१२ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३७ | जल विद्युत तथा बैकल्पिक उर्जा व्यवस्थापन | स्थानीय जलविद्युतमा गुणस्तरीय व्यवस्थापन गर्नु | सालबसाली | २९०१६ | स्थानीय जलविद्युतमा समुदायको पहुँच सुनिश्चित भएको हुने |

**९. जोखिम तथा अनुमान**

ऊर्जा क्षेत्रमा लक्षित उपलब्धि हासिल गर्नका लागि संघीय, प्रदेश र साझेदार निकायहरूसँग सहकार्यमा आवश्यक बजेट, प्रविधि र जनशक्ति उपलब्ध हुने अनुमान गरिएको छ । सौर्य, लघुजलविद्युत् र बायोग्यास जस्ता परियोजनाहरू स्थानीय स्रोतको उपयोगमा आधारित हुने भएकाले आत्मनिर्भरता सम्भव देखिन्छ । तथापि, मौसमीय अनिश्चितता, जलप्रवाहको घटबढ, प्राविधिक दक्षता अभाव, उपकरणको गुणस्तर समस्या तथा दीर्घकालीन मर्मतको दायित्व नलिनुजस्ता जोखिमहरू रहेका छन् । साथै, स्रोत व्यवस्थापन र परियोजना कार्यान्वयनमा ढिलाइ हुन सक्ने सम्भावना रहन सक्छ जसको लागि पूर्वतयारी र अनुगमन संयन्त्र सुदृढ गरिनुपर्नेछ ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

**१. पृष्ठभूमि**

गाउँपालिकाले सूचना, सञ्चार तथा प्रविधिलाई सेवा प्रवाहको आधारभूत अङ्गका रूपमा लिँदै आएको छ । हालसम्म सबै वडाहरूमा 4G मोबाइल सेवाको पहुँच पुग्ने गरि टेलिकम टावरहरुको विस्तार गरिएको छ भने गाउँपालिकाको सूचनाको पहुँच बढाउन "रेडियो गौमुल" मार्फत जनसम्पर्क सुदृढ गरिएको छ । स्थानीय सरकारको डिजिटल रूपान्तरणका प्रयासस्वरूप सेवासुविधा तथा कार्यक्रमको जानकारी प्रवाहका लागि एसएमएस प्रणाली, डिजिटल नागरिक वडापत्र तथा सूचना प्रविधिमैत्री वेबसाइट सञ्चालनमा छन् । विद्यालय तहमा इन्टरनेट, प्रोजेक्टर तथा प्रविधि सामग्री विस्तार हुँदै गएको छ । सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन, सेवा अनलाइनिकरण र जनगुनासो प्रणालीलाई प्रविधि प्रयोगमार्फत पारदर्शी र जवाफदेही बनाउन थालिएको छ । आगामी वर्षहरूमा प्रविधिमैत्री प्रशासन, सूचना पहुँचको समानता, र डिजिटल समावेशीताका दृष्टिकोणले सूचना, सञ्चार र प्रविधिमा थप सुदृढीकरण गरिनेछ ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा सूचना र सञ्चार प्रविधिको पहुँच विस्तार भए पनि यसको समान र प्रभावकारी उपयोगमा अझै समस्या देखिन्छ । सबै वडामा इन्टरनेट पहुँच भए पनि नेटवर्कको क्षमता र गति न्यून छ भने विद्युतीय उपकरणको अभाव र मर्मत सम्भार अभावका कारण विद्यालय, स्वास्थ्य संस्था र कार्यालयहरूमा प्रविधिको भरपुर उपयोग हुन सकेको छैन । ग्रामीण भेगका नागरिकमा डिजिटल साक्षरता अभाव छ जसले सूचना प्रवाहमा असमानता ल्याएको छ । सूचनाको एकीकृत अभिलेखिकरण प्रणाली नहुनु, जनगुनासो सम्बोधन प्रणालीको कमजोरी र प्रविधिमा आश्रित सेवा सञ्चालनमा स्थायित्वको अभाव प्रमुख समस्याहरूका रूपमा रहेका छन् ।

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको दिगो विकासमा प्राविधिक दक्ष जनशक्ति अभाव, कमजोर पूर्वाधार, र बजेट सीमितता प्रमुख चुनौती हुन् । सबै वर्ग र समुदायमा सूचना पहुँच र डिजिटल समावेशिता सुनिश्चित गर्नु कठिन कार्य हो । ग्रामीण क्षेत्रमा प्रविधिको नियमित मर्मत, व्यवस्थापन र अद्यावधिक तालिमको अभावले सेवा प्रवाहलाई अवरुद्ध पार्ने जोखिम रहन्छ । अनलाइन प्रणालीको प्रयोगमा साइबर सुरक्षा, डेटा गोपनीयता र प्रणाली सञ्चालन क्षमतामा सुधार आवश्यक छ । स्थानीय जनशक्तिको सीप अभिवृद्धि बिना डिजिटल प्रविधिमा आधारित सेवा स्थायीत्वपूर्वक सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ ।

**३. सोच**

प्रविधिमैत्री प्रशासन, सर्वसुलभ सूचना पहुँच र डिजिटल सशक्तिकरणमार्फत समावेशी सूचना प्रवाह र सेवा प्रणाली निर्माण गर्ने

**४. उद्देश्य**

(क) गाउँपालिकाका सबै वडामा सूचना, सञ्चार तथा इन्टरनेट सेवा सहज र प्रभावकारी रूपमा विस्तार गर्नु ।

(ख) डिजिटल उपकरण, प्रविधि तालिम र प्रणालीमार्फत शिक्षण, स्वास्थ्य, कृषि तथा प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

**५. रणनीति**

रणनीति १: सूचना र सञ्चार पूर्वाधारको पहुँच विस्तार गर्ने

रणनीति २: प्रविधिमैत्री प्रशासन र सेवा प्रवाह प्रणाली विकास गर्ने

रणनीति ३: स्थानीय जनशक्ति सशक्तिकरण र डिजिटल साक्षरता अभिवृद्धि गर्ने

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| कम्प्युटर, इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५ | ७ | १० | १५ | २० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ५ | ७ | २० | ३० | ५० |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ५ | ७ | १० | १५ | २० |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ११५०० | ८०५० | ३४५० | ० | ३२२० | ७५९० | ६९० | ० |
| २०८३/०८४ | १२३०५ | ८६१४ | ३६९२ | ० | ३४४५ | ८१२१ | ७३८ | ० |
| २०८४/०८५ | १२९२० | ९०४४ | ३८७६ | ० | ३६१८ | ८५२७ | ७७५ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३८ | सूचना, प्रविधि विकासमूलक गतिविधि सञ्चालन | सेवाग्राहीलाई सूचना प्रविधिको पहुँच विस्तार गर्नु | सालबसाली | ३६७२५ | स्थानीय समुदायले सूचना प्रविधिमा पहुँच विस्तार भएको हुने |

**९. जोखिम तथा अनुमान**

गाउँपालिकामा सूचना, सञ्चार तथा प्रविधि विस्तारका लागि आवश्यक बजेट, प्राविधिक सहयोग र नीति वातावरण उपलब्ध हुने अनुमान गरिएको छ। सरकारी प्राथमिकता र निजी क्षेत्रको सक्रियताले प्रविधि पहुँचमा तीव्र सुधार हुने अपेक्षा गरिएको छ। तर, पूर्वाधार निर्माणमा ढिलाइ, ग्रामीण क्षेत्रमा इन्टरनेट सेवाको अस्थिरता, उपकरणको गुणस्तर समस्या र साइबर सुरक्षा जोखिम जस्ता चुनौतीहरू रहन सक्छन्। डिजिटल साक्षरताको कमी, मर्मत तथा प्रणाली सञ्चालनमा स्थायित्व नआउनुजस्ता जोखिमसमेत सम्भावित छन्। यस्ता जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, तालिम र अनुगमन संयन्त्र सुदृढ गरिनेछ।

# परिच्छेद–६ वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### १. पृष्ठभूमि

गाउँपालिका जैविक विविधता र वनसम्पदाले भरिपूर्ण क्षेत्र हो जसले वातावरणीय सन्तुलन, खाद्य सुरक्षाका साथै जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलेको छ। हालसम्म गाउँपालिकाले वन संरक्षण, वन उपभोक्ता समूह सशक्तिकरण र खुला चरन क्षेत्र नियन्त्रणमा महत्वपूर्ण प्रयास गरेको छ। वन क्षेत्र संरक्षण र व्यवस्थापनका लागि उपभोक्ता समूहहरू गठन, बृक्षारोपण अभियान र चरन क्षेत्र बन्द गरी संरक्षणको पहल गरिएको छ। वन पैदावारको दिगो उपयोग र जैविक विविधताको संवर्द्धनमा सामुदायिक सहभागिता बढ्दो छ। जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरणका लागि समेत वन क्षेत्रको भूमिका महत्वपूर्ण भएकाले दीर्घकालीन संरक्षण दृष्टिकोण अघि सारिएको छ। आगामी वर्षहरूमा जैविक विविधताको संरक्षण, वन क्षेत्रको दिगो व्यवस्थापन र हरित विकास अवधारणालाई अझ सुदृढ गर्दै स्थानीय स्रोत र वातावरण संरक्षणमा जोड दिइनेछ।

### २. समस्या तथा चुनौती

गाउँपालिकामा वन तथा जैविक विविधता संरक्षणका प्रयास भइरहे पनि केही समस्याहरू अझै विद्यमान छन्। खुला चरन, अवैध वन क्षेत्रको अतिक्रमण, आगलागी तथा अव्यवस्थित वन उपभोगले वन क्षेत्र र जैविक विविधता सङ्कटमा पर्दै जाने खतरामा छ। सामुदायिक वन उपभोक्ता समूहहरू चुस्तदुरुस्तरुपमा सशक्त नहुनु र वन संरक्षणमा दीर्घकालीन योजना तथा स्रोत अभाव देखिएको छ। जलवायु परिवर्तनका असरहरूका कारण वनस्पति र जीवजन्तु प्रजातिमा ह्रासको सम्भावना बढ्दो छ। जनचेतना अभाव र नयाँ पुस्तामा वन र जैविक विविधताप्रति आकर्षण कम हुँदै जानु पनि एक प्रमुख समस्या बनेको छ।

वन तथा जैविक विविधता संरक्षणमा दीर्घकालीन दिगोपन कायम राख्नु प्रमुख चुनौती छ। सामुदायिक सहभागिता अझ प्रभावकारी बनाउनुपर्ने, दिगो उपयोग र संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता छ। प्राकृतिक विपद्, डढेलो, रोग व्याधि तथा जलवायु परिवर्तनका असरहरूबाट वनसम्पदा र जैविक विविधता जोगाउनु जटिल बन्दै गएको छ। सीमित बजेट, प्राविधिक दक्षता अभाव र नीति कार्यान्वयनमा कमजोरीका कारण संरक्षण र संवर्द्धनका कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन्। जैविक विविधता संरक्षणलाई स्थानीय आर्थिक विकाससँग जोड्न नसक्नु अर्को महत्वपूर्ण चुनौती हो।

### ३. सोच

जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन र वातावरणीय सन्तुलनलाई प्रवर्द्धन गर्दै हरित विकासलाई सुदृढ गर्ने।

### ४. उद्देश्य

(क) सामुदायिक सहभागितामा आधारित दिगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन सुनिश्चित गर्नु।

(ख) वन पैदावार तथा जैविक स्रोतको दिगो उपयोग र स्थानीय स्तरमा वातावरणीय सचेतना अभिवृद्धि गर्नु।

### ५. रणनीति

रणनीति १: सामुदायिक वन व्यवस्थापन सुदृढीकरण गर्ने

रणनीति २: जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्ने

रणनीति ३: वन तथा वातावरणीय सेवा व्यवस्थापन सुदृढ गर्ने

## ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सामुदायिक वन | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३३ |
| कबुलियती वन | संख्या | २१ | २१ | २१ | २२ | २५ |
| नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र गाँउपालिकासँग नियमित समन्वयमा रहेका सामुदायिक वन उपभोक्ता समिति | प्रतिशत | २ | ५ | ७ | १५ | २० |
| पार्क तथा उद्यान | संख्या | १ | १ | १ | ३ | ५ |
| संरक्षित तालतलैया तथा पोखरी | संख्या | १ | २ | ५ | ७ | ७ |
| नदी खोलाले क्षति पुर्‍याएको क्षेत्रको संरक्षण | संख्या | १ | १ | २ | ३ | ५ |
| वन, सडक  किनारा संवेदनशील क्षेत्रमा वृक्षरोपण | संख्या | २ | ३ | ५ | ७ | १० |
| वन हरियाली, भुसंरक्षण तथा नदी नियन्त्रण क्षेत्रमा वार्षिक बजेटको अंश | प्रतिशत | १ | १ | २ | २.५ | ३ |

## ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २००० | १४०० | ६०० | ० | ५६० | १३२० | १२० | ० |
| २०८३/०८४ | २१४० | १४९८ | ६४२ | ० | ५९९ | १४१२ | १२८ | ० |
| २०८४/०८५ | २२४७ | १५७३ | ६७४ | ० | ६२९ | १४८३ | १३५ | ० |

## ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३९ | वन तथा जैविक विविधता सम्बन्धी कार्यक्रम सञ्चालन | वन तथा जैविक विविधतामा समुदायको सहभागिता जुटाउनु | सालबसाली | ६३८७ | वन सम्पदा तथा जैविक विविधताको प्रवर्द्धन हुने |

## ९. जोखिम तथा अनुमान

वन संरक्षण तथा जैविक विविधता प्रवर्द्धनका लागि आवश्यक बजेट, प्राविधिक सहयोग र सामुदायिक सहभागिता सुनिश्चित हुने छ। बृक्षारोपण, जडिबुटी संरक्षण र वातावरणीय सचेतना अभिवृद्धि कार्यक्रममार्फत हरित विकासलाई सुदृढ गर्न सकिने अपेक्षा गरिएको छ। तर, अवैध वन कटान, अनियन्त्रित डढेलो, चरन नियन्त्रणको कमजोरी, जलवायु परिवर्तनका असर तथा जनसहभागितामा कमी आउने जोखिमहरू पनि उतिकै छन्। स्रोत व्यवस्थापनमा असहजता, दीर्घकालीन अनुगमन प्रणालीको कमजोरी र वातावरणीय क्षति न्यूनीकरणमा ढिलाइले कार्यक्रमको प्रभावकारिता प्रभावित हुन सक्नेछ। यस्ता जोखिम न्यूनीकरणका लागि पूर्वतयारी र सामुदायिक सशक्तिकरण आवश्यक हुनेछ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

गौमुल गाउँपालिका दुर्गम हिमाली तथा उच्च पहाडी भेगमा पर्ने भएकाले फोहरमैला व्यवस्थापनको अवस्था अन्य शहरी क्षेत्रमा जस्तो भयावह नभए पनि समस्या उत्पन्न हुन थालेको छ। प्लास्टिक, पुराना कपडा, बोतल, सिसा लगायतका वस्तुहरु यत्रतत्र सडक, बस्ती र सार्वजनिक स्थलमा फ्याँकिएको देखिन्छ । नियमित फोहर संकलन, वर्गीकरण तथा व्यवस्थापन प्रणालीको अभावले दीर्घकालीन पर्यावरणीय जोखिम बढाउने संकेत देखिएको छ। स्वास्थ्य संस्थाबाट निस्कने स्वास्थ्यजन्य फोहर व्यवस्थापनका लागि कुनै ठोस योजना नरहेको र विद्यालयहरूमा बालबालिकालाई व्यवहारिक रूपमा फोहर व्यवस्थापनको शिक्षा दिन नसकिएको अवस्था छ । फोहर व्यवस्थापनलाई दीर्घकालीन दिगोपन, स्वास्थ्य सुरक्षा र स्वच्छ वातावरण सँग जोड्दै आगामी वर्षहरूमा संस्थागत सुधार, जनचेतना अभिवृद्धि, र स्रोत साधन परिचालनमा विशेष ध्यान केन्द्रित गरिनेछ।

### २. समस्या तथा चुनौती

गाउँपालिकामा हालसम्म व्यवस्थित फोहरमैला संकलन, वर्गीकरण, पुनःप्रयोग तथा निष्कासन प्रणालीको अभाव छ। प्लास्टिक, बोतल, पुराना कपडा, सिसाजस्ता अविघटनशील फोहरहरू सडक, खोल्सो र सार्वजनिक स्थलहरूमा फ्याँकिएको पाइन्छ। स्वास्थ्य संस्था तथा विद्यालयबाट निस्कने फोहरको सुरक्षित व्यवस्थापन नहुनु वातावरणीय प्रदूषण र स्वास्थ्य जोखिमको स्रोत बन्ने खतरा बढेको छ। वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनबीच समन्वय नहुनु, बालबालिकालाई व्यवहारिक शिक्षा नपुगेको र जनस्तरमा चेतना अभाव हुनु मुख्य समस्या हुन्।

फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणलाई एकीकृत रूपमा अघि बढाउन दीर्घकालीन योजना, प्राविधिक संरचना र जनसहभागिता अभाव चुनौती छ। दुर्गम भौगोलिक अवस्था, स्रोत तथा जनशक्तिको सीमितता, र वातावरणमैत्री प्रविधिको पहुँच नहुनु व्यवस्थापन कठिनाईको कारण हो । फोहर वर्गीकरण, पुनःप्रयोग र निष्कासनमा स्थानीय तहको स्पष्ट कार्यविधि नहुनु, स्वास्थ्यजन्य फोहरको सुरक्षित व्यवस्थापन प्रणालीको अभाव, र शैक्षिक संस्थाहरूमा व्यवहारिक सिकाइको कमीले चुनौती थपिएको छ । दिगो वातावरणीय सुधार र सार्वजनिक स्वास्थ्य सुरक्षा सँग फोहरमैला व्यवस्थापनलाई जोड्न नसक्नु दीर्घकालीन समस्या बन्ने जोखिम छ।

### ३. सोच

स्वच्छ, स्वस्थ र वातावरणमैत्री गाउँपालिका निर्माण गर्न फोहरमैला व्यवस्थापनलाई वातावरण संरक्षणसँग एकीकृत गर्दै दिगो व्यवस्थापन प्रणाली विकास गर्ने।

### ४. उद्देश्य

(क) जैविक तथा अजैविक फोहरको वर्गीकरण, संकलन, पुनःप्रयोग तथा सुरक्षित निष्कासन प्रणाली विकास गर्नु।

(ख) सामुदायिक सहभागिता, व्यवहारिक शिक्षा र प्रविधिको प्रयोगमार्फत वातावरणीय सचेतना र स्वच्छता अभ्यास सुदृढ गर्नु।

### ५. रणनीति

- फोहरमैला व्यवस्थापन संरचना विकास गर्ने
- वातावरणीय शिक्षा र सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने
- वातावरणमैत्री नीति र प्रविधिको प्रयोग गर्ने

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती/टोल | संख्या | ६ | ८ | १० | २० | ५० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | १२०० | १२०० | १३०० | १४०० | १५०० |
| फोहरमैला व्यवस्थापन कार्यविधि बनाइ कार्यान्वयन गर्ने विद्यालय | प्रतिशत | ५ | ७ | १५ | ५० | ७५ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ५०० | ३५० | १५० | ० | १४० | ३३० | ३० | ० |
| २०८३/०८४ | ५३५ | ३७५ | १६१ | ० | १५० | ३५३ | ३२ | ० |
| २०८४/०८५ | ५६२ | ३९३ | १६९ | ० | १५७ | ३७१ | ३४ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ६३ | वातावरण संरक्षण र सरसफाइ व्यवस्थापन | वातावरण संरक्षणमा गुणस्तरीय कार्य गर्नु | सालबसाली | १५९७ | समुदायमा वातावरण संरक्षण भएको हुने |

### ९. जोखिम तथा अनुमान

फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणका लागि आवश्यक न्यूनतम पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, र विद्यालयस्तरीय सिकाइ कार्यक्रम सञ्चालन गर्न स्थानीय स्रोत, प्रदेश तथा संघीय सरकारको सहकार्यबाट बजेट र प्रविधि जुट्न सक्ने अनुमान गरिएको छ। तर, फोहर व्यवस्थापनमा जनसहभागिता अभाव, व्यवहारिक सीपको कमी, तथा वर्गीकरण र पुनःप्रयोगप्रति नागरिक उदासीनता रहेमा कार्यक्रम प्रभावहीन बन्ने जोखिम रहन्छ। वातावरणमैत्री प्रविधि नहुँदा प्लास्टिकजस्ता फोहर दीर्घकालीन प्रदूषणको स्रोत बन्न सक्छन्। दीगो व्यवस्थापनका लागि सामुदायिक स्वामित्व, सूचना प्रवाह, अनुगमन तथा स्थानीय नेतृत्वको सक्रियता अपरिहार्य हुनेछ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### १. पृष्ठभूमि

बाजुरा जिल्ला विपद् जोखिमको दृष्टिले उच्च जोखिमयुक्त जिल्लामा पर्दछ जसमा गौमुल गाउँपालिका पनि बाढी, पहिरो र हिमाली असरका दृष्टिले अत्यन्त संवेदनशील क्षेत्रमा पर्छ। प्रत्येक वर्ष बाढी, पहिरो लगायतका विपद् घटना घट्दै आएका छन् जसले जनधन र पूर्वाधारमा क्षति पुऱ्याउने गरेको छ। जलवायु परिवर्तनका प्रभावका कारण असामान्य वर्षा, खडेरी, मौसम चरम घटना बढ्न थालेका छन्। गाउँपालिकाले जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन योजना निर्माण, जोखिम नक्शांकन, प्राथमिक उपचार तालिम,

सुरक्षित स्थल पहिचान र विपद् पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विपद् चेतनामूलक कार्यक्रम सञ्चालन, प्रारम्भिक उद्धार सामग्री सञ्चय तथा वडास्तरमा विपद् व्यवस्थापन समिति गठनजस्ता महत्वपूर्ण प्रयास गरिएका छन्। आगामी वर्षहरूमा दीर्घकालीन विपद् न्यूनीकरण, जलवायु उत्थानशीलता र सामुदायिक सुदृढीकरणमा जोड दिइनेछ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता कार्यक्रम सञ्चालन भए पनि स्रोत र साधनको सीमितता, भौगोलिक विकटता तथा पूर्वाधार अभाव समस्याका रूपमा विद्यमान छन्। विपद् जोखिम नक्शांकन र पूर्वतयारी कार्यक्रम अपूर्ण छन् भने वडास्तरमा विपद् व्यवस्थापन समिति सक्रिय बनाउन कठिनाइ देखिएको छ। बाढी, पहिरो र जलवायुजन्य जोखिमहरू उच्च रहेकाले समुदायमा चेतना तथा सुरक्षात्मक उपायको अभाव स्पष्ट देखिन्छ। प्रारम्भिक उद्धार सामग्रीको अभाव, सूचना प्रवाहमा कमजोरी र जोखिम न्यूनीकरणका प्रयासमा समन्वय अभाव मुख्य समस्या हुन्।

विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता कायम गर्न दीर्घकालीन योजना, स्रोत परिचालन र सामुदायिक सुदृढीकरण मुख्य चुनौती हुन्। जोखिम पूर्वानुमान, पूर्वतयारी र आपत्कालीन उद्धार क्षमताको अभाव, विपद् व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयनमा कठिनाइ, तथा प्राकृतिक विपत्तिको अनिश्चित र बदलिँदो स्वरूपले चुनौती थपिएको छ। जलवायु परिवर्तनका दीर्घकालीन असरहरू, जस्तै असमय वर्षा, खडेरी तथा जमिन क्षय, प्रभावकारी ढङ्गले सम्बोधन गर्नुपर्ने आवश्यकता छ। विपद् व्यवस्थापन र जलवायु अनुकूलन कार्यहरूमा समन्वय, जनसहभागिता र प्रविधिको प्रयोगमा कमजोरी चुनौतीका रूपमा रहेका छन्।

**३. सोच**

विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता अभिवृद्धि र सुरक्षित, दिगो तथा सहनशील समुदाय निर्माण गर्ने

**४. उद्देश्य**

(क) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन क्षमता सुदृढ गर्नु।
(ख) जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय उत्थानशीलता प्रवर्द्धन गर्दै दीर्घकालीन विकास सुरक्षित गर्नु।

**५. रणनीति**

रणनीति १: विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन सुदृढ गर्ने

रणनीति २: जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय उत्थानशीलता प्रवर्द्धन गर्ने

रणनीति ३: सामुदायिक सहभागिता र समन्वयमा आधारित विपद् व्यवस्थापन प्रवर्द्धन गर्ने

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| विपदबाट वार्षिक रूपमा हुने मानवीय क्षति | संख्या | | | | | |
| वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विपदबाट हुने वार्षिक क्षति | रू. हजारमा | | | | | |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | | | | | |
| विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलन कार्यक्रम वार्षिक बजेटको अंश | प्रतिशत | | | | | |
| विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलनसँग सम्बन्धित आयोजना र कार्य | संख्या | | | | | |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १५०० | १०५० | ४५० | ० | ४२० | ९९० | ९० | ० |
| २०८३/०८४ | १६०५ | ११२४ | ४८२ | ० | ४४९ | १०५९ | ९६ | ० |
| २०८४/०८५ | १६८५ | ११८० | ५०६ | ० | ४७२ | १११२ | १०१ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ६६ | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका कार्यक्रम सञ्चालन | समुदायमा विपद् व्यवस्थापन र जलवायु परिवर्तनमा समुदायको भूमिका वृद्धि गर्नु | सालबसाली | ४७९० | विपद् व्यवस्थापन र जलवायु परिवर्तनमा समुदायको सक्रिय सहभागिता वृद्धि हुने |

**९. जोखिम तथा अनुमान**

विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय तहको सहकार्यमा आवश्यक स्रोत, प्रविधि तथा प्राविधिक सहयोग उपलब्ध हुने अनुमान गरिएको छ। जोखिम नक्शांकन, चेतनामूलक कार्यक्रम, सुरक्षित स्थल व्यवस्थापन तथा आपतकालीन उद्धार क्षमता विकास कार्यलाई सुदृढ गर्न सकिनेछ। तर, प्राकृतिक विपद्को अनिश्चितता, जलवायु परिवर्तनको चरम असर, स्रोत अभाव, तथा स्थानीयस्तरमा चेतना र सहभागिता कमीजस्ता जोखिमहरू रहन सक्छन्। यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना, वैज्ञानिक अध्ययन, सामुदायिक सशक्तीकरण र पूर्वतयारी संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता हुनेछ।

# परिच्छेद–७ संस्थागत विकास तथा सुशासन

## ७.१ नीति, कानून न्याय तथा सुशासन

### १. पृष्ठभूमि

गौमुल गाउँपालिकामा लोकतान्त्रिक अभ्यास, विधिको शासन, उत्तरदायित्व र पारदर्शितामार्फत सेवा प्रवाह सुदृढ गर्ने प्रयास भइरहेको छ। संविधानले प्रत्याभूत गरेको स्थानीय सरकारको अधिकार प्रयोग गर्न प्रभावकारी नीति, कानून र कार्यविधिहरू आवश्यक छन्। यद्यपि प्राविधिक स्रोत, जनशक्ति र कानूनी जानकारीको सीमितताले नीति निर्माण, कार्यान्वयन र सेवा प्रवाहमा चुनौतीहरू छन्। स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्न नागरिक सहभागिता, पारदर्शिता, जवाफदेहिता, तथा सेवामा पहुँच र गुणस्तर सुधार आवश्यक देखिन्छ। त्यसका लागि संस्थागत संयन्त्र र क्षमता विकास अपरिहार्य बनेको छ ।

### २. समस्या तथा चुनौती

गौमुल गाउँपालिकामा नीति निर्माण, कानूनी कार्यान्वयन र सुशासन प्रवर्द्धनमा विभिन्न समस्या तथा चुनौतीहरू देखिएका छन्। स्थानीय स्तरमा कानून, कार्यविधि तथा नीतिगत दस्तावेजहरूको अभाव वा अद्यावधिक नहुनुले कार्यक्रम कार्यान्वयनमा अन्योलता ल्याउने गरेको छ। जनप्रतिनिधि र कर्मचारीहरूमा कानूनी ज्ञान तथा प्रक्रियागत दक्षताको कमीले निर्णयमा पारदर्शिता र जवाफदेहितामा कमजोरी देखिन्छ। सेवा प्रवाहमा ढिलाइ, सूचना प्रवाहको अभाव, गुनासो व्यवस्थापन प्रणालीको कमजोरी, तथा नागरिक सहभागिता न्यून हुँदा सुशासनमा चुनौती थपिएको छ। यस्तै, आन्तरिक अनुगमन र मूल्यांकन प्रणाली कमजोर भएको, तथा नीतिगत निर्णयहरूमा साक्ष्य आधारित प्रक्रिया न्यून भएको पाइएको छ। यी सबै समस्याले नीति, कानून र न्यायको प्रभावकारिता कमजोर पार्ने खतरा बढाएको छ ।

### ३. सोच

गौमुल गाउँपालिकामा नीति, कानून र न्याय प्रणालीलाई सक्षम, पारदर्शी र जवाफदेही बनाउँदै समावेशी सुशासन स्थापित गर्ने

### ४. उद्देश्य

- स्थानीय सरकारको अधिकार प्रयोग गर्न आवश्यक नीति, कानून र कार्यविधिको निर्माण तथा कार्यान्वयन सुनिश्चित गर्नु।
- सेवा प्रवाह पारदर्शी, प्रभावकारी र उत्तरदायी बनाउँदै नागरिकको विश्वास बढाउनु।
- जनप्रतिनिधि र कर्मचारीमा कानूनी ज्ञान, प्रक्रियागत क्षमता र सुशासनप्रतिको प्रतिबद्धता अभिवृद्धि गर्नु।
- नागरिक सहभागिता, पहुँच र गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
- आन्तरिक अनुगमन, मूल्यांकन र साक्ष्य–आधारित निर्णय प्रणालीलाई संस्थागत गर्नु।

### ५. रणनीति

- स्थानीय तहको अधिकार प्रयोग गर्न आवश्यक नीति, कानून, कार्यविधि र निर्देशिका निर्माण तथा अद्यावधिक गर्ने।
- जनप्रतिनिधि, कर्मचारी तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र समयमै सेवा सुनिश्चित गर्न सेवा प्रत्याभूति प्रणाली लागू गर्ने।
- नागरिक सहभागिता, परामर्श र सामाजिक उत्तरदायित्व अभिवृद्धिका लागि खुला संवाद र सार्वजनिक सुनुवाइ प्रणाली सुदृढ गर्ने।
- गुनासो व्यवस्थापन, सूचना पहुँच र डिजिटल सेवा प्रणालीलाई प्रभावकारी बनाउने।
- आन्तरिक अनुगमन, मूल्यांकन र नीतिगत निर्णयमा साक्ष्य–आधारित अभ्यासलाई प्रवर्द्धन गर्ने।

### ६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को | चालु आ.व. २०८१/०८२ को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ३० | ४५ | ५० | ५५ | ५५ |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | ७७ | ७७ | ९० | ९० | ९० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ५ | ७ | १० | १५ | १५ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३०७० | २१४९ | ९२१ | ० | ८६० | २०२६ | १८४ | ० |
| २०८३/०८४ | ३२८५ | २२९९ | ९८५ | ० | ९२० | २१६८ | १९७ | ० |
| २०८४/०८५ | ३४४९ | २४१४ | १०३५ | ० | ९६६ | २२७६ | २०७ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ६९ | आवश्यक नीति तथा कानुन निर्माण तथा प्रकाशन | आवश्यक नीति नियमहरु तयार/अद्यावधिक गरि प्रकाशन गर्नु | सालबसाली | ९८०४ | नीति नियम सेवाग्राहीले समेत अध्ययन गर्ने वातावरण बन्ने छ |

### ९. जोखिम तथा अनुमान

गौमुल गाउँपालिकामा नीति र कानून कार्यान्वयनमा कमजोर संस्थागत क्षमता, प्राविधिक जनशक्ति अभाव, पारदर्शिताको कमी, तथा नागरिक सहभागिताको न्यूनताले सुशासनमा चुनौती पैदा गर्दछ। गुनासो व्यवस्थापन र अनुगमन प्रणाली कमजोर हुँदा निर्णय प्रक्रियामा अविश्वास र उत्तरदायित्वहीनता बढ्ने जोखिम रहन्छ।

## ७.२ संगठनात्मक तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### १. पृष्ठभूमि

गौमुल गाउँपालिकामा संविधानले प्रत्यायोजन गरेका सेवा, सुविधा र अधिकारको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना, जनशक्ति व्यवस्थापन र क्षमता विकास अत्यावश्यक रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनअनुसार कार्यपालिका, शाखा तथा वडा कार्यालयहरूको संरचना तय भए पनि आवश्यक संख्या तथा योग्यता पुगेको जनशक्ति अभाव, प्राविधिक दक्षताको कमी, र सेवा प्रवाहमा एकरूपता नहुनु प्रमुख चुनौती बनेको छ । हाल रहेका कर्मचारीहरूमा पदपूर्ति अस्थायित्व, तालिम तथा प्रोत्साहनको कमी, र सेवामा प्रेरणा अभाव देखिएको छ। सेवाप्रवाह नागरिकमैत्री, जवाफदेही र डिजिटल प्रणालीमा आधारित हुनुपर्नेमा त्यो स्तरसम्म पुग्न अझै धेरै काम गर्न बाँकी छ । यस सन्दर्भमा संगठनात्मक पुनर्संरचना, जनशक्ति व्यवस्थापनको सुधार, नियमित क्षमता

अभिवृद्धि तथा सेवा प्रवाहमा नवप्रवर्तन (innovation) अपनाउँदै समावेशी, छरितो र उत्तरदायी स्थानीय शासन व्यवस्था निर्माण गर्नु अत्यावश्यक देखिन्छ।

**२. समस्या तथा चुनौती**

गाउँपालिकामा संगठनात्मक संरचना भए पनि पर्याप्त जनशक्ति अभाव, कार्यक्षमता कमी, र प्राविधिक दक्षता नहुनु प्रमुख समस्याहरू हुन्। पदपूर्ति ढिलो, अस्थायी/करारमा भर पर्नु, र कर्मचारीहरूको उच्च स्थानान्तरण दरले सेवा प्रवाहमा निरन्तरता र गुणस्तरमा असर पुऱ्याइरहेको छ। प्राविधिक, प्रशासनिक तथा वित्तीय शाखामा आवश्यकता अनुसार योग्य जनशक्ति नहुँदा योजना कार्यान्वयन, निगरानी र लेखाप्रणालीमा कठिनाइ भइरहेको छ। सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोग कमजोर, नागरिकमैत्री व्यवहारको कमी, तथा सेवाको समयबद्धता र पारदर्शिता सुनिश्चित गर्न नसकिएको अवस्था छ। त्यस्तै, नियमित तालिम, मूल्यांकन तथा प्रेरणा प्रणालीको अभावले कर्मचारीमा जिम्मेवारीबोध र कार्यप्रति लगाव घटाउने चुनौती विद्यमान छ। यी समस्याहरूले सेवा प्रवाहको विश्वसनीयता, प्रभावकारिता र नागरिक सन्तुष्टिमा नकारात्मक असर पारिरहेका छन्।

**३. सोच**

सक्षम संस्था, दक्ष जनशक्ति र प्रभावकारी सेवा प्रवाहमार्फत उत्तरदायी र नागरिकमैत्री स्थानीय शासन निर्माण गर्ने

**४. उद्देश्य**

- स्थानीय सरकारका संरचनालाई कार्यक्षम, स्पष्ट जिम्मेवारीसहितको र परिणाममुखी बनाउनु।
- आवश्यक र योग्य जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहमा स्थायित्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु।
- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी छरितो, गुणस्तरीय र नागरिकमैत्री सेवा प्रवाह प्रणाली विकास गर्नु।

**५. रणनीति**

- कार्य क्षेत्रको आवश्यकताअनुसार संरचना पुनरावलोकन गर्दै स्पष्ट जिम्मेवारीसहितको संगठनात्मक प्रणाली विकास गर्ने।
- योग्य, अनुभवी र स्थायी जनशक्ति व्यवस्थापनका लागि दरबन्दी मिलान, पदपूर्ति र प्रोत्साहन प्रणाली सुदृढ गर्ने।
- सेवा प्रदायकहरूको दक्षता अभिवृद्धिका लागि नियमित तालिम, मूल्यांकन र सूचना प्रविधिमा आधारित सेवा प्रणाली विस्तार गर्ने।

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पालिकामा कार्यरत मानव संशाधन | संख्या | ११३ | ११३ | ११५ | १२० | १२५ |
| पालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १३ | १३ | १५ | १५ | २० |
| नियमित आम्दानी र खर्च सार्वजनिक गर्ने वडा/कार्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| संस्थागत स्वमूल्याङकनको प्राप्तांक प्रतिशत | प्रतिशत | | | | | |
| अनलाईन/सूचना प्रविधि प्रणालीबाट प्रवाहित सेवा | विषय | | | | | |

**७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १६५००० | ११५५०० | ४९५०० | ० | ४६२०० | १०८९०० | ९९०० | ० |
| २०८३/०८४ | १७६५५० | १२३५८५ | ५२९६५ | ० | ४९४३४ | ११६५२३ | १०५९३ | ० |
| २०८४/०८५ | १८५३७७ | १२९७६४ | ५५६१३ | ० | ५१९०६ | १२२३४९ | १११२३ | ० |

**८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ७२ | जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहमा गुणस्तरता सम्बन्धि कार्यक्रम | जनशक्तिको व्यवस्थापन तथा सेवा चुस्तदुरुस्त बनाउनु | सालबसाली | ५२६९२८ | प्रशासनिक सेवाबाट सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त गर्ने छन |

**९. जोखिम तथा अनुमान**

जनशक्ति अभाव, उच्च स्थानान्तरण दर, र संस्थागत स्थायित्वको कमीले सेवा प्रवाहमा निरन्तरता र गुणस्तरमा जोखिम रहन्छ। सूचना प्रविधिको कमजोर उपयोग, तालिमको अभाव र सीमित स्रोतका कारण संगठनात्मक सुधारको प्रयास कमजोर बन्न सक्ने अनुमान छ, जसले नागरिक सन्तुष्टिमा असर पार्न सक्छ ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

**१. पृष्ठभूमि**

गाउँपालिकाको आर्थिक आत्मनिर्भरताको आधारस्थम्भ स्थानीय राजस्व र उपलब्ध स्रोतहरूको प्रभावकारी परिचालनमा निर्भर गर्दछ। संविधानले स्थानीय तहलाई आफ्नै आयस्रोत संकलन गर्न, कर निर्धारण गर्न र स्रोत परिचालन गर्ने अधिकार दिएको छ। गाउँपालिकाले मालपोत, सेवा शुल्क, घरजग्गा कर, व्यवसाय कर, जंगल तथा प्राकृतिक स्रोत उपयोग शुल्क लगायतका स्रोतबाट राजस्व संकलन गर्दै आएको छ। यद्यपि, स्रोत परिचालन क्षमता न्यून, कर प्रणालीमा जनचेतनाको कमी, असुली प्रक्रियामा पारदर्शिता र एकरूपताको अभाव, र पर्याप्त तथ्यांक अभावले राजस्व संकलनमा चुनौती रहेको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान बाहेक आन्तरिक आयको हिस्सा अझै न्यून छ। समावेशी विकासका लागि गाउँपालिकाले उपलब्ध स्रोतको अधिकतम परिचालन, कर प्रणालीमा सुधार, राजस्व प्रवाहमा विविधिकरण, र आयआर्जनका वैकल्पिक स्रोत पहिचान गरी आर्थिक क्षमता अभिवृद्धिको प्रयास गर्नु आवश्यक देखिन्छ ।

**२. समस्या तथा चुनौती**

राजस्व संकलन र स्रोत परिचालनमा विभिन्न समस्या तथा चुनौतीहरू देखिएका छन्। आन्तरिक आयका स्रोतहरू सीमित हुनुका साथै उपलब्ध स्रोतहरूको अधिकतम उपयोग हुन नसक्नु प्रमुख समस्या हो। कर प्रणालीबारे जनचेतना कमी, स्वेच्छिक कर तिर्ने प्रवृत्ति

कमजोर, र कर संकलन तथा असुली प्रक्रियामा पारदर्शिता र प्रभावकारिता अभावले राजस्व वृद्धि गर्न कठिन भइरहेको छ। यस्तै, मालपोत, व्यवसाय, सेवा शुल्क तथा प्राकृतिक स्रोतसम्बन्धी विवरण अभाव, अद्यावधिक तथ्यांकको कमी, र आन्तरिक अनुगमन प्रणाली कमजोर हुनु पनि चुनौतीका रूपमा रहेको छ। संघ तथा प्रदेश सरकारप्रति उच्च निर्भरता, आयआर्जनका वैकल्पिक स्रोत पहिचान नहुनु, र कर निर्धारण तथा करदर व्यवस्थापनमा एकरूपता नहुनुका कारण आर्थिक आत्मनिर्भरता हासिल गर्न कठिनाइ भइरहेको छ।

**३. सोच**

आन्तरिक स्रोतको अधिकतम उपयोग, पारदर्शी कर प्रणाली र वैकल्पिक आय स्रोत विकासमार्फत आर्थिक आत्मनिर्भरता हासिल गर्ने

**४. उद्देश्य**

- स्थानीय तहको आन्तरिक राजस्व स्रोत परिचालन गरी आर्थिक आत्मनिर्भरता प्राप्त गर्नु।
- पारदर्शी, प्रभावकारी र जनउत्तरदायी कर प्रणाली विकास गर्नु।
- वैकल्पिक आय स्रोतको पहिचान, विकास र विविधिकरणमार्फत स्रोत परिचालनको दायरा विस्तार गर्नु।

**५. रणनीति**

- विद्यमान आन्तरिक स्रोतहरूको पहिचान, वर्गीकरण र अद्यावधिक गर्दै प्रभावकारी रूपमा परिचालन गर्ने।
- कर संकलन प्रणालीलाई डिजिटल, पारदर्शी र जनमैत्री बनाउँदै करदातामा जागरूकता अभिवृद्धि गर्ने।
- वैकल्पिक आय स्रोत (पर्यटन, वन पैदावार, सेवा शुल्क, सहकारी साझेदारी) को सम्भाव्यता अध्ययन गरी आय प्रवाह विविधिकरण गर्ने।

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजारमा | | | | | |
| वार्षिक आन्तरिक आय रकम | रु. हजारमा | | | | | |
| कुल बार्षिक बजेट | रु. हजारमा | | | | | |
| बेरुजु रकम | रु. हजारमा | | | | | |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ५०० | ३५० | १५० | ० | १४० | ३३० | ३० | ० |
| २०८३/०८४ | ५३५ | ३७५ | १६१ | ० | १५० | ३५३ | ३२ | ० |
| २०८४/०८५ | ५६२ | ३९३ | १६९ | ० | १५७ | ३७१ | ३४ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ७५ | राजस्व सुधारका कार्यक्रम सञ्चालन | आन्तरिक राजस्व सङ्कलनमा कार्य गर्नु | सालबसाली | १५९७ | आन्तरिक आय वृद्धि भएको हुनेछ |

### ९. जोखिम तथा अनुमान

राजस्व तथा स्रोत परिचालनमा करदाताको असहयोग, जनचेतनाको कमी, पारदर्शिता अभाव, स्रोतको सीमितता, र संघ तथा प्रदेश सरकारप्रति उच्च निर्भरता जस्ता जोखिमहरू छन्, जसले आर्थिक आत्मनिर्भरता र दीगो स्रोत परिचालन प्रणाली विकासमा चुनौती सिर्जना गर्ने सम्भावना रहन्छ ।

## ७.४ तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन

### १. पृष्ठभूमि

समावेशी, साक्ष्य–आधारित र परिणाममुखी योजना तथा विकास व्यवस्थापन सुनिश्चित गर्नका लागि सुदृढ तथ्याङ्क प्रणाली आवश्यक छ। योजना तर्जुमा, प्राथमिकता निर्धारण, स्रोत विनियोजन र विकासको प्रभाव मूल्याङ्कनका लागि भरपर्दो र अद्यावधिक तथ्याङ्क अपरिहार्य भए पनि हालसम्म तथ्याङ्क संकलन, वर्गीकरण र प्रयोगको एकीकृत प्रणाली नहुँदा नीति तथा कार्यक्रमहरू प्रभावकारी बन्न सकेका छैनन्। वडास्तरदेखि केन्द्रसम्म यथार्थपरक, नियमित र डिजिटल तथ्याङ्क अभिलेखन प्रणालीको अभावले योजना निर्माण प्रक्रिया अनुमानमा आधारित हुने गरेको छ। यस्तै, स्थानीय योजना, परियोजना छनोट, निगरानी तथा मूल्याङ्कन प्रक्रियामा समेत प्रमाण र तथ्यको प्रयोग कमजोर देखिन्छ । यस्ता चुनौतीबीच स्थानीय तहमा Management Information System(MIS), Geographic Information System (GIS), Education Management Information System (EMIS), Line Ministry Budget Information System (LMBIS) जस्ता प्रणालीको प्रयोग र प्राविधिक जनशक्ति विकास गर्दै योजनालाई तथ्यमा आधारित, उत्तरदायी र परिणाममुखी बनाउने प्रयत्न आवश्यक छ ।

### २. समस्या तथा चुनौती

तथ्याङ्क प्रणाली तथा योजना व्यवस्थापनमा विभिन्न समस्या र चुनौतीहरू छन् । अद्यावधिक, विश्वसनीय र व्यवस्थित तथ्याङ्क अभावले योजना निर्माण, स्रोत विनियोजन र प्राथमिकता निर्धारणमा कठिनाइ पुऱ्याइरहेको छ । वडास्तरमा तथ्याङ्क संकलन र

अभिलेखन प्रणाली एकरूप छैन, जसले समग्र गाउँपालिकाको निर्णय प्रक्रिया प्रभावकारी बन्न सक्दैन । MIS, GIS, EMIS, LMBIS जस्ता डिजिटल प्रणालीहरूको प्रयोग सीमित छ, र प्रयोगकर्तामा प्राविधिक दक्षता अभाव छ । योजना तर्जुमा र विकास परियोजना छनोटमा नागरिक सहभागिता र साक्ष्य–आधारित विश्लेषण न्यून छ । निगरानी, मूल्याङ्कन तथा परिणामको दस्तावेजीकरण कमजोर भएकोले योजनाको प्रभावकारिता मापन गर्न कठिन हुने गरेको छ । यी समस्याहरूले पारदर्शी, वैज्ञानिक र परिणाममुखी विकास प्रणाली निर्माणमा चुनौती खडा गरेका छन् ।

**३. सोच**

सुदृढ, एकीकृत र डिजिटल तथ्याङ्क प्रणालीको विकासमार्फत साक्ष्य–आधारित, सहभागी र परिणाममुखी योजना तथा विकास व्यवस्थापन सुनिश्चित गर्ने

**४. उद्देश्य**

- अद्यावधिक, विश्वसनीय र एकीकृत तथ्याङ्क प्रणाली स्थापना गरी योजना निर्माणलाई साक्ष्य–आधारित बनाउनु
- MIS, GIS, EMIS, LMBIS जस्ता सूचना प्रणालीको प्रभावकारी प्रयोगमार्फत योजना, बजेट र परियोजना व्यवस्थापन सुधार गर्नु
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सहभागी, पारदर्शी र परिणाममुखी अभ्यास विकास गर्नु

**५. रणनीति**

- वडास्तरदेखि गाउँपालिका तहसम्म नियमित, व्यवस्थित र डिजिटल तथ्याङ्क संकलन तथा अभिलेखन प्रणाली स्थापना गर्नु
- MIS, GIS, EMIS, LMBIS लगायत सूचना प्रणालीहरूको प्रयोग विस्तार गर्दै प्राविधिक जनशक्ति तथा प्रयोगकर्ता क्षमता विकास गर्नु
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा नागरिक सहभागिता, साक्ष्य–आधारित निर्णय र पारदर्शिता सुनिश्चित गर्ने प्रणाली विकास गर्नु

**६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | गत आ.व. २०८०/०८१ को वास्तविक उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | १ | २ | ५ | ५ | १० |
| साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ५ | ७ | ८ | ८ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ५० | ६० | ७५ | ७५ | ९० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७५ | ८० | ९० | ९० | ९५ |

### ७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ४१७२ | २९२० | १२५२ | ० | ११६८ | २७५४ | २५० | ० |
| २०८३/०८४ | २५१५ | १७६१ | ७५५ | ० | ७०४ | १६६० | १५१ | ० |
| २०८४/०८५ | ११०९ | ७७६ | ३३३ | ० | ३११ | ७३२ | ६७ | ० |

### ८. कार्यक्रम/आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ७७ | तथ्याङ्क तथा योजना व्यवस्थापनका कार्यहरु सञ्चालन | तथ्याङ्क व्यवस्थापन मार्फत डिजिटल पालिकाको रुपमा विस्तार गर्नु | सालबसाली | ७७९६ | सुशासनका लागि डिजिटल पालिकाको रुपमा विस्तार हुनेछ |

### ९. जोखिम तथा अनुमान

गाउँपालिकामा तथ्याङ्क प्रणाली तथा योजना व्यवस्थापनमा अद्यावधिक र विश्वसनीय तथ्याङ्क अभाव, प्राविधिक जनशक्तिको कमी, डिजिटल प्रणाली प्रयोगमा सीमितता, तथा नागरिक सहभागिता न्यून हुँदा योजना तथा निर्णय प्रक्रिया अनुमानमा आधारित हुने जोखिम रहन्छ, जसले स्रोतको दुरुपयोग र अपेक्षित विकास परिणाम हासिल नहुने सम्भावना बढाउँछ।